भदौ ८, २०६३

# समय

राष्ट्रिय साप्ताहिक





तीजको रौनक

# माओवादी पछार्ने एमाले तयारी

- बेपत्ताप्रति बेवास्ता
- कांग्रेस एक हुने नै भयो !

मूल्य रु. २५




तेजबहादुर बस्नेत

बैठकपछि माओवादीको विरोधमा हात मिलाउँदै एमाले नेताहरू

समय
राष्ट्रिय साप्ताहिक

वर्ष ३, अंक १२०, भदौं २–८, २०६३

**आवरण :** आफ्नो परम्परागत भोट बैंक माओवादीले खोस्ने खतरा देखेपछि एमालेका नेताहरूले आफूलाई सच्चा कम्युनिष्ट सावित गर्न मार्क्स, एंगेल्स, लेनिन र माओ मन्त्रहरूको पाठ फेरि सुरु गरेका छन् । २७




आवरण : एमाले महासचिव माधवकुमार नेपाल, *(पृष्ठभूमिमा माओ त्से तुङ)*

## विशेष रिपोर्ट

सरकार र माओवादी दुवैले जनयुद्धका क्रममा दुवैले बेपत्ता पारेका निरस्त्र नागरिकको अवस्थाबारे कुनै जानकारीसमेत नदिएर मानवअधिकारप्रति उनीहरूको प्रतिबद्धता कोरा आदर्श मात्र भएको देखाएका छन् । ३०

## व्यक्तित्व

करिब २५ वर्षको अवधिमा उनी नेपालको सबैभन्दा ठूलो ट्रेकिङ र एयरलाइन्स कम्पनीका मालिक बन्ने र मुलुकको पर्यटन उद्योगको भविष्य कोर्न सक्ने ज्ञाताका रूपमा दरिएका छन्, सोनाम शेर्पा । १६

## रिपोर्ट

दलितको कहालीलाग्दो पीडा २०
भगौडाहरुलाई स्वागत गर्ने बाध्यता २१
इलाममा माओवादीको आतंक २३
कांग्रेस एक हुने नै भयो २४
गैंडा जोगाउन जनता आफैं जागे ३९
पेट्रोलियम पदार्थको अराजक बजारमा अन्योल सरकार ४४
सबै धर्म र विचारधाराका नेपालीको सामूहिक चाड ४७



भास्कर ओझा

**रंग:** भाग्यमानी र सशक्त भनेर चिनिने टेलिनायिका सरिता लामिछाने भन्छिन्, 'साँच्ची म भाग्यमानी छु । मप्रतिको यो विश्वास, यो पुँजी र यो माया कहाँ किन्न पाइन्छ ?' ५५

सम्पादकीय ........ ५
प्रारम्भ ........ ७
डाँक ........ ८
दर्शन ........ ९
टिपोट ........ ११
मुलुक ........ १२
साहित्य ........ ५१
अनुहार ........ ५७
शून्य समय ........ ५८

समय

का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**कार्यकारी सम्पादक**
जिवेन्द्र सिम्खडा
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित
**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेलः samay@bhrikuti.com
**प्रमुख वितरक**
काष्ठमण्डप पत्रपत्रिका
झोंछे, न्यूरोड
फोन नं. २०१०८२१


सम्पादकीय

# ढुक्क हुन पाइयोस्


**सरकार र माओवादीले सेना,** हतियार व्यवस्थापन, मानवअधिकार अनुगमनमा सहयोग तथा संविधानसभा निर्वाचनमा पर्यवेक्षणका लागि संयुक्त राष्ट्रसंघलाई निम्त्याएपछि राष्ट्रसंघीय टोलीको आगमन सुनिश्चित भएको छ। सम्भवतः मध्य भदौसम्म आवश्यक बजेट तथा भौतिक पूर्वाधार जुटाउन र उनीहरूको भूमिकाबारे बढी स्पष्ट हुन राष्ट्रसंघीय टोली काठमाडौं आउनेछ।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र माओवादी अध्यक्ष प्रचण्डले एकै व्यहोराको पत्र राष्ट्रसंघ महासचिवलाई पठाएर वार्तालाई तत्काल भाँडिनबाट बचाएका छन्। खासगरी उद्योग वाणिज्य महासंघको कार्यक्रममा आधिकारिक रुपमा माओवादी पक्षले वार्ता भाँडिन लागेको संकेत गरेपछि मुलुकमा उत्पन्न आशंका र भयलाई यो पत्रले राहत दिएको छ, तत्कालका लागि। तर, अर्थहीन शाब्दिक छनोट या वाकपटुताले मात्र मुलुकमा व्याप्त द्वन्द्व समाधान या अन्त्य गर्नमा मद्दत पुऱ्याउँदैन। यो द्वन्द्वका दुवै पक्ष मात्र हैन, त्यसलाई न्यून गर्न या चर्काउन सहायक हुनसक्ने नागरिक समाज, संचार, व्यवसायिक संजाल तथा वार्ता प्रक्रियामा सघाउ पुऱ्याउने जिम्मेवारी पाएका व्यक्ति तथा समूहले बुझ्नु र सकारात्मक आचरण प्रस्तुत गर्न सक्नुपर्छ। वार्ताटोलीहरू गठन भइसकेपछिको अवस्थामा सम्पूर्ण वादविवादका मुद्दाहरू ती टोलीमार्फत नै वार्ताका टेबुलमा पुऱ्याइनुपर्छ। सम्बन्धित पक्षहरूबाट आचारसंहिताको पालना अर्को महत्त्वपूर्ण सर्त हो।



राष्ट्रसंघलाई पठाएको पत्रमा हतियार व्यवस्थापन र सेना व्यवस्थापन निर्धारित 'क्यान्टोनमेन्ट' र 'ब्यारेक'मा राखी शान्ति प्रक्रियालाई अगाडि बढाउने सन्देश दिइए पनि माओवादी छापामारहरूको लडाकु र हतियार अलग गर्ने विषय र समयसीमालाई अमूर्त राखिएको छ। अन्तरिम सरकारको गठनदेखि लिएर संविधानसभा निर्वाचनसम्मको प्रक्रियामा जानका लागि यो विषयमा प्रवेश गर्नै पर्छ। 'पछि यी विषयहरूसँग सरोकार राख्ने विवरण दुई पक्ष र राष्ट्रसंघ मिलेर एउटा टुंगोमा पुग्ने' भनी सहमति व्यक्त गरेकै रातिदेखि संविधानसभाको निर्वाचन नभएसम्म हतियार र लडाकु नछुट्याइने माओवादी अडान र हतियार र लडाकु अलग नभई अन्तरिम सरकारमा माओवादीलाई सामेल नगरिने सरकारी अभिव्यक्तिलाई दुई पक्षको नियत र इमानदारीमा खोटका रूपमा हेर्न सकिनेछ। राष्ट्रसंघले दुई पक्षको नियतमाथि प्रश्न उठाउनुपूर्व खासगरी माओवादी पक्षले जनभावना र प्रजातान्त्रिक मान्यता बुझ्नै पर्छ- हतियारसहितको निजी सेना राखेर जनतासँग 'भोट माग्नु' वा त्यस परिस्थितिमा निष्पक्ष हुन्छ भन्ने तर्क गर्नु प्रजातान्त्रिक अभ्यास प्रतिकूलका आचरण हुन्। हिंसा सदाका लागि त्याग्ने राजनीतिक घोषणा गरेपछि लचिलो र चरणबद्धरूपमा हतियार व्यवस्थापन प्रक्रिया सुरु हुनुपर्छ, राष्ट्रसंघको सुपरीवेक्षणमा। हो, प्रधानमन्त्रीको तहबाट माओवादी नेतृत्व र उनीहरूका लडाकुहरूको सुरक्षाको ग्यारेन्टी लिइनुपर्छ- वार्ताको उचित र विश्वासिलो वातावरण बनाउन। र, माओवादी नेता-कार्यकर्ताको सुरक्षाको ग्यारेन्टीका लागि राष्ट्रसंघको उपस्थिति र शान्ति प्रक्रियामा संलग्नताभन्दा अर्को उत्तम विकल्प हुन सक्तैन।

त्यस्तै माओवादीले आफ्नो व्यवहारबाट र आचारसंहिताको पूर्ण पालनाबाट सरकारभन्दा बढी शान्ति प्रक्रियामा इमानदार भएको प्रमाण पेस गर्न सक्नुपर्छ। त्यसो भएमा हतियार र लडाकु अलग गर्ने प्रक्रियामा केही समय लागे पनि उसको राजनीतिक चरित्र र प्रतिबद्धता प्रजातन्त्रको पक्षमा रहेको अनुभूति अन्तर्राष्ट्रिय जगत्ले गर्नेछ। जगजाहेर विषय हो, अन्तर्राष्ट्रिय मान्यता पनि प्रतिस्पर्धात्मक राजनीतिमा माओवादी प्रवेशका लागि एउटा अनिवार्य सर्त हो। ■




## समय साता

### साउन २५

- बेलायतका दसवटा विमानलाई आकाशमा उडाउने प्रयास असफल, संसारभरका विमानस्थलमा सुरक्षा व्यवस्था कडा।
- निमित्त प्रधान सेनापतिमा बलाधिकृत रथी रुक्मांगद कटवाल नियुक्त।
- नेपालका सडक सुधारका लागि एसियाली विकास बैंकद्वारा ४ अर्ब रुपैयाँ अनुदान घोषणा।

### साउन २६

- प्रधानमन्त्रीद्वारा सचिवहरूलाई दसवर्षे निर्देशन पत्र तयार गर्न निर्देशन।
- कर्मचारीले धमाधम जागिर छोड्न थालेपछि संकटमा नेपाल वायुसेवा निगमलाई जोगाउन नागरिक उड्डयन प्राधिकरणद्वारा जागिर छोड्न ६ महिनाअघि सूचना दिनु पर्ने नियम जारी।

### साउन २७

- लामो समयदेखि काठमाडौंका वित्तीय संस्था लुट्दै आएका राजन लिम्बूलगायतका लुटेराहरू पक्राउ।
- भूमिसुधार मन्त्रालयद्वारा राजपरिवारका नाउँमा मुलुकभरि ४० हजार रोपनी जग्गा भएको खुलासा।

### साउन २८

- सरकारद्वारा जनआन्दोलन-२ का सम्पूर्ण घाइतेको सबै उपचार खर्च व्यहोर्ने घोषणा।
- पाइलटहरूद्वारा नागरिक उड्डयन प्राधिकरणद्वारा जारी नियमप्रति असन्तुष्टि व्यक्त।

### साउन २९

- रामेछापको खिम्ती नजिक यात्रुवाहक बस पहिरोमा पुरिँदा १३ गम्भीर घाइते।
- साग खेलकुदअन्तर्गतको फुटवल खेलमा नेपाल र बंगलादेश १-१ गोल गरी बराबरीमा।

### साउन ३०

- विरोधका क्रममा त्रिविका चार दर्जनभन्दा बढी अस्थायी शिक्षक पक्राउ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा डिएसपी बालकृष्ण थापासहित तीनजनाविरुद्ध मुद्दा दायर।

### साउन ३१

- माओवादी र तराई जनतान्त्रिक मोर्चाका कार्यकर्ताबीच सिरहामा भिडन्त।
- कटवाल कावा प्रधानसेनापति नियुक्त भएकोमा तेइसवटा मानवअधिकार संस्थाद्वारा विरोध।

**घोषणा :** मिस्टर युनिभर्स इन्टरनेसनल, त्रिविका निरज वराल, फिलिपिन्समा सम्पन्न प्रतियोगितामा।



**क्षतिपूर्ति :** कञ्चनपुर जिल्ला अदालतद्वारा करवीरसिंह साहुलाई काठचोरी मुद्दा छानबिनका क्रममा यातना दिएकोमा शुक्लाफाँटा आरक्षका तीन कर्मचारीबाट १ लाख रुपैयाँ क्षतिपूर्ति भराउने आदेश।

**आगमन :** अरलेन स्पेक्टर, अमेरिकी सिनेटर तथा सभापति न्यायिक विधायिका समिति, दुईदिने भ्रमणमा।



**नियुक्त :** डा. गोविन्दप्रसाद पोखरेल, कार्यकारी निर्देशक, वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र।

**गठन :** संस्कृतिविद् सत्यमोहन जोशीको संयोजकत्वमा १४ सदस्यीय राष्ट्रियगान चयन कार्यदल।



**पुरस्कृत :** हेमांगराज अधिकारी, २५ हजार रुपैयाँको गोपाल पाण्डे असीम पुरस्कारबाट।



## ढुंगे जीवनका परिश्रमी हातहरू

बझाङको सदरमुकाम चैनपुर नजिक सेती नदी किनारको खेतमा बाढीले ढुंगा थुपारी दिएपछि तिनलाई हटाउन लागिपरेका युवाहरू ।

■ श्याम भट्ट




## समयलाई शुभकामना

*समय* वर्ष ३, अंक ११९ को अनुहारअन्तर्गत छापिएको ज्यामी माहुरी पढ्दा ज्यादै घत लागेर आयो। नेपालमा रातदिन घोटिएर काम गर्ने मान्छे पछि पर्छन्, कुरौटे, लालची र चाप्लुसी जान्नेहरू सधैं अगाडि रहेका छन्। सही काम गरेर नै अगाडि बढ्न सकिन्छ भन्ने मानसिकता बोकेर आफ्नो काममा लागिरहनेहरू सधैं पछाडि पर्छन्। तर, ढिलै भए पनि एउटा सही काम जनआन्दोलनपछिको सरकारले गरेको पाइयो, रामेश्वर खनाल जस्ता 'ज्यामी माहुरी'लाई सचिव नियुक्त गरेर। *समय*ले यस्ता व्यक्तिहरूलाई उजागर गरोस् मेरो शुभकामना।

■ **वीरेन्द्र लामिछाने**
पब्लिक युथ कलेज, काठमाडौं

## सबै पेज खाली ?

**म *समय*को** नियमित पाठक हुँ। म साइबर चलाएर बस्छु। नेटमा समय त पाइन्छ तर राखिएका जुन पेज खोले पनि 'यो पेज अहिले खाली छ' भनेर आउँदा भने दिक्क लागेर आउँछ। हुनत सबैले यसै समस्यालाई देखाउँदै विदेशबाट समेत लगातार चिठी लेखिरहेका बेला मेरो चिठीले खासै प्राथमिकता नपाउला। तैपनि, *समय*लाई झकझकाउनु एउटा पाठकको कर्तव्य हो भन्ठान्छु। आशा राख्छु, आइन्दा मेरो जस्तो समस्यालाई ठाउँ दिएर समयले चिठी छाप्नु नपरोस्।

■ **विवेक राना,**
सोह्रखुट्टे, काठमाडौं

## एउटै समाचार दुई चोटि ?

*समय* वर्ष ३, अंक ११९ र ११७ मा एउटै प्रकारको 'तार चोरीको बिगबिगी' पढ्दा दिक्क लागेर आयो। पछिल्लो पटक छापिएको समाचार र पहिलो चोटि छापिएको समाचार काटीकुटी एउटै छ। भुलवश उक्त समाचार छापिन गएको हो अथवा कुनै समाचार नभएर *समय*ले उक्त समाचारलाई ठाउँ दिनु परेको हो, केही बुझ्न सकिएन। भुलवश नै भएको भए पनि अबदेखि यस्ता कुरामा *समय*ले ख्याल गरोस्।

■ **राजन थापा,**
विशालबजार, काठमाडौं

## सधैं यस्तै पढ्न पाइयोस्

*समय* वर्ष ३, अंक ११९ को अंक समयमै हात पर्‍यो र साह्रै खुसी पनि लाग्यो। साथै सामग्री पठनीय लाग्यो। सम्पादकीय, शून्यसमय, सचिव नियुक्तिमा भागबन्डा तथा रंगमा रामकृष्ण ढकाल राम्रो र गहकिलो लाग्यो। कथा आमा जानुहोस् कथा मात्रै नभएर आफ्नै जीवनको सत्य तथ्य व्यथा र भोगाइ जस्तो लागेकाले साह्रै राम्रो लागेको छ।

■ **कृष्णगोपाल प्रधान नौला,**
लिवाली टोल, भक्तपुर- २

## स्रष्टाप्रति सम्मान

*समय* राष्ट्रिय साप्ताहिक वर्ष ३ अंक ११९ मा प्रकाशित श्रद्धाञ्जली स्तम्भअन्तर्गत दुई राष्ट्रिय धरोहर गुमाउनु पर्दाको पीडा चित्रित गरिएको छ। धार्मिक सहिष्णुताका धरोहर लोककवि अलि मियाँ मुसलमान परिवारमा जन्मिए पनि राष्ट्रिय सम्मानित बने, नेपाली र नेपालको गौरव विषय बने। उनी मर्दा पनि उनको कृति मर्नेछैन र हामीले सदैव सम्झिरहनेछौं। अहिले धर्मको नाममा अराजकता फैलाउन खोजेको बेलामा उनको विचार आम जनसमुदायसम्म पुऱ्याउनु आवश्यक छ।

त्यसै गरी अर्का साहित्यिक व्यक्तित्व समालोचक घटराज भट्टराईले पनि हामीबाट सदाका लागि बिदा लिए। साहित्यिक व्यक्तित्व भट्टराईको जीवनीबाट हामीले धेरै प्रेरणा लिन सक्छौं। विभिन्न साहित्यिक संघसंस्थामा आबद्ध रहेर र आफ्नै तरिकाबाट पनि नेपालीको निम्ति ठूलो योगदान पुऱ्याएका छन्। हामीले दुवैको जीवनीबाट गतिशीलता र सच्चरित्रता प्रेरणाको रुपमा लिन सक्छौं।

■ **भुमराज तिवारी**
बेल्कोट-७, नुवाकोट


लोककवि अलि मियाँ

## ६ हाइकु

नानीहरूको
नाबालक ओठमा
उज्यालो सूर्य

बाबुहरूको
सजल आँखाभित्र
नीलो समुद्र

पाइतालाको
पृथ्वीतल घुमेको
बलियो गति

रातो ओठमा
कति धेरै खुसी छ
गुराँस जस्तै

आँगनभरि
बुद्धको शुभ आँखा
बगिरहेछ

केटाकेटीको
चञ्चल मनभित्र
अथाह स्नेह

■ **ज्ञान उदास, संखुवासभा**

## एकीकृत नेपाली सेना बनोस्

*समय* वर्ष ३, अंक ११६ अध्ययन गर्ने सुअवसर पाएँ र साह्रै आनन्दित भएँ। नेपालमा हुँदा साप्ताहिक रुपमै अध्ययन गर्थें। तर, विदेशमा रहेर पनि बेला बेलामा *समय*को अध्ययन गर्न पाउँदा खुसी छु।

दाङसिङको पहिरोको रिपोर्ट पढ्दा चाखलाग्दो बन्यो। माओवादी मिलिसिया, नेपाली सेना र प्रहरीको सहकार्य देखेर आनन्द लाग्यो। माओवादी सेना र नेपाली सेनाको एकीकरण गरेर राष्ट्रिय सेना बनाउने भन्ने परिप्रेक्ष्यमा यो उदाहरणीय काम बनेको छ। आशा छ, नेपाली जनताले चाहे जस्तै दुवै सेनाको मेल हुनेछ।

■ **तीर्थमान श्रेष्ठ**
पो.ब.नं. ५७६३६, दुबई,
संयुक्त अरब इमिरेटस्

**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४**

**जनकले आश्चर्य प्रकट गर्दै सोधे, 'ममा समझको के कमी देख्यौ ?', अष्टावक्रले उत्तर दिए, 'तपाईं यी चमारहरू (छाला व्यापारी) सँग सभामा ब्रह्म चर्चा गरिरहनुभएको छ । यिनीहरूले मात्र मेरो छाला र बाह्य रुप देख्न सक्छन् । तर, मेरो आत्मा र चैतन्य यिनीहरूले बोध गर्न सक्दैनन् । आत्म र चैतन्यको स्वरुपमा म अत्यन्त सरल र सहज छु ।**



■ स्वामी आनन्द अरुण

# मलाई मेरो नमस्कार

**एक प्रकारले** भगवत् गीता दोस्रो अध्यायमै पूर्ण हुन्छ । यस अध्यायमै सांख्य, स्वधर्म, निष्काम कर्मयोग, समाधि र समाधिस्थ पुरुषका लक्षणका बारेमा श्रीकृष्णले अर्जुनलाई बताइसकेका छन् । अर्जुन राजा जनक जस्तो प्रतिभाशाली भएका भए त्यही उपदेशहरू सुनी मोह र भयबाट मुक्त भई कुरुक्षेत्रको धर्मयुद्धमा लागिसकेका हुन्थे । अर्जुन एक कुशल योद्धा भए पनि कुशाग्र बुद्धि र मोक्षमार्गका मुमुक्ष चाहिँ देखिँदैनन् । त्यसैकारण श्रीकृष्णले गीतालाई १८ अध्यायसम्म लम्ब्याउनु पर्‍यो । तर, ती सात सय श्लोक सुनी युद्ध गर्न तत्पर भएका अर्जुनले मुक्ति प्राप्त गरेको कुनै प्रमाण भने भेटिँदैन ।

गुरुसँगको छोटो संवाद मात्रले पनि शिष्यमा ज्ञानको पूर्ण उदय भई शिष्य मुक्त भएका दृष्टान्तहरू पनि पाइन्छन् । जापान, चीन र कोरिया जस्ता सुदूरपूर्वका मुलुकहरूमा प्रचलित झेन परम्परामा यस्ता तत्क्षण संबोधि (सडेन इन्लाइटेनमेन्ट) का यथेष्ट उदाहरण पाइन्छन् । हाम्रो नेपालको मिथिला प्रदेशका राजा जनक र १२ वर्षका ब्रह्मर्षि अष्टावक्रका बीच भएको संवाद जसलाई 'अष्टावक्र संहिता' वा 'अष्टावक्र महागीता' भनिन्छ । यसको एक अद्भुत उदाहरण हो ।

अष्टावक्रकी आमा सुजाता ऋषि उद्दालककी छोरी थिइन्, उनका पिता महर्षि कहोड उद्दालकका शिष्य थिए । कथा छ - जन्मैदेखि अष्टावक्रको शरीर आठ ठाउँमा टेढोमेढो थियो ।

एक पटक अष्टवक्र आफ्ना पितालाई खोज्दै जनकको दरवारमा आइपुगे । राजा जनक विद्वान् ब्राह्मणहरूसँग बसी ब्रह्मचर्चामा तल्लीन थिए । कलिला अष्टावक्रको टेढोमेढो शरीर देखेर त्यो सभामा बसेका सबै ब्राह्मणहरू हाँस्न थाले । उनीहरूलाई देखेर अष्टावक्र पनि हाँस्न थाले । यो देखी जनक छक्क परे र सोधे, 'तिमीलाई देखेर यी ब्राह्मणहरू हाँसेको त म बुझ्न सक्छु । तर, तिमी त लज्जित हुनुपर्ने, किन हाँसेको ? यो मैले बुझ्न सकिनँ ।' अष्टावक्रले भने, 'महाराज तपाईंमा समझको कमी देखेर हाँसेको ।' जनकले आश्चर्य प्रकट गर्दै सोधे, 'ममा समझको के कमी देख्यौ ?', अष्टावक्रले उत्तर दिए, 'तपाईं यी चमार (छाला व्यापारी)हरूसँग सभामा ब्रह्म चर्चा गरिरहनुभएको छ । यिनीहरूले मात्र मेरो छाला र बाह्य रुप देख्न सक्छन् । तर, मेरो आत्मा र चैतन्य यिनीहरूले बोध गर्न सक्दैनन् । आत्म र चैतन्यको स्वरुपमा म अत्यन्त सरल र सहज छु । राजन ! के आँगन टेढोमेढो हुँदैमा आकाश बाँगिन्छ ? जलपात्र टेढो हुँदैमा जलको स्वभाव टेढो हुन्छ ? यस्ता मुढहरूबाट तपाईंले के ब्रह्मज्ञान पाउनुहोला ? यही देखेर म हाँसिरहेको छु ।'

राजदरवारमा सबै स्तब्ध भए । यो असभ्य बालकद्वारा राजाको यत्रो अपमान भनी सबै दरवारियाहरू रिसाए । तर, त्यही बालकका यस्ता स्पष्ट र निर्भय वचन सुनी जनकको साधु हृदय द्रवित भयो । उनी तुरुन्तै सिंहासनबाट उठे र अष्टावक्रलाई सम्मानपूर्वक आसनमा विराजमान गराई आफैं शिष्यको रुपमा बालक अष्टावक्रको चरण समाए ।

कुनै दिन यस्तो विनम्र थियो मिथिलाको राजपरम्परा । राजाहरू पनि विनम्रतापूर्वक ज्ञानीको पाउमा बसी आफ्ना जिज्ञासाहरू राख्थे । मिथिलामा नेमीवंशका राजाहरूको उपाधि जनक हुन गयो । जुन जनकको माथि प्रसंग चलेको छ, उनी सीताका पिता बाइसौं जनक राजा शिरध्वज थिए । अधिकांश जनकहरू अन्त्यमा परमज्ञानी, ब्रह्मऋषि र इन्द्रिय बन्धनबाट मुक्त हुन्थे । त्यसैले उनीहरूलाई विदेह पनि भनिन्छ । त्यसैकारण सीताको अर्को नाम वैदेही रहन गयो । त्यसै मिथिलामा याज्ञवल्क्य, गार्गी, लोमश, उद्दालक जस्ता ऋषिहरू भए ।



जानकी मन्दिर, जनकपुर

शिरध्वजपछि यही जनक राजाहरूको परम्परामा एक यस्ता राजा भए, जसले एक पटक कपाल कोर्दा एउटा कपाल सेतो देखेछन् र उनमा तत्क्षण वैराग्यको उदय भयो । उनी युवराजलाई राजपाठ जिम्मा लगाई आफू संन्यासी भई जंगल पसे र नियमै बनाएर गए कि जनक वंशमा अब उप्रान्त राजाको एउटा कपाल फुल्नासाथ युवराजलाई राजकाज सुम्पिई आफैं सन्यासी बन्नु पर्नेछ । सामान्य मनुष्य त आर्यघाटसम्म पनि अर्थीमा होइन कुर्सीमै जान चाहन्छ । तर, युवा पिँढीलाई जिम्मेवारी सुम्पने मिथिला दरवारको यो अद्भुत वैरागी परम्परा बीसौं वंशसम्म चल्यो ।

*बालक अष्टावक्रको चरणमा बसेका जनकले सोधे*

*'कथम् ज्ञानमवाप्नोति कथं मुक्तिर्भविष्यति ।*
*वैराग्यं च कथं प्राप्तमेतद्ब्रूहि मम प्रभो ॥'*

*'हे प्रभु ! ज्ञान कसरी प्राप्त हुन्छ ? म कसरी मुक्ति र वैराग्य प्राप्त गर्नसक्छु ? कृपापूर्वक मलाई बताउनुहोस् ।' जनकको यो विनम्र तर गहन जिज्ञासा देखी अष्टावक्रले उनलाई उपदेश दिए :*

*'यदि देहं पृथक्कृत्य चिति विश्राम्य तिष्ठसि ।*
*अधुनैव सुखी शान्तः बन्धमुक्तो भविष्यसि ॥'*

'तिमी शरीरबाट स्वयंलाई अलग गरेर चैतन्य स्वरुप आत्मामा विश्राम गर्छौ भने अहिले नै सबै प्रकारको बन्धनबाट मुक्त भई सुखी र शान्त हुनेछौ ।' यहाँ जोड छ- बोध र अन्तर्दृष्टिमा । कुनै साधना, उपासना वा अनुशासनको उपदेश छैन । सम्यक् दृष्टि भयो भने हामी यसै क्षण सुखी, शान्त र मुक्त हुनसक्छौं ।

अष्टावक्रका यस्ता १९ श्लोक सुन्दासुन्दै जनकलाई त्यो अन्तर्दृष्टि प्राप्त भयो । उनी तत्क्षण आश्चर्य प्रकट गर्न थाले, 'हे प्रभो ! तपाईंको वचन सुन्नासाथ म परम आलोकित र आनन्दित भएँ । जुन प्रकारले यो आत्माले मेरो शरीरलाई जीवित राखेको छ त्यही प्रकारले यही आत्मास्वरुप म समस्त ब्राह्मणमा व्याप्त भई कणकणमा स्पन्दित छु । प्रभो ! कति आश्चर्य । यतिका जन्मसम्म पनि म यति सामान्य तर सत्य नदेखी कहाँ भड्किराखेको थिएँ । प्रभु ! मेरो स्वरुपको न आदि छ, न अन्त छ, म आश्चर्यचकित छु । तपाईंलाई मात्र होइन म स्वयंलाई पनि बारम्बार प्रणाम गर्छु । अहो अहं नमो मह्यम् ।'

osho@tapoban.com



समय

# अझै सफा रहेछ बागमती

**नेपालीहरूमा बागमती** नदी अझै पनि सफा छ र फोहर भएका ठाउँमा सफा गर्न सकिन्छ भन्ने भावना जागृत गर्नका लागि नेपाल रिभर कन्जरेभसन ट्रस्टले बागमती महोत्सव आयोजना गरिरहेको छ। यस क्रममा उक्त ट्रस्टले साउन ३० गते बागमती नदीको माथिल्लो भागमा पत्रकारहरूबीच नौका (र्‍याफ्टिङ) दौड आयोजना गरेको छ। दसवटा टोलीले भाग लिएको सो प्रतियोगितामा राष्ट्रिय फोटो पत्रकार संघ (एनएफपिजे) प्रथम भएको छ भने नेपाल खेलकुद पत्रकार संघ दोस्रो र हिमाल मिडियाको टोली तेस्रो भएको छ।

काठमाडौंको सुन्दरीजलदेखि उत्तरवाहिनीसम्म अत्यन्त सुन्दर अवस्थामा रहेको बागमतीमा गरिएको यो नौका दौड प्रतियोगिताका क्रममा बागमतीको अहिलेको अवस्थामा परिवर्तन ल्याउनका लागि पत्रकारहरूको भूमिका निकै ठूलो हुने बताइएको थियो। ■

# तीनदिने बिजुली बजार

**साना तथा मझौला** खाले विद्युत् आयोजनाको विकास गर्ने उद्देश्य बोकेर एक वर्षदेखि प्रचारात्मक कार्यक्रममा संलग्न यस क्षेत्रका उद्यमी र विज्ञहरू भदौ पहिलो साता तीनदिने बिजुली बजार लगाउँदै छन्। नेपाल उद्योग परिसंघ, जर्मन सहयोग संस्था जिटिजेडको साना जलविद्युत् परियोजना, विनरक इन्टरनेसनल र स्विजरल्यान्डको इनटेक कार्यक्रम आयोजना गर्न लागिपरेका छन्।

भदौ ५-७ सम्म काठमाडौंमा हुने 'हाइड्रोपावर इन्भेस्ट मार्ट २००६' मा नेपालको जलस्रोतको विकासका बारेमा केन्द्रित रहेर छलफल, विचार विमर्श हुने आयोजकहरू बताउँछन्। साउन अन्तिम साता आयोजित पत्रकार सम्मेलनमा 'बिजुली बजार'मा भारतीय लगानीकर्ता पनि सहभागी हुने जानकारी दिइयो। सम्मेलनमा बोल्दै परिसंघका अध्यक्ष विनोद चौधरीले आफूहरूको भूमिका 'म्याच मेकिङ' गर्ने रहेको बताएका थिए। जलस्रोतको विकासमा सरोकार राख्नेहरूबीच लगानीको विश्वासिलो वातावरण बनाउने बिजुली बजारको उद्देश्य हो।

चौधरी सानाखाले विद्युत् विकास गर्न, स्थानीय स्रोत, श्रम, सीप र पुँजी परिचालन गर्नुपर्छ भन्ने यस अभियानका अगुवा उद्यमी हुन्। तर, यो अभियानको प्रचारात्मक कार्यक्रमसमेत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सहयोगमा हुने गरेका छन्। भारत र श्रीलंकामा समेत लगानी फैलाइसकेका चौधरीजस्ता अग्रणी उद्यमीहरू साना मसिना प्रचारात्मक कार्यक्रममा अल्झिरहनु भनेको विद्युत् विकासको काम पछाडि धकेलिँदै जानु पनि हो। ■







# सञ्चार अभाव

**सरकारको क्षेत्रीय** रेडियोको अवधारणाअनुरूप रेडियो नेपालको क्षेत्रीय प्रसारण दिपायलले डोटी जिल्लाकै पनि सम्पूर्ण भाग समेट्न सकेको छैन भन्दा आश्चर्य मान्नु पर्दैन । तेह्र वर्षअघि स्थापित यो प्रसारण केन्द्रले डडेल्धुरा, अछाम, कैलाली र बैतडीका केही मात्र भागमा आफ्नो पहुँच बल्लतल्ल पुगाएको छ भने, बझाङ, कञ्चनपुर र दार्चुला जिल्लालाई छुनसम्म नसक्दा हरेक कुरामा केन्द्रबाट ठगिएको टान्ने सुदूरपश्चिमेलीहरू सञ्चारमा समेत ठगिनएको टान्न बाध्य छन् ।

रेडियो नेपालको सुर्खेत प्रसारण केन्द्रले आफ्नो प्रसारण क्षेत्र भारतको राजधानी दिल्लीसम्म पुगाएको अवस्थामा दिपायल प्रसारण केन्द्रले सुदूरपश्चिम क्षेत्र पनि समेट्न नसक्दा रेडियोकर्मीहरू निराशा पोख्छन् । स्टेसन प्रमुख पुष्करराज गौतमका अनुसार दिपायलमा स्थापित रेडियो ट्रान्समिटरको क्षमता दस किलोवाट मात्र रहेका हुनाले यो समस्या आएको हो । सुर्खेत, पोखरा, भैसेपाटी र धरानस्थित रेडियो नेपालका अन्य क्षेत्रीय प्रसारण केन्द्रको क्षमता सय किलोवाट रहेको छ । दिपायल प्रसारण केन्द्रबाट सातामा एक दिन मात्र समाचारमूलक कार्यक्रम दिने गरिन्छ भने अन्य दिन स्थानीय गतिविधि र संस्कृतिलाई समेटेका विभिन्न कार्यक्रम प्रस्तुत हुन्छन् । उसै पनि पिछडिएका यस क्षेत्रका बासिन्दालाई जागरुक बनाउन रेडियोले ठूलो भूमिका खेल्न सक्छ ।

दिपायल प्रसारण केन्द्र रहेको स्थान पनि रेडियो स्टेसनको लागि उपयुक्त नहुनु अर्को पक्ष हो । सेती नदीको किनारमा रहेको खोँचमा, क्षेत्रीय सदरमुकाम दिपायल नजिकै रहेको यो प्रसारण केन्द्रले सम्पूर्ण सुदूरपश्चिममा आफ्नो रेडियो तरंग पुगाउन गाह्रो भएको हो । मिडियम वेभ प्रणालीका रेडियो स्थापित गरिएको ठाउँमा चिस्यान हुनुपर्ने हो । तर, यहाँ चट्टान मात्रै छ । जसलाई 'ग्राउन्ड वेभ प्रिपोगेसन प्रविधि' भनिन्छ । क्षेत्रीय सदरमुकामकै नाममा त्यसताका राजनीति हावी भएपछि क्षेत्रीय प्रसारण केन्द्र दिपायलमा सारिएको हो । त्यसताका राष्ट्रिय प्रसारणको विद्युत् आपूर्ति दिपायलमा नहुनु पनि यसको कम ट्रान्समिटर क्षमताको रेडियो स्थापना गर्नु परेको हो । दिपायल प्रसारण केन्द्रको क्षमता बढाउन यसको ट्रान्समिटरको क्षमता बढाउनु अपरिहार्य छ । तर, यो कुनै दातृ समुदायले आफैं अघि नबढेसम्म सरकारले गर्ला जस्तो लाग्दैन । सर्वाधिक महँगो पर्ने हुँदा सरकारले ध्यान दिएको पाइँदैन । पहिले डडेल्धुराको उग्रतारा




सुदूरपश्चिम क्षेत्र पनि समेट्न नसक्ने रेडियो नेपालको दिपायल प्रसारण केन्द्र

नजिक रेडियो स्टेसनको लागि सर्वेक्षण गरिएको थियो। उचाइ र चिस्यानमा भएका कारण सो ठाउँमा प्रसारण केन्द्र स्थापना गरिएको भए सम्पूर्ण सुदूर पश्चिमाञ्चल लाभान्वित हुन सक्ने थियो। तर, अब त्यो सम्भव छैन।

त्यसताका जापान सरकारद्वारा निर्मित यो प्रसारण केन्द्रले २०५७ देखि डोटेली र मगरखाम भाषामा समाचार प्रसारण गर्दै आएका थियो। अपुग प्रसारण क्षमताले अब डोटेली भाषाको समाचार पनि सुर्खेत प्रसारण केन्द्रमा सर्दै छ, यसै महिनादेखि। मुख्यतया सुदूरपश्चिम लगायत कर्णाली क्षेत्रमा डोटेली भाषा प्रचलनमा छ। तर, सुदूरपश्चिमबाटै प्रशारित रेडियोबाट डोटेली भाषामा समाचार नहुनु दुःखद कुरो मान्छन्, रेडियोकर्मी उद्धवबहादुर ढाँट। स्टेसन प्रमुख गौतमका अनुसार छिमेकी भारतका अल इन्डिया रेडियोका २ सय ५० भन्दा बढी प्रसारण केन्द्र रहेका अवस्थामा हाम्रो मुलुकमा सरकारको प्रसारण केन्द्र थप्ने कुनै योजना नै छैन। रेडियो तरंगलाई एफएम प्रणालीबाट प्रसारण गर्न कैलालीको बुढितोलामा एफएम रिपिटर टावर भने निर्माणाधीन छ। तर, यसले पनि सम्पूर्ण सुदूरपश्चिमलाई समेट्न सक्दैन। कैलाली, कञ्चनपुर, डोटी लगायत डडेल्धुराका श्रोताले एफएमको प्रसारणको मजा भने लिनसक्नेछन्।

सम्पूर्ण क्षेत्रमा क्षेत्रीय प्रसारणका रेडियो तरंग पुऱ्याउन बझाडमा समेत एफएम रिपिटर टावर बन्नुपर्ने हुन्छ, जुन योजनामा छैन। कञ्चनपुरको झलारीमा रहेको एफएमको रिपिटर टावर माओवादीले गत वर्ष लुटेकाले पश्चिम तराईका श्रोता एफएम प्रसारणबाट वञ्चित भएका थिए।

सूचना प्रविधिको यो युगमा पनि जनताको पहुँच सूचनामा पुऱ्याउन सरकारले दिपायल प्रसारण केन्द्रको क्षमता बढाउन आवश्यक देखिन्छ। अन्यथा एफएम रिपिटर टावरमा माध्यमबाट भए पनि सूचनाको छाताभित्र समेट्नु आवश्यक देख्छिन्, सिलगढीकी सुस्मिता जोशी।

■ श्याम भट्ट/दिपायल (तस्वीर पनि)


एनबी इन्सुरेन्स कम्पनी लिमिटेड
NB INSURANCE COMPANY LIMITED

*Converting Challenge into Opportunities...*
We provide following Insurance Policies:

- Fire Insurance
- Marine Cargo Insurance
- Motor Insurance
- Engineering Insurance
- Aviation Insurance
- Miscellaneous Insurance
  - Personal Accident Insurance
  - Group Personal Accident Insurance
  - Medical Hospitalization & Domicilary Benefits Insurance
  - Overseas Travel & Medical Insurance
  - Burglary & Housebreaking Insurance
  - Cash in Transit/Safe/Vault Insurance
  - Fidelity Guarantee Insurance
  - Plate Glass Insurance
  - Professional Indemnity Insurance
  - Public Liability Insurance
  - Medical Establishment Insurance
  - Customs Duty Insurance
  - Bankers Indemnity Insurance
  - All Risks Insurance
  - Poultry Insurance
  - Student Safety Insurance

Head Office :
Lal Durbar, Post Box : 21746, Kathmandu, Nepal.
Tel: 4418862, 4442438, 4442457, Fax: 977-1-4425398
E-mail : nbic@mos.com.np






सिटिइभिटीको सम्बन्धन रहेका प्राइभेट नर्सिङ कलेजलाई त्रिभुवन विश्वविद्यालयले मान्यता नदिएको खबर पछि अध्ययन छोडेर आन्दोलनमा लागेका छात्राहरु

# मान्यताका लागि दबाब

**नर्सिङमा उच्च** शिक्षा हासिल गर्ने अठोट लिएकी सरस्वती तिमिल्सिना विगत दुई महिनादेखि चिन्तित छन् । नर्सिङ प्रवीणता प्रमाणपत्र तहको दोस्रो वर्षमा अध्ययनरत सरस्वती यतिखेर कहिले आन्दोलनको लागि सडकमा पुगेकी हुन्छिन् त कहिले कलेज वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटीइभिटी)मा धर्ना दिन ।

प्रवीणता नर्सिङ मात्र होइन, स्नातक र स्नाकोत्तर तहसम्मको नर्सिङ शिक्षा लिने इच्छाका साथ नेपालगन्ज नर्सिङ क्याम्पसमा दुई वर्षदेखि अध्ययनरत सरस्वतीले दुई महिनाअघि सिटिइभिटीको सम्बन्धन रहेका प्राइभेट नर्सिङ कलेजलाई त्रिभुवन विश्वविद्यालयले मान्यता नदिएको खबर पाएपछि अध्ययन छोडेर आन्दोलनमा लागेकी हुन् । 'त्रिभुवन विश्वविद्यालयले मान्यता नदिएकाले विरोधमा जुटेका छौं', सरस्वतीले भनिन्, 'प्राइभेट नर्सिङ क्याम्पसमा अध्ययन गरेका विद्यार्थीहरूलाई त्रिभुवन विश्वविद्यालयले मान्यता नदिएसम्म संघर्ष गर्नेछौं ।'

स्वास्थ्य संस्थाहरूको विस्तारसँगै आकर्षक मानिएको नर्सिङ पेसा यति खेर सिटिइभिटी र त्रिभुवन विश्वविद्यालयबीच आपसमा कुराकानी नमिल्दा अन्योलमा परेको छ । स्वास्थ्य संस्थाहरूको विस्तार द्रुत गतिमा भए पनि त्रिभुवन विश्वविद्यालयले देश सञ्चालन गर्दै आएका सातवटा नर्सिङ क्याम्पसहरूको विस्तार नगरेपछि ४० वटा शिक्षण संस्थाले सिटिइभिटीबाट स्वीकृति लिएर २०५७ सालदेखि प्राइभेट नर्सिङ क्याम्पस सञ्चालन गरेका थिए । हाल ती क्याम्पसबाट झन्डै एक हजार नर्सिङ जनशक्ति तयार भइसकेका छन् भने दुई हजार छात्रा अध्ययनरत छन् ।

प्राइभेट नर्सिङ र त्रिभुवन विश्वविद्यालयले सञ्चालन गर्दै आएका सातवटा क्याम्पसले एकै खालको पाठ्यक्रमअनुसार पाठ्यपुस्तक अध्यापन गराए पनि स्नातक नर्सिङमा त्रिभुवन विश्वविद्यालयले अध्ययन गर्न नदिएको भन्दै यति खेर देशभरका चालीसवटा प्राइभेट नर्सिङ कलेजका छात्राहरू आन्दोलनमा उत्रिएका छन् ।

'सरकारी नर्सिङ कलेजमा अध्ययन गरेकालाई स्नातक नर्सिङमा भर्ना लिने, प्राइभेटमा अध्ययन गरेकाले नपाउने यो कति अन्याय हो ?', प्रवीणता प्रमाणपत्र दोस्रो वर्षमा अध्ययनरत आस्था कोइरालाले भनिन्, 'पहिलो त प्राइभेट नर्सिङमा अध्ययन गर्नुपर्दा बढी आर्थिक भारले सताइयो, त्यसमा माथिल्लो तह अध्ययन गर्न पाइँदैन भन्ने सुनेपछि चिन्तित छौं ।'

एसएलसी उत्तीर्ण गरेका छात्राहरूलाई मात्र प्रवीणता नर्सिङमा भर्ना लिने गरिन्छ । सरकारी नर्सिङमा पढ्न पाउनेले तीन वर्षको झन्डै एक लाख रुपैयाँ खर्च गरे पढाइ पूरा हुन्छ । तर, त्यही तीनवर्षे नर्सिङ पूरा गर्न प्राइभेट क्याम्पसहरूमा अध्ययन गर्न झन्डै चार लाख रुपैयाँ लगानी गर्नुपर्छ ।

■ रुद्र खड्का/नेपालगन्ज





पच्चीस वर्षको अवधिमा सोनाम शेर्पा नेपालको सबैभन्दा ठूलो ट्रेकिङ र एयरलाइन्स कम्पनीका मालिक बनेका छन् र मुलुकको पर्यटन उद्योगको भविष्य कोर्न अहोरात्र खटिरहेका छन् ।

# संघर्षका शिखर

■ **मधुसूदन पौडेल/काठमाडौं**

फर्केर हेर्दा उनले जीवनमा सुखदुःखका धेरै उकाली ओराली पार गरेका छन् । तर, कर्मप्रतिको लगनशीलता, श्रमप्रतिको सम्मान र इमानदारीले कहिल्यै पनि उनलाई पछाडि फर्किनु परेको छैन । हो, पर्यटन कर्ममा पाइला चालेको करिब २५ वर्षको अवधिमा सोनाम शेर्पा नेपालकै सबभन्दा ठूलो ट्रेकिङ र एयरलाइन्स कम्पनीका मालिक बनेका छन् र पर्यटन उद्योगको भविष्य कोर्न अहोरात्र खटिरहेका छन् । सामान्यतया एउटा सामान्य नेपालीको छोराले मुलुकका लागि गर्न सक्ने योगदान योभन्दा बढी नहुन सक्छ ।

पर्यटकलाई हिमाल आरोहण र पदयात्रामा साथ दिन ट्रेकिङ गाइडको भूमिका सुरु गर्दा सोनामले भर्खर १८ वर्ष टेकेका थिए । त्यसै वर्ष ७ हजार मिटर अग्लो अन्नपूर्ण-१ हिमाल आरोहणपछि वास्तवमा उनी पर्यटन क्षेत्रसँग कहिल्यै छुट्टिन नसकिने गरी गाँसिए । 'बिजनेस' खोज्ने क्रममा सोलुखुम्बुबाट काठमाडौं छिरेका सोनाम सन् अर्को वर्ष अर्थात १९८२ मा फ्रान्स पुगे । त्यहाँ पनि उनले हिमालको काख भने छाडेनन् । विश्वको सबैभन्दा अग्लो हिमाल सगरमाथाको काखका हुर्किएका उनले युरोपको सबैभन्दा अग्लो हिमाल 'माउन्ट बाङ'को फेँदीमा अवस्थित 'छोमनिक्स' सहरमा बसेर काम गर्न थाले । यो यात्रा झन्डै चार वर्षसम्म चल्यो । तर, उनी यी वर्षहरूमा पनि ६ महिना युरोप र ६ महिना नेपाल, भारतका हिमाली खोंचहरूमा पुगिरहे । आफ्नै आँगनमा नेपाली शेर्पा ठिटो भेटेपछि युरोपेलीहरूले उनैलाई साथ लिएर नेपाल र भारतका हिमाली क्षेत्रको पदयात्रामा निस्किन खुबै रुचाए । सोनाम सम्झिन्छन्, 'त्यो समयमा मैले धेरै युरोपेलीलाई भारतको कश्मीरदेखिका हिमाली विभिन्न क्षेत्रमा घुमाएको छु ।'

सोनामले युरोपमा बिताएका समय धेरै नै महत्त्वपूर्ण सावित भएका छन्, खास गरी नेपालको सेवाका लागि । किनभने उनले त्यहाँ रहेर पर्यटन व्यवसायको महत्त्व नजिकबाट नियाले नै, सँगसँगै पर्यटनमा चाख भएका थुप्रै युरोपेलीहरूसँग सम्बन्ध बढाए । सम्भवतः उनले त्यसै बेला विश्वका अग्ला चुचुराहरू रहेको नेपालमा पर्यटन उद्योगको उज्यालो भविष्यको रुपरेखा पनि कोरेका थिए । नेपाल फर्किएर आफ्नै ट्रेकिङ कम्पनी संचालन गर्ने योजना यिनै सम्भावनाहरूका बीचबाटै जन्मिएको हुनुपर्छ सोनाममा ।

ट्रेकिङ कम्पनी खोल्नुअघि सन् १९८७ मा सोनाम ५ विदेशी र २ शेर्पाका साथ ६ हजार ६ सय मिटर अग्लो 'थामशेर्कु' हिमाल आरोहणमा दक्षिण पश्चिम मोहडाबाट उक्लिए । त्यही बाटोबाट यो हिमाल फेरि कसैले चढेको छैन । त्यो सफलतापछि १९८८ मा सोही हिमालको नाममा उनले 'थामशेर्कु ट्रेकिङ' स्थापना गरे । 'म, एकजना कार्यालय सहायक र एकजना सहयोगीका भरमा हामीले तीन वर्षसम्म कम्पनी चलाएका थियौं', सोनाम त्योभन्दा पनि अघि सोलुखुम्बु छोड्दाका दिन सम्झिँदै भन्छन्, 'वास्तवमा मेरो पर्यटन क्षेत्रको यात्रा आर्थिक रुपमा शून्यबाट सुरु भएको थियो ।'

युरोपेलीहरूसँगको सुमधुर सम्बन्ध र व्यवसायिक दक्षताले पर्यटकहरू खास गरी हिमाल आरोहण र यस क्षेत्रको पदयात्रामा निस्किन उनैको ट्रेकिङ कम्पनीमा भर पर्न थाले । सन् १९९३ सम्म आइपुग्दा थामशेर्कु ट्रेकिङ नेपालको तेस्रो ठूलो कम्पनीका रुपमा सरकारबाट सम्मानित भयो । तर, यो साल, सोनामको जीवनमा भने कहिल्यै निको नहुने घाउ लाग्यो, नेपालकै लागि ठूलो दुर्भाग्य- पहिलो सगरमाथा आरोही नेपाली महिला पासाङ ल्हामु शेर्पा दुर्घटनामा परिन्, आरोहणबाट फर्किने क्रममा । श्रीमतीको असामयिक निधनको चोटले उनी व्यवसायमा सक्रिय हुन सकेनन् र १९९४ मा उनको कम्पनी फेरि तल खस्कियो ।

तर सन् १९९५ देखि थामशेर्कुलाई एक दशकसम्म पनि अरू ट्रेकिङ कम्पनीले उछिन्नै सकेनन् । सबैभन्दा धेरै वैदेशिक मुद्रा आर्जन गर्ने, रोजगारी दिने र पर्यटक भित्र्याउने कम्पनीका रुपमा सन् १९९५ देखि २००५ सम्म थामशेर्कु ट्रेकिङ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट सम्मानित हुँदै आएको छ । सोनाम भन्छन्, 'हामीले वर्षमा ५ हजारसम्म पर्यटक नेपाल भित्र्याएका छौं ।' मुलुकमा द्वन्द्व बढ्दै गएको पछिल्लो समयमा पनि उनले हिमाल आरोहण, पदयात्रा र अन्य मनोरञ्जनात्मक उदेश्यका वार्षिक २ हजारभन्दा धेरै पर्यटकलाई नेपाल भ्रमणमा ल्याएका छन् । यीमध्ये ५ सय पर्यटक हिमाल आरोहणमा जाने गरेका छन् । यहाँ प्रत्यक्ष २ सय कर्मचारीले रोजगारी पाएका छन् र पर्यटकीय मौसममा रोजगारी पाउनेको संख्या अरू बढ्छ । थामशेर्कुले वार्षिक १ करोड रुपैयाँभन्दा बढी राजस्वमा योगदान पुर्‍याउँदै आएको छ ।

थामशेर्कुकै व्यवसायिक सफलताले सन् १९९८ मा यती एयरलाइन्स सुरु भएको थियो । यो एयरलाइन्स अहिले नेपालको सबैभन्दा ठूलो आन्तरिक विमान कम्पनीका रुपमा स्थापित भएको छ । पर्यटन उद्योगले आफैंमा फराकिलो दायराको आर्थिक लाभ उपलब्ध गराइरहेको हुन्छ । नेपालको



सन्दर्भमा एकजना पर्यटकबाट तेह्रजना व्यक्ति लाभान्वित बनिरहेको तथ्यांक छ ।

गुणस्तरीय पर्यटन विकास उनको लक्ष्य हो । अन्तर्राष्ट्रिय पर्यटन बजारमा आएको परिवर्तनसँगै नेपाली पर्यटन उद्योगको विकासका लागि पनि गुणस्तरीय पर्यटन जरुरी भइसकेको छ । सोनाम भन्छन्, 'नेपाल आउने पर्यटक तुलनात्मक रुपमा कम गुणस्तरका छन् । उनीहरूलाई गुणस्तरीय सेवा उपलब्ध गराउन नसक्नुमा हामी पनि जिम्मेवार छौं ।' पछिल्लो पटक उनले नेपालमा गुणस्तरीय पर्यटक भित्र्याउन सोलुखुम्बुमा 'यती माउन्टेन होम'को अवधारणा कार्यान्वयन गरिरहेका छन् । जसअनुसार २८ सय मिटरको लुक्लादेखि ४२ सय ५० मिटरको कोन्देसम्म पाँचवटा रिसोर्ट निर्माण कार्य अन्तिम चरणमा रहेका छन् । यी रिसोर्टमा १० दिनको ट्रेकिङ चलाउने योजना उनको छ । एक रिसोर्टदेखि अर्कोमा पुग्न ट्रेकिङ रुट तयार गरिएको छ । यी रिसोर्टको निर्माणपछि सबैभन्दा माथि रहेको रिसोर्ट विश्वकै सबैभन्दा अग्लो स्थानको हुनेछ । 'युरोपेली गुणस्तरीय पर्यटकलाई लक्षित गरेर यो अवधारणा ल्याइएको' उनी बताउँछन् । यो अवधारणा ग्रामीण पर्यटन विकासको साँच्चिकै नमुना बन्न सक्ने देखिन्छ ।

## पर्यटन विकासको खाका

पर्यटन विकासका लागि नेपालसँग असीमित स्रोत छन् । तर, यसलाई उपयोग गर्न नसकिएको अनुभव छ, सोनामसँग । हिमाललाई मात्रै आधार बनाउँदा पनि विश्वका ८ हजार मिटरभन्दा अग्ला १४ मध्ये ८ हिमाल नेपालमा छन् र ३ वटा तिब्बतमा । तर, नेपालमा भन्दा ६० प्रतिशत बढी पर्यटक तिब्बत पुग्छन् । 'सरकारले साँचेर राखेका नीतिगत व्यवधान नै यसो हुनुको मूल कारण हो', उनी प्रस्ट छन् । सगरमाथा आरोहणमा जाने सातजनाको टोलीका लागि नेपाल सरकारले ७० हजार अमेरिकी डलर रोयल्टी तोकेको छ । तर, तिब्बती मोहडाबाट चढ्दा आधा सस्तो छ । तसर्थ पर्यटकहरू तिब्बततर्फ आकर्षित भएका छन् । 'आरोही आउँदा रोजगारी बढ्छ । होटल, एयरलाइन्स र गाउँका उत्पादनले राम्रो बजार पाउँछन् ।' सोनाम भन्छन्, 'रोयल्टी बढी राखेर आरोहीलाई नेपाल आउन हतोत्साहित बनाउँदा सबै आम्दानी गुमिरहेको छ ।' हिमाल आरोहणमा सहजीकरण गरी पर्यटक बढाउन सरकारले सोच्नु पर्ने धारणा उनको छ ।

नेपालका डोल्पा र मुस्ताङ 'मिनी तिब्बत' मानिन्छन् । धेरै पर्यटक यी ठाउँ पुग्न रुचाउँछन् । सरकारले यी क्षेत्रको पदयात्रामा जाने पर्यटकसँग ७ सय अमेरिकी डलर शुल्क उठाउँदै आएको छ । तर, नेपाल हुँदै तिब्बत जान चाहने पर्यटकले यो रकममा वास्तविक तिब्बतको भ्रमण गर्न सक्छन् । त्यसैले नेपालका व्यवसायी डोल्पा र मुस्ताङ पर्यटक पठाउनुको सट्टा तिब्बत पठाउन चाहन्छन् । तर, सरकार भने उही पुरानो अडानमा बसिरहेको छ । उनको धारणा छ, 'यस्ता अव्यवहारिक सबै शुल्क खारेज गर्नु पर्छ अनि मात्र ती क्षेत्रमा पर्यटक बढाउन सकिन्छ ।'

पर्यटन विकासका लागि सरकार र निजी क्षेत्रबीचको सहकार्य आवश्यक रहेकोमा उनी जोड दिन्छन् । नेपाल पर्यटन बोर्डलाई छुट्याइएको वार्षिक १४-१५ करोड रुपैयाँबाट पर्यटन प्रवर्धनका कार्यक्रम सञ्चालन गर्न सम्भव नहुने भएकाले २ अर्ब रुपैयाँसम्म पुऱ्याउनु पर्ने सुझाव उनको छ । उनी नेपाललाई अन्तर्राष्ट्रिय पर्यटन बजारमा चिनाउन सिएनएन, बिबिसी जस्ता विश्वमा ख्याति कमाएका सञ्चारमाध्यमहरूको उपयोग गर्नु नै सबैभन्दा प्रभावकारी हुने बताउँछन् । उनी आफैं पनि प्रत्येक वर्ष अन्तर्राष्ट्रियस्तरमा ख्यातिप्राप्त विभिन्न सञ्चारमाध्यममा कार्यरत करिब एक दर्जन पत्रकारलाई नेपालको भ्रमण गराउँदै आएका छन् ।

सोनाम नेपालमा पर्यटन विकासको ठूलो सम्भावना देखिरहेका छन् । मलेसिया, सिंगापुर र थाइल्यान्डले समुद्रको पानी देखाएर र रात्रि क्लब चलाएर पर्यटन विकास गरेका छन् भने नेपालमा त प्राकृतिक र सांस्कृतिक विविधता छन् भने धार्मिक आस्थाका केन्द्रसमेत छन् । सोनाम भन्छन्, 'हामीलाई खाँचो छ त केवल पर्यटन विकास गर्ने दिगो सोच र सरकारी व्यवहारमा परिवर्तनको मात्र ।' ■

**सोनाम शेर्पा भन्छन्, 'नेपाल आउने पर्यटक तुलनात्मक रुपमा कम गुणस्तरका छन् । उनीहरूलाई गुणस्तरीय सेवा उपलबध गराउन नसक्नुमा हामी पनि जिम्मेवार छौं ।'**






तस्वीरहरू : भास्कर ओझा

# अस्वस्थ प्रतिस्पर्धा

■ मनीष गौतम/काठमाडौं

**स्वास्थ्य सेवामा** अलग्गै उचाइ कायम गरिसकेका केही चिकित्सकहरूलाई सडक आन्दोलनमा सक्रिय नभएको निहुँमा संस्था प्रमुखको पदबाट हटाउने दाउमा केही 'अवसरवादी' व्यक्ति शक्तिकेन्द्रमा धाइरहेका छन्।

केही वर्षमै आम विरामीबीच अत्यन्तै लोकप्रिय बनेको सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रका कार्यकारी निर्देशक डा. भगवान कोइराला, त्रिवि चिकित्सा शास्त्र संकायका डिन रमेशकान्त अधिकारी, सहायक डिन त्रिलोकपति थापा, त्रिवि शिक्षण अस्पतालका प्रमुख कार्यकारी निर्देशक डा. महेशप्रसाद खकुरेलविरुद्ध चिकित्सा क्षेत्रसँग सम्बन्धित केही व्यक्तिहरू लागिपरेका छन्।

स्वास्थ्यमन्त्री अमिक शेरचन र शिक्षामन्त्री मंगलसिद्धि मानन्धरलाई प्रभावित गरी ती पद हत्याउन लागिपरेका केही चिकित्सकहरूको प्रयास भने अहिलेसम्म सफल हुन सकेको छैन्। 'प्रतिगामी भिसीले नियुक्त गरेका मान्छे भएकाले राजीनामा दिनु पर्छ भन्ने कुरा आएको थियो', त्रिवि शिक्षण अस्पतालका कार्यकारी निर्देशक डा. खकुरेल भन्छन्, 'म आन्दोलनविरुद्ध गएको थिइनँ र आन्दोलनको क्रममा घाइते भएका विरामीहरूको उपचारमा तल्लीन भएर लागेको थिएँ। सडकमा नारा लगाउन नगएको आरोप लगाएर प्रतिगमनलाई साथ दियो भन्ने कुरा जायज छैन।'

आन्दोलनको क्रममा प्रहरीले त्रिवि शिक्षण

**मन्त्री भएपछि स्वास्थ्य क्षेत्रको अवस्था कस्तो पाउनु भयो ?**

हाम्रो पार्टी सरकारमा आएको पहिलो अनुभव हो। मैले जे अपेक्षा राखेको थिएँ, त्यो देख्न पाइरहेको छैन। जहाँसम्म स्वास्थ्य क्षेत्रको प्रश्न हो - यो अति नै अस्तव्यस्त क्षेत्र रहेछ। स्वास्थ्य क्षेत्रमा समस्यै समस्याको पर्खाल रहेछ। यसअघिका सरकार र मन्त्री समस्या समाधान गर्ने दिशामा गएको मैले देखिनँ।

**स्वास्थ्य क्षेत्रमा भएको समस्याको पर्खाल भत्काउन कस्तो प्रयास सुरु भयो त ?**

स्वास्थ्य क्षेत्रमा आम सुधारको खाँचो छ। स्वास्थ्य सेवा सहरमुखी छ। सरकारले विपन्न वर्गलाई न्यूनतम सेवा समेत दिन सकेको छैन। स्वास्थ्य सेवा व्यापारमुखी भएकाले पनि ग्रामीण तहसम्म पुग्न नसककेको हो। यस सहरमुखी संरचनालाई ग्रामीण तहसम्म पुऱ्याउने मेरो प्रयास हुनेछ। निजी अस्पताल तथा नर्सिङ होमको हकमा, त्यहाँ लिइने शुल्कलाई एकरूपता ल्याउने मेरो प्रयास सुरु हुँदै छ। राज्यले स्वास्थ्यको सम्पूर्ण खर्च धान्न नसकेको बाध्यात्मक अवस्था भएकाले बाह्य सहयोगमा निर्भर हुनु तथा विरामीबाट शुल्क लिनु परेको छ। अन्ततः हाम्रो उद्देश्य स्वास्थ्य सेवालाई निःशुल्क बनाउनु नै हो।

**तत्काल स्वास्थ्य क्षेत्रमा राहतका कार्यक्रम केही छन् कि ?**

यस मन्त्रालयको संरचना र भूमिका व्यापक छ। मानव जीवनसँग जोडिएको र जिम्मेवारी बोकेको मन्त्रालय भएकाले जनताको चाहनाअनुरुप चल्नु पर्छ। यसका लागि आधारपत्र तयार पारिँदै छ। जिल्लामा अवस्थित २५ शय्यासम्मका हरेक अस्पतालमा आर्थिक अवस्था नाजुक भएका विरामीलाई स्वास्थ्योपचारमा पहुँच पुऱ्याउने कार्य चाँडै नै सुरु गर्नेछौं। गाविस र सम्बन्धित स्वास्थ्य केन्द्रले विपन्न भनी सिफारिस गरेका विरामीलाई निःशुल्क उपचार सुरु गर्ने कार्यक्रम नै निःशुल्क स्वास्थ्य सेवाको प्रस्थान विन्दु हो।

अर्कोतर्फ गाउँस्तरसम्म डाक्टरको उपस्थिति गराउन मैले काम थालेको छु। अहिले पनि कागजमा हेर्ने हो भने प्राथमिक स्वास्थ्य केन्द्रसम्म डाक्टर उपस्थित छन्। तर, व्यवहारमा त्यो नभएकाले जिल्ला तथा ग्रामीण भेगका अस्पतालमा चिकित्सकको उपस्थिति छैन। यसका लागि डाक्टरहरूलाई आकर्षित गर्न सरकारले तोकेको निश्चित समयावधि दुर्गम जिल्ला वा गाउँमा सेवा गरेपछि उनीहरूको पेसागत विकासका लागि विभिन्न सहयोग उपलब्ध गराइनेछ। यसका लागि तुरुन्तै १ सय ५० जना डाक्टर जिल्लाका अस्पताल-स्वास्थ्य केन्द्रमा पुग्नेछन्। त्यस्ता चिकित्सकहरूलाई उच्च अध्ययनको अवसर समेत दिइनेछ।

**स्वास्थ्यको नाममा मुलुकमा भित्रिएको सहयोगको दुरुपयोग नियन्त्रणका लागि के प्रयास भइरहेको छ नि ?**

सर्वप्रथम यसमा पारदर्शिता हुनु पर्छ। कहाँ र कुन कुन क्षेत्रमा स्वास्थ्य सुधारको लागि सहयोग रकम उपलब्ध भयो, त्यसको लेखाजोखा सुरु हुनुपर्छ। पारदर्शिता कायम गर्न कानुन बनाउन आवश्यक छ। स्वास्थ्य क्षेत्रमा आर्थिक अनियमितता तथा चुहावट व्यापक भएको मैले महसुस गरेको छु। यसलाई नियन्त्रण गर्नका लागि हामीले तुरुन्त कारबाही थाल्नेछौं।

**स्वायत्त रुपमा सञ्चालन भइरहेको स्वास्थ्य संस्थाको संरचनामा कुनै परिवर्तनको सम्भावना पनि छ कि ?**

त्यहाँ गलत गतिविधनभएसम्म कुनै परिवर्तन हुनेछैन। यदि आर्थिक वा अन्य अनियमितता भएको थाहा भएमा त्यो नियन्त्रण गरिनेछ।

**त्यसो भए भरतपुर क्यान्सर अस्पताल र सरकारबीचको लडाइँ के हो त ?**

यसमा मेरो कुनै संलग्नता छैन। मलाई जोडेर अनर्गल प्रचार प्रसार भइरहेको छ। म मन्त्री हुनुभन्दा महिना दिनअघि नै मन्त्रिपरिषद्ले प्रतिगमनकालका सबै राजनीतिक नियुक्ति बदर गर्ने घोषणा गरेअनुरुप क्यान्सर अस्पतालका अध्यक्ष पनि पदमुक्त भएका हुन्। उनी सर्वोच्च अदालत गएर अन्तरिम आदेश ल्याउँदा समेत म मन्त्री भएको थिइनँ। अदालतले मुद्दाको किनारा नलागेसम्म अर्को नियुक्ति नगर्नु भनेको छ। कार्की आफू अध्यक्ष भएको भन्दै साविकको हैसियतमा अस्पताल गइरहेका छन्। अदालतको फैसला नआएसम्म मैले यसमा हस्तक्षेप गर्न मिल्दैन।

अस्पतालमा अध्ययनरत विद्यार्थीलाई निर्घात कुटपिट गर्दा त्यति बेला डा. खुकरेलले संचारमाध्यमलाई भनेका थिए, 'विद्यार्थीलाई आक्रमण गरेर सरकारले गल्ती गरेकाले माफी माग्नु पर्छ ।' डा. खकुरेल त्रिवि शिक्षण अस्पतालको कुशल व्यवस्थापक तथा 'आर्थिक रुपमा अनुशासित' व्यक्तिको रुपमा परिचित छन् ।

तर, चिकित्सा क्षेत्रसँग सम्बन्धित केही व्यक्तिहरू भने जनआन्दोलनका क्रममा सडक आन्दोलनमा सरिक नभएको र प्रतिगमन कालमा नियुक्त भएको भन्ने आरोपलाई आधार बनाएर आफ्नो क्षेत्रमा दत्तचित्त भएर लागेका चिकित्सकहरूविरुद्ध अहिले पनि शक्तिकेन्द्र धाइरहेका छन् । स्वास्थ्यमन्त्री शेरचनका सल्लाहकार डा. महेश मास्केसमेत यस मामिलामा मुछिएका छन् ।

त्यसैगरी शिक्षण अस्पतालका डा. अरुण सायमीमाथि डा. कोइरालालाई विभिन्न बहानामा गंगालालबाट हटाउन लागिपरेको आरोप लागेको छ । गंगालाल हृदयरोग केन्द्रका प्रमुख रहिसकेका डा. सायमी, मुटु जस्तो महँगो उपचार सेवालाई गरिब समुदायसम्म पुऱ्याउन डा. कोइरालालाई प्राप्त सफलताबाट मर्माहत भएको बताइन्छ ।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला स्वयंले विभागीय मन्त्री शेरचनलाई यस विषयमा अघि नबढ्न भनेकाले डा. कोइरालालाई हटाउने प्रयास असफल भएको थियो ।

'असम्बन्धित व्यक्तिहरूले बारम्बार मलाई गंगालाल छोडिदिए हुन्थ्यो भन्ने आशय व्यक्त गरेका

**चिकित्सा क्षेत्रसँग सम्बन्धित केही व्यक्तिहरू भने जनआन्दोलनका क्रममा सडक आन्दोलनमा सरिक नभएको र प्रतिगमन कालमा नियुक्त भएको भन्ने आरोपलाई आधार बनाएर आफ्नो क्षेत्रमा दत्तचित्त भएर लागेका चिकित्सकहरूविरुद्ध अहिले पनि शक्तिकेन्द्र धाइरहेका छन् ।**

थिए', डा. कोइराला बताउँछन् ।

गंगालाल स्थापना भएको १० वर्ष पुगेको छ । तर, २०५७ माघमा सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र ऐनअन्तर्गत स्वायत्त संस्थाको लालमोहर लागेको हो । स्वायत्त भएपछि केन्द्रको नेतृत्व डा. कोइरालाले लिएका थिए । डा. कोइरालाई तत्कालीन प्रजातान्त्रिक सरकारले नियुक्त गरेको थियो । डा. कोइरालाले नेतृत्व सम्हालेपछि यस केन्द्रले गति लिएको देखिन्छ र यसले सस्तो र सर्वसुलभ रुपमा मुटु उपचार सेवा प्रदान गर्दै आएको छ । विगत ४ वर्षदेखि बेरुजु शून्य रहेको यो संस्था आर्थिक पारदर्शिताको नमुना समेत बनेको छ । डा. कोइरालाको नेतृत्वमा रहेको समूहले मुलुककै निजी तथा विदेशका नाम चलेका अस्पतालभन्दा निकै कम खर्चमा उपचार दिँदै आएको यस केन्द्रले मुटु उपचारका लागि विदेशका अस्पतालमा भर पर्ने बाध्यता पनि हटाएको छ ।

तर, सरकारी निर्णयअनुसार त्रिवि शिक्षण अस्पतालबाट गंगालाल हृदय केन्द्रमा खटिएका डा. कोइरालालाई आवश्यक परे कुनै पनि समयमा त्यहाँ झिकाइने डा. सायमीले बताएका छन् । 'शिक्षण अस्पतालका कर्मचारी भएकाले यहाँबाट फिर्ता बोलाउनेबित्तिकै भगवान कोइराला फर्कनु पर्छ', डा. सायमी भन्छन्, 'हाम्रो अस्पतालमा रहेको मनमोहन हार्ट सेन्टरमा पनि त दक्ष डाक्टरको खाँचो छ ।'

तर, डा. कोइरालाले भने उपयुक्त वातावरण बने र सरकारले खटाए आफू जहिले पनि त्रिवि शिक्षण अस्पतालमा फर्कन तयार रहेको बताएका छन् ।

त्यसैगरी भारत सरकारको सहयोगमा धरानमा सञ्चालित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका तीनवटा महत्त्वपूर्ण पद भिसी, रेक्टर र डिन सरकारले अझै नियुक्त गर्न नसक्दा त्यहाँको शैक्षिक क्यालेन्डर तथा प्रशासनिक रिक्तता देखिएको छ । यसबारे भारतले सरकारसँग बारम्बार रिक्त पद पूर्तिका लागि चासो देखाएको छ । सरकारमा सामेल राजनीतिक दलबीचको भागबन्डा नमिल्दा पदपूर्ति प्रक्रियामा ढिलाइ आएको बताइएको छ ।

यसैबीच भरतपुर क्यान्सर अस्पतालका अध्यक्ष महेन्द्र कार्कीले अमिक शेरचनको निजी सचिवालयले आफूलाई राजीनामा दिन दबाब दिएको बताएका छन् । स्वास्थ्यमन्त्री शेरचन भन्छन्, 'राजनीतिक नियुक्ति र प्रोफेसनल व्यक्तिको नियुक्ति फरक कुरा हुन् भन्ने सबैले बुझ्नु पर्छ ।' ■

# गलत गतिविधि नभएसम्म कुनै परिवर्तन हुनेछैन

**अमिक शेरचन, उप-प्रधानमन्त्री तथा स्वास्थ्यमन्त्री**

**सरकारका प्रतिनिधिहरूको असहयोगले गर्दा अस्पतालको बोर्डको बैठक बस्न नसकेको कार्कीको दुखेसो छ नि ?**

यो सरासर झूटो आरोप हो । सर्वोच्चमा मुद्दा दिँदा उनले बोर्डलाई नै विपक्षी बनाएका छन् । यो मुद्दाको किनारा नलागेसम्म झगडियाहरू बसेर बैठक गर्न सम्भव होला र ! मैले विवाद चाँडो टुंग्याउन अनुरोध गर्दा सदस्यहरू नैतिक रूपले नै हामी झगडियाको अध्यक्षतामा बस्न सक्दैनौं भन्ने जवाफ दिन्छन् ।

**साँढेको जुधाइ बाच्छाको मिचाइ भनेझैं भएको यो विवादले बिरामी मारमा परेनन् त ?**

हो, यसका लागि सर्वोच्च अदालतले ढिलाई गर्नुभएन, चाँडै आफ्नो निर्णय सुनाइदिनुपर्‍यो । सर्वोच्चले मुद्दाको किनारा नलगाई अरू केही गर्न सक्ने अवस्था भएन ।

**माओवादीका स्वास्थ्य कार्यकर्ताहरू राजधानीका विभिन्न अस्पतालमा अध्ययन अवलोकनमा लागिरहेका छन् नि ?**

शिक्षण अस्पतालमा उनीहरू स्वयंसेवकको रुपमा गएका छन् भन्ने सुनेको छु मैले । कसैले अरूलाई हानि नपुऱ्याई स्वयंसेवा गर्छ भने त्यसलाई अन्यथा मान्नुपर्ने देखिँदैन । त्यसबाहेक यसबारे मसँग अरू जानकारी छैन । ■





कक्षा ६ मा अध्ययन गर्दा लागेको शुल्क ९ सय १० रुपैयाँ विद्यालयलाई तिर्न नसक्दा परीक्षाफल रोकिएपछि अगाडि पढ्ने धोको अधुरो रहयो, बाँके चिसापानीकी तीलसरा सुनारको ।

# सधैं गरिब नै

**दैनिक १२ घन्टाभन्दा** बढी फलाम कुट्ने रामबहादुर लोहारको न जीउमा राम्रो कपडा छ, छ न उनको घरमा दुई छाक खान पुग्ने अनाज नै । हो, एकसरो कपडा र दुई छाक खान पुग्ने अनाजको जोहो गर्न सके भाग्यले साथ दिएको ठान्छन्, चिसापानी-१ का ५७ वर्षीय रामबहादुर लोहार ।

'जति काम गर्दा पनि दुई छाक खान र एकसरो लगाउन कहिलै नपुग्ने भयो', रामबहादुर भन्छन्, 'अब त रिस पनि उठ्न थाल्यो, कोही कामै नगरी मोजमस्तीको जिन्दगी बिताउने, कोही जति काम गर्दा पनि भोकभोकै बस्नु पर्ने ?' समाजमा कथित माथिल्लो जातिका परिवारहरूका लागि फलामका हसिया, फाली लगायतका सामान बनाइदिने रामबहादुर भन्छन्, 'अब त जनताको सरकार आयो भन्छन् । तर, खोइ हाम्रो सरकार देखिएको छैन् । गरिब भोकभोकै धनी मोजमस्तीमै छन् ।'

'मेरा सबै सात सन्तानले काममा सघाउँदा पनि कहिल्यै राम्ररी खान लाउन पुगेन', उनी दुःखेसो गर्छन्, 'हुनेखाने मानिनेहरू कति मेहनत गर्छन् र ?' पुर्ख्यौली सम्पत्ति नहुँदा गरिबीको मार खेप्नु परे को निक्यौलमा पुगेका रामबहादुर परिश्रमको मूल्य नभएकोमा खिन्न छन् । '१२ घन्टा काम नगरेको दिनै छैन । तर, अभावले कहिल्यै छोड्दैन । मान्छेहरूमा समानताको कुरा उठ्ने गरे पनि धनी मान्छेहरू माथि उठिरहेको र गरिबहरू अझ तल झरिरहेकोतर्फ इंगित गर्दै रामबहादुर भन्छन्, 'अब त आउनु पर्ने हो- काम गर्ने मान्छेहरूले परिश्रमको मूल्य पाउने दिन ।'

पढेर शिक्षिका बन्ने इच्छा लिएकी चिसापानीकै १५ वर्षीया तीलसरा सुनारले गत साल कक्षा ६ मा अध्ययन गर्दा लागेको शुल्क ९ सय १० रुपैयाँ विद्यालयलाई तिर्न नसक्दा परीक्षाफल रोकियो र कक्षा ७ मा पढ्ने उनको धोको अधुरो रह्यो । जति अर्काको काम गर्दा पनि बाबु मोतीलाल सुनारले छोरीको पढाइ खर्च जुटाउन नसकेपछि तीलसराले बीचमै पढाइ नछोडी धर पाइनन् ।

सधैं अर्काको काममा घोटिरहने मोतीलालले कमाएको पैसाबाट दुई छाक टार्न सके पनि दुई छोरा र एक छोरीको पढाइ खर्च नधानिंदा छोराछोरीको पढाइ बीचमै अवरुद्ध भएको हो । 'गाउँमा पुग्ने कोही नौलो मान्छे देख्नेबित्तिकै केही उपाय बताइदिन्छन् कि भनेर झुम्मिने तीलसरा आँखाभरि आँसु पार्दै भन्छिन्, 'हाम्रा बाबाले मेहनत नगरेको दिनै छैन । तैपनि, हामी शिक्षाको उज्यालोबाट बन्चित हुनु परेको छ ।'

यो समस्या यहाँका दुई/चारजना गरिबले मात्र भोगेका होइनन् । अहोरात्र काममा खटिरहने विपन्न जनताले भोग्दै आएका साझा समस्या हुन् ।

किन परिश्रम गर्ने विपन्न मान्छेहरू आर्थिक दृष्टिकोणले उभो लाग्न सकेका छैनन् त ? सबैका आ-आफ्नै धारणा छन् । महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्जका उपप्राध्यापक डा. जनार्दन आचार्य भन्छन्, 'अझै पनि नेपालमा परिश्रमको महत्त्व बुझिएको छैन, सकभर मान्छेहरू ठगठाग गर्न खोज्छन् ।' परम्परादेखि पछि पर्दै आएका जनजाति र समूहलाई राज्यले सहयोग गर्नुपर्ने बेला उल्टै विगतदेखि मूलधारमा रहँदै आएका समूहहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने भएपछि उनीहरू माथि उठ्न गाह्रो हुन्छ ।'

समाजका केही अगुवा भने गरिबहरू माथि उठ्न नसक्नुमा नेपाली अर्थव्यवस्था पनि कारक मान्छन् । गरिबहरूले खरिद गर्नुपर्ने वस्तुको मूल्य बढेको छ । तर, उनीहरूले गर्ने परिश्रम तथा कृषकहरूले उत्पादन गर्ने वस्तुको मूल्य घट्दो छ ।

एक नेपालीको प्रतिव्यक्ति आय औसत वार्षिक २ सय १० अमेरिकी डलर मानिँदै आए पनि विपन्न खासगरी पछाडि परेका जनजाति र विकट स्थानमा बसोवास गर्नेहरूको आय अत्यन्तै न्यून छ । राज्यले जहिले पनि पहुँचवालाको प्रतिनिधित्व हुने गरी सेवा सुविधा विस्तार गर्ने गरेको आरोप दलितहरूले लगाउँदै आएका छन् । 'दलित र गैरदलितबीच कहिले पनि समान व्यवहार भएन', दलित सेवा संघका केन्द्रीय सदस्य ईश्वरी विक भन्छन्, 'विपन्न वर्गलाई माथि उठाउने प्रयास नगरिएसम्म राज्यको विकास पनि हुन सक्दैन ।'

गरिबको सेवा गर्न खुलेको भनिएका कुनै गैरसरकारी संस्थामा काम गर्ने व्यक्तिको मासिक आम्दानी २५ हजार हुन्छ । तर, हामी गरिबको भागमा आँसु मात्र पर्छ,' नैना लोहार भन्छिन्, 'कसैलाई पैसा कहाँ राखौं भन्ने चिन्ता छ भने कसैलाई कसरी दुई छाक गुजारा गर्ने भन्ने चिन्ता ।'

गरिबीको पीडा कतिसम्म हुँदो रहेछ भन्ने अर्को उदाहरण पनि ३० घर दलित परिवार बस्दै आएको बाँकेकै चिसापानीमा देख्न सकिन्छ । पहिलो सन्तान जन्मेको दुई वर्ष नपुग्दै २० वर्षीया तुल्सी लोहार साहुको ऋण लिएर कुवेत पुगेकी छन् । दुधे छोराले आमाको माया त पाएन नै कुवेतमा तुल्सी बिरामी परेको खबर पाउँदा ज्यूँदै मेरतुल्य भएका छन्, उनका परिवारजन ।

■ **रुद्र खड्का/नेपालगन्ज** (तस्वीर पनि)


**Mobile Unlock and Repairing**

हरेक किसिमको मोबाइल Unlock तथा Repairing ग्यारेन्टीका साथ गरिन्छ ।



**Namaste Mobile Service Center**

Shop No. 120, 1st Floor
Bishal Bazar, Supermarket
Tel : 01-4228151
Mobile : 9851021166

प्रधान कार्यालयले कारबाही गरेका भगौडाहरू पुनःस्थापित गर्ने कदमले बफादार प्रहरीको मनोबल गिराउने काम मात्र गर्छ ।

# भगौडालाई स्वागत



भास्कर ओझा

**गृहमन्त्री कृष्णप्रसाद** सिटौलाको राजनीतिक फैसला कार्यान्वयन गर्न प्रहरी प्रधान कार्यालय प्रशासन शाखाका लागि ठूलो चुनौती बनेको छ । मन्त्री सिटौलाले असार २१ गते गरेको एउटा निर्णयपछि कार्यालयको निर्णय अटेर गरी युनिफाइड कमान्डमा नगएका र माओवादी प्रभावित क्षेत्रमा सरुवा भएपछि पनि त्यस्ता क्षेत्रमा जानुको सट्टा विभिन्न बहाना देखाएर 'फरार' भएका ५३ जना सइ (प्रहरी नायब निरीक्षक)हरूलाई चार वर्षपछि पुनर्बहाली गरी स्वागत गर्नुपर्ने बाध्यता आइपरेको छ, प्रहरी प्रधान कार्यालयलाई ।

ती भगौडा प्रहरीको २०६३ साउन १ गतेदेखि औपचारिक पुनर्बहाली भए पनि साउन ३० गतेसम्म हाजिर हुन आउने त्यस्ता भगौडा भाग्यमानीको संख्या ३९ मात्र पुगेको छ । नाम उल्लेख गर्न नचाहने एक वरिष्ठ प्रहरी अधिकारी भन्छन्, 'भगौडा भनेर प्रधान कार्यालयले कारबाही गरेकाहरू पुनःस्थापित भएर आउनु संगठनका लागि दुर्भाग्य हो । यसले बफादार प्रहरीको मनोबल गिराउने काम मात्र गर्छ ।'

अधिकारीहरूका अगाडि पुनर्बहाली पाएकाहरूलाई सुगम र राम्रो ठाउँ दिनुपर्ने दबाब पनि उत्तिकै छ । ती प्रहरी अधिकारी भन्छन्, 'नराम्रो र दुर्गम ठाउँमा पठायो भने फेरि राजनीतिक दबाब आइहाल्छ ।' प्रशासन विभागले गृह मन्त्रालयमा उनीहरूको व्यवस्थापन गर्न नयाँ दरबन्दी माग गरेको छ ।

प्रहरी प्रधान कार्यालयले कारबाही गरेका प्रहरी नायब निरीक्षक तहसम्मका कर्मचारीका बारेमा अन्तिम पुनरावेदन सुन्ने र निर्णय गर्नसक्ने अधिकार गृह मन्त्रालयसँग छ । सिटौलाले कानुनी प्रावधान टेकेर राजनीतिक निर्णय गरेको गृहमन्त्रालयका अधिकारीहरू बताउँछन् । तर, सिटौलाको यो निर्णयले संगठनमा जे पनि गर्न पाइन्छ भन्ने सन्देश दिएको छ । स्रोतका अनुसार मन्त्री सिटौलाले राजा ज्ञानेन्द्रको २०५९ असोज १८ पछिको शासन कालमा संगठनको निर्णय अटेर गरेर काममा नगएकाहरूलाई राजनीतिक आस्थाका आधारमा पुनर्बहाली गर्ने काम गरेका हुन् ।

कार्यवाहक प्रहरी महानिरीक्षक ओमभक्त राणाको सचिवालयका एक अधिकारी निर्णय अटेर गरेर काममा नगएकाहरूलाई राजनीतिक आस्थाका आधारमा पुनर्बहाली गर्ने निर्णय गरेकोमा आश्चर्यचकित भएको बताउँदै भन्छन्, 'काममा नगएर भाग्दा पनि हुँदो रहेछ भन्ने सन्देश गयो ।' ती अधिकारी भन्छन्, 'आफैंले बर्खास्त र जागिर खोसुवा गरेका भगौडाहरूलाई पुनर्बहाली गर्नुपर्ने नियति भोग्नु परेको छ, हाम्रा कार्यावाहक आइजी सापले ।' स्मरणीय छ, संगठनले खटाएको ठाउँमा हाजिर नभएको आधारमा जागिर खोस्ने अतिरिक्त महानिरीक्षक स्वयं राणा नै हुन् । यसअघि उनी प्रशासन विभाग प्रमुख थिए ।

हाल पुनर्बहाली पाएका एक सइ आफ्नो वर्णन यसरी सुनाउँछन्, 'म नवलपरासीमा थिएँ, २०५९ फागुनमा मेरो सरुवा गोरखा भयो । म त्यहाँ जान चाहिनँ, ममाथि माओवादी प्रभावित क्षेत्रमा नजान परिवारको पनि दबाब थियो । म घरमै बसेँ, २०५९ चैत १२ गते मलाई जागिरबाट हटाएको सूचना निस्कियो । मैले विरामी भएको डाक्टरी सिफारिस सहित वकिलको सहयोगमा गृहमन्त्रालयमा पुनरावेदन गरेको थिएँ । अहिले पुनःस्थापना भएको छ, म हाजिर गर्न नियमित रूपमा हेडक्वाटर जान्छु ।' पुनःस्थापित प्रायः सबैको कहानी यस्तै छ । उनीहरू माओवादीको डरले जागिर छोड्न तयार भएका हुन् । तर, औपचारिक रूपमा तत्कालीन सत्ताले 'प्रजातान्त्रिक' विचारधाराका कारण आफूहरू माओवादी प्रभावित क्षेत्रमा खटाइएकाले राजनीतिक पीडित भएको व्यहोराका अपिल गरे । मन्त्री सिटौलाको यो निर्णयले गृहमन्त्रालयमा सरोकारवाला अधिकारीहरू चित्त बुझाउन सकिरहेका छैनन् भने प्रहरी हेडक्वाटरका लागि पुनःस्थापित सइहरू सहिनसक्नु बनेका छन् ।

गृहमन्त्रीलाई सइ, असइको पुनरावेदन सुन्ने अधिकार दिएको छ । त्योभन्दा माथिल्लो तहको पुनरावेदन मन्त्रिपरिषद्ले मात्र सुन्न सक्छ । कतिपय भगौडा इन्सपेक्टरहरूले मन्त्रिपरिषद्मा पुनःस्थापना गराउने दौडधुपमा लागेको बुझिन्छ । त्यस्तो कानुनी आड लिएर पुनःस्थापनाको माग गर्ने र सयममै औपचारिक कानुनी प्रक्रिया पूरा गरेकाबाहेक माओवादी क्षेत्रमा खटाएपछि आफूखुसी जागिर छोडेका प्रहरी, सशस्त्र प्रहरीका ठूलो संख्याका जवानहरूले पुनर्बहालीको माग गर्दै आवेदन गर्ने क्रम जारी छ ।

## नौ नयाँ डिआइजी

साउन २९ गते बसेको मन्त्रिपरिषद्को बैठकले नौजना एसएसपीलाई डिआइजीमा बढुवा गरेको छ । गत चैतमा खाली भएका ५ र एक वर्षदेखि खाली रहेको ४ रिक्त पदमा रवीन्द्रप्रताप शाह, रमेशचन्द ठकुरी, कृष्णप्रसाद श्रेष्ठ, केबी राना, नरेश गुरुङ, देवीलाल तामाङ, प्रकाश रञ्जित, दीपक श्रेष्ठ र मदन खड्का बढुवा गरिएका छन् । मूलतः वरिष्ठताका आधारमा बढुवा गरिएको देखिन्छ ।

गृहमन्त्रालयका अनुसार अब चाँडै नै डिआइजीभन्दा तल्लो तहमा धमाधम बढुवा हुनेछ । डिआजीको बढुवाको बारेमा खासै विवाद र प्रश्न उठन नसक्ने भए पनि जति जति तल्लो पदमा ओर्लियो त्यत्तिकै मात्रामा प्रतिस्पर्धा बढ्ने भएकाले प्रतिस्पर्धीहरू 'राजनीतिक कृपा' पाउने दौडधुपमा लागिपरेका छन् ।

बढुवाका बारेमा गृहमन्त्री सिटौलाले, पूर्व कांग्रेसी गृहमन्त्रीहरूको सल्लाह लिने गरेको जानकारहरू बताउँछन् । डिआजीमा बढुवा र गत वैशाखमा गरिएको जिल्ला प्रहरी प्रमुख तथा इन्सपेक्टरहरूको सरुवाको आधारमा त्यस्तो आशंका गरिएको हो । सिटौलालाई प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला स्वयंले पार्टीका पुराना केही गृहमन्त्रीको सल्लाहमा चल्न निर्देशन दिएको बताइन्छ ।

माओवादी द्वन्द्व सुरु भएलगत्तै माओवादीको आक्रमणको सिकार बनेको प्रहरी संगठनमा राजाको प्रत्यक्ष शासन कालमा सेनाको दबदबा रह्यो भने लोकतान्त्रिक कालमा 'राजनीतिक' चलखेलको सिकार बन्ने खतरा अझ बढ्दो छ, विशेष गरी कांग्रेसीकरणको खतरा । सरुवा बढुवा जस्ता जागिरे जीवनसँग जोडिएका विषयहरू संगठनको निश्चित मापदण्ड, विधि र नियमअनुसार हुनुपर्ने जानकारहरू बताउँछन् । उनीहरूका अनुसार सरुवा बढुवा, पदस्थापना जस्ता कुरालाई राजनीतिभन्दा माथि उठेर विधिको शासनमा बाँध्न सकिएन भने 'निराशाले व्याप्त' प्रहरी संगठन क्षतविक्षत हुन बेर लाग्दैन ।

■ **विश्वमणि पोखरेल/काठमाडौं**



जारी 'जनअदालत': रामकुमार राईलाई असार ७ गते घर नजिकै मारेर झुन्ड्याइएको आरोपमा माओवादीले नियन्त्रणमा लिएका महासिंह लिम्बू ।



माओवादीको नियन्त्रणमा रहेका आशबहादुर राईको मृत्युपछि भावविह्वल भएकी श्रीमती रामकुमारी राई र उनका छोराछोरी

# उस्तै छ सास्ती

**जिल्ला विकास समितिमा** साउन ३ गते बसेको सर्वपक्षीय भेलाले निकासी कर संकलनमा अवरोध नगर्ने सर्तमा ५० प्रतिशत जिल्ला निकासी कर माओवादीलाई दिने निर्णय गरेको खबर सुन्दा इलामका काठ व्यापारी टंक आचार्यले माओवादीलाई छुट्टै कर तिर्नु नपर्ने भो भनेर ढुक्क भएका थिए । तर, भोलिपल्ट पनि काठ निकासी गरेबापत प्रतिफुट एक रुपैयाँको दरले माओवादीलाई कर तिर्नुपर्दा उनी छक्क परे ।

जिल्ला विकास समितिका कर्मचारीले इलाम र झापाको सीमावर्ती किटेनीमा साउन १ गतेदेखि निकासी कर संकलन गर्न लाग्दा माओवादीले अवरोध गरेपछि उनीहरूलाई अन्तरिम सरकार गठन नभएसम्म निकासी करको ५० प्रतिशत दिने सहमति भएको थियो । माओवादीले जनमुक्ति सेना पाल्नका लागि 'स्थानीय सत्ता'ले कर उठाउन पाउनुपर्ने बताएपछि संकलित निकासी कर आधा आधा बाँड्ने सहमति गर्नुपरेको तत्कालीन स्थानीय विकास अधिकारी दीपेन्द्रराज पौडेलले बताए । उक्त सहमतिपछि माओवादीले 'जिल्ला निकासी कर' भनेर सिमानाबाट कर उठाउन चाहिँ छोडेका छन् । तर, जिल्लाभित्र एक गाविसबाट अर्को गाविसमा निकासी गर्दा उनीहरूले कृषिजन्य विभिन्न सामग्रीमा 'किरात गणतन्त्र सरकार'को नाममा धमाधम कर संकलन गरिरहेका छन् । उनीहरूले आलुमा प्रतिबोरा पाँच रुपैयाँ, काठमा प्रतिफुट एक रुपैयाँ, अलैंचीमा प्रतिबोरा ७५ रुपैयाँ उठाउने गरेको स्थानीय व्यापारीहरूले बताए ।

माओवादीले व्यापारीहरूलाई लगानीको १० प्रतिशत कर उठाउन अझै छाडेका छैनन् । जिल्लाका व्यापारी तथा किसानहरूको एक टोलीले माओवादी जनसरकारका पदाधिकारीहरूलाई दुई साताअघि भेटी आफूहरू मर्कामा परेको जनाउँदै कर नउठाउन अनुरोध गरे । तर, माओवादीले कर उठाउने कार्य बन्द गर्न नमिल्ने जवाफ दिएको र यसबारेमा पत्रकारहरूलाई नभन्न धम्कीसमेत दिएको उनीहरूले बताएका छन् । उता माओवादी जिल्ला जनसरकार उपप्रमुख विजयले स्थानीय सत्ता सञ्चालन गर्न कर संकलन कार्यलाई निरन्तरता दिइएको बताउँदै यसबारेमा बसेर छलफल गर्न पनि सकिने जवाफ *समय*लाई दिए ।

माओवादीले साउन २० गते इलाममा शान्ति र लोकतान्त्रिक गणतन्त्रका लागि सामना जनसंगीत अभियान नाम दिइएको सांस्कृतिक कार्यक्रममा २० रुपैयाँदेखि १० हजार रुपैयाँसम्मका टिकट बनाएका थिए । उनीहरूले एक महिनादेखि व्यापारी, कर्मचारी, सर्वसाधारण लगायतलाई टिकट जबर्जस्ती बिक्री गरेका थिए । इलाममा यसअघि एक हजार रुपैयाँभन्दा बढीको टिकट कुनै कार्यक्रममा पनि बिक्री गर्ने गरिएको थिएन । त्यसबाहेक विभिन्न संगठनको सहयोगको नाममा उनीहरूले जबरजस्ती चन्दा असुली गर्ने गरेको पीडितहरूले बताएका छन् । 'माओवादी नेता र सरकारबीच जति नै समझदारी र सहमति भए पनि गाउँका मान्छेलाई सास्ती उस्तै छ', एकजनाले बताए ।

## अपहरितद्वारा 'आत्महत्या'

माओवादीले इभाङ-४ निवासी रामकुमार राईको हत्याको छानबिन गर्न भनेर साउन ८ गते नियन्त्रणमा लिएका इभाङ-४ कै आशबहादुर राईले झुन्डिएर आत्महत्या गरेका छन् । रामकुमार राईलाई असार ७ गते घर नजिकै मारेर झुन्ड्याइएको खबर थाहा पाएपछि माओवादीले छानबिनका लागि आशबहादुरसहित उनकी बहिनी ललिता राई र महासिंह लिम्बूलाई नियन्त्रणमा लिएका थिए । माओवादीको नियन्त्रणमा रहेका ३८ वर्षीय आशबहादुर राई साउन २५ गते बाँझो-५ स्थित चिसोपानी पञ्चमी बजारको नजिकै झुन्डिएको अवस्थामा भेटिएको खबर पाएपछि उनका परिवारजन र आफन्तहरू माओवादीप्रति आक्रोशित भएका छन् । उनीहरूले आशबहादुरलाई माओवादीबाट हत्या गरिएको आरोप लगाइरहेका छन् । उनको लास सडिसकेको अवस्थामा फेला परेको थियो । समाज भेला गरी आशबहादुरलाई १५ गतेसम्ममा घरमै ल्याइदिने कागजसमेत गरेर नियन्त्रणमा लिएको उनका दाजु देशहर्क राईले बताए ।



मत्स्यन्यायको रूप भाटे कारबाहीः चोरीको आरोपमा माओवादीले लगातार दुई घन्टा पिठ्युँमा भाटा हानेपछिको नीलडाम देखाउँदै पीडित १३ वर्षीय बालक नेत्रप्रसाद राईकी आमा कौशिला ।

माओवादीले बाँफो-५ का महेन्द्र राईको घरमा भागेर आत्महत्या गरेको बताउँदै आएको छ । लास सडिसकेकाले हत्या कि आत्महत्या छुट्याउन गाह्रो भएको प्रहरी निरीक्षक गोविन्द बस्नेतले बताए । उनले घटनाको निरन्तर अनुसन्धान गरिने पनि बताए । बस्नेतको नेतृत्वको टोलीले नै उक्त लासको साउन २८ गते मुचुल्का उठाएको थियो । उता आफूहरूले पनि उक्त घटनाको अनुसन्धान गर्ने र पार्टीको गल्ती भएको ठहरिए पार्टी आत्मालोचित हुन पछि नहट्ने र सम्बन्धित कार्यकर्तालाई कारबाही गर्ने पनि माओवादीका जिल्ला सेक्रेटरी अस्मिताले बताइन् ।

आशबहादुरको मृत्युपछि आठजनाको परिवार बिचल्लीमा परेको छ । निम्न आर्थिक अवस्था भएका उनका १८ वर्षमुनिका चार छोरा र तीन छोरी छन् र श्रीमती रामकुमारी राई दमको रोगी छन् । 'बुहारीको उपचार गर्दा नै उनको घरलाई एक लाखभन्दा बढी ऋण लागेको छ', दाजु देशहर्क राईले भने ।

आशबहादुर राईसँगै नियन्त्रणमा लिइएका अन्य दुईजना भने माओवादीकै नियन्त्रणमै छन् । जिल्ला सेक्रेटरी अस्मिताका अनुसार हत्याकै आरोपमा प्याङका एक, जमुनाका चार र मंगलबारे गाविसका एक गरी अन्य ६ जना माओवादीको नियन्त्रणमा छन् । 'हामीले सबै प्रक्रिया सकेका छौं । एक साताभित्रै सबैलाई छोड्छौं', अस्मिताले भनिन् । माओवादीले सुलुबुङका एक र जिर्मलेका एकजना पूर्व माओवादी कार्यकर्तालाई पनि नियन्त्रणमा राखेका छन् । नियन्त्रणमा लिएका दुई पूर्व माओवादी कार्यकर्ता गत महिना भागेको माओवादीले बताएका छन् ।

## बालकमाथि निर्घात कुटपिट

माओवादीका कार्यकर्ताले बरबोटे-८ का एक बालकमाथि साउन २७ गते शनिवार निर्घात कुटपिट गरेका छन् ।

आफूलाई जनमिलिसिया बताउने गोपाल राई र तिलाचन राई लगायतको समूहले बरबोटे-८ का १३ वर्षीय नेत्रप्रसाद राईलाई घरबाट पैसा चोरेको आरोप लगाउँदै साँझ सात बजेदेखि दुई घन्टासम्म बाँसको भाटाले कुटपिट गरे ।

कुटपिटबाट घाइते भएका छोरा नेत्रप्रसाद राईको उपचारका लागि सदरमुकाम आएकी कौशिला राईले भनिन्, 'छोराकै गल्ती भएको भए पनि सम्झाउँदा त मेरो छोराले बुझ्थ्यो होला नि !'

माओवादीले नेत्रप्रसाद राईलाई छिमेकी भीमसेन लिम्बूको घरमा गएका बेला समातेर घर पछाडि लगी कुटपिट गरेका थिए । कुटपिटबाट हात र डडाल्नुमा नीलडाम बसेको छ । कुटपिटपछि माओवादी कार्यकर्ता तिलाचन पौडेलले 'तिम्रो छोरा भोलिदेखि स्कुल जान्छ' भन्दै घरमा ल्याइदिएको आमा कौशिला राईले बताइन् । कुटपिटपछि तीन दिनसम्म खानेकुरा खान नमानेको र स्कुल पनि नगएको उनले बताइन् । नेत्रप्रसाद अमर उच्च माविमा कक्षा ६ मा पढ्थे । उता माओवादीका जिल्ला सदस्य अमरले छानबिन गरेर कारबाही प्रक्रिया अघि बढाउने बताएका छन् ।

■ **रोशन साँवा/इलाम** (तस्वीर पनि)



कोइरालाको सम्मानजनक स्थान दिने प्रतिबद्धता नै कांग्रेस (प्रजातान्त्रिक)लाई एकताका निम्ति अघि सार्ने महत्त्वपूर्ण मुद्दा हो ।

# भँगालो मिसिँदै

■ विश्वमणि पोखरेल/काठमाडौं



गिरिजाप्रसाद कोइराला

तस्वीरहरू : भास्कर ओझा

**जनआन्दोलन–२ को** बलमा प्रतिनिधिसभा पुनःस्थापना भएको तेस्रो दिन २०६३ वैशाख १३ गते नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला सात दलद्वारा प्रधानमन्त्री नियुक्त भइसकेको तर शपथग्रहण भइनसकेको अवस्थामा कोइरालानिवास महाराजगन्जमा कांग्रेस नेताहरू आमोदप्रसाद उपाध्याय, डा. रामशरण महत, डा. शेखर कोइराला, रामकृष्ण ताम्राकारहरू जम्मा भएर कोइरालालाई आग्रह गरे, 'तपाईंले माओवादी विद्रोह समाधान गर्ने ठूलो काम गर्नुभएको छ, अब पार्टी (कांग्रेस) मिलाउने काम पनि गर्नुस् ।'

कोइरालाले तत्काल आदेश दिए, 'ल शेरबहादुरलाई बोलाउनुस् ।' डा. शेखरको मोबाइलबाट देउवाको मोबाइलमा खबर गरियो, केही मिनेटमै उनी हतारिँदै कोइरालासमक्ष उपस्थित भए । देउवा, सरकार गठन गर्ने बारेमा छलफल गर्न बोलाएको मानसिकतामा हतारिँदै कोइराला निवास पुगेका थिए । तर, उनका सामु कोइरालाले 'पार्टी मिलाउनु पर्‍यो' भन्ने प्रस्ताव राखे । स्वभाविक रुपमा देउवा अन्योलमा परे । अघिल्लो दिनको सात दलको बैठकमा देउवाले कोइरालासमक्ष पुनःस्थापित प्रतिनिधिसभामा बेग्लै बस्न पाउनुपर्ने, पार्टीगत मान्यता माग गरेका थिए र कोइरालाबाट त्यसको स्वीकृति पाएका थिए । चार वर्षअघि प्रतिनिधिसभा विघटन विवादकै कारण विभाजित कांग्रेस (प्रजातान्त्रिक)सँग संविधानअनुसार सदनमा बेग्लै हैसियत प्राप्त गर्ने ४० प्रतिशत सांसद थिएनन् । तर, कोइरालाको स्वीकृति पाएर बेग्लै संसदीय दलको हैसियत प्राप्त गरेको २४ घन्टा बित्न नपाउँदै आएको एकीकरणको हठात् प्रश्नको उत्तर दिन सक्ने अवस्थामा देउवा थिएनन् । उनी ठूलो मानिसले उदारता देखाउनु पर्छ भन्दै बाहिरिए ।

तर अहिले साढे तीन महिनाको राजनीतिक उतार चढावपछि कांग्रेसको दुई भँगालो दोभानको नजिक पुगेको छ । देउवाले कुन उद्देश्य राखेर उदारताको अपेक्षा गरेका थिए, त्यो नखुले पनि कोइराला भने साँच्चिकै 'उदार' भएर प्रस्तुत हुन थालेका छन् । साउन २९ गते गृहनगर विराटनगर पुगेर कोइरालाले दसैंअघि नै पार्टी एकीकृत गर्ने महत्त्वपूर्ण घोषणा गरे । ठूलूला र राष्ट्रिय राजनीतिमा महत्त्व राख्ने राजनीतिक घोषणाहरू विराटनगरबाटै गर्न रुचाउने कोइरालाले भने, 'म कसैको प्रतिष्ठा खत्तम गर्दिनँ, सम्मानजनक स्थान दिन्छु ।'

कोइरालाको सम्मानजनक स्थान दिने प्रतिबद्धता नै कांग्रेस (प्रजातान्त्रिक)लाई एकताका निम्ति अघि सार्ने महत्त्वपूर्ण मुद्दा हो । कारण, माघ १९ राजा ज्ञानेन्द्रद्वारा अपदस्त गरिएका र पछि शाही आयोगको बन्दी बनेका देउवाले मुक्तिलगत्तै केन्द्रीय समितिबाट कांग्रेस प्रजातान्त्रिक 'सम्मानजनक एकताको पक्षमा' रहेको राजनीतिक प्रस्ताव पास गरेका थिए ।

कांग्रेस एकीकरणको प्रयास, विभाजन लगत्तैदेखि विभिन्न पक्षबाट हुँदै आएको हो । राजा ज्ञानेन्द्रले असोज १८ मा जननिर्वाचित प्रधानमन्त्री देउवालाई अपदस्त गरेपछिको राजनीतिक स्थितिमा विभिन्न तहबाट एकीकरण हुनु पर्छ भन्ने आवाज उठ्न थालेको हो । तर, कांग्रेस सत्तापन पक्षले एकातिर कांग्रेस (प्रजातान्त्रिक)लाई 'प्रतिगमनविरुद्ध'को आन्दोलनमा समेत सहभागी नगराउने असहिष्णु नीति लियो भने अर्कोतिर त्यसै बेला पनि पार्टी सभापति कोइराला स्वयंले एकीकरण गर्ने जिम्मा केन्द्रीय समितिबाट अनुमोदन गराएर आफैंले लिएका थिए ।

तर अहिले असोज १८ र माघ १९ हुँदै मुलुकको राजनीतिक स्थिति गणतन्त्रात्मक दिशामा अघि बढेको छ । एमाले, माओवादी लगायतका कम्युनिष्ट पार्टीहरू लोकतान्त्रिक गणतन्त्रको नारा लिएर अघि बढेको अवस्थामा कांग्रेस एकता टड्कारो बनेको देखिन्छ । पाँचौंपटक प्रधानमन्त्रीको जिम्मेवारी सम्हालिरहेका कोइराला र तीनपटक प्रधानमन्त्री भइसकेका देउवा दुवैमाथि पार्टीभित्रैबाट उठेको एकीकरणको दबावभन्दा अमेरिका, भारत, बेलायत



शेरबहादुर देउवा

लगायत नेपालको राजनीतिमा चासो राख्ने मित्र राष्ट्रहरूको चर्को दबाब परेको जानकारहरू बताउँछन् । यसबाहेक पार्टी एकताका लागि संस्थापक नेता कृष्णप्रसाद भट्टराईको नैतिक दबाब पनि उत्तिकै परेको छ । भट्टराईले पार्टी एकीकरण नभई आफू प्रतिनिधिसभामा उपस्थित नहुने अडान दोहोऱ्याउँदै आएका छन् । उनले २०६२ माघमा प्रेस विज्ञप्ति प्रकाशित गरी राजाको प्रत्यक्ष शासनको चरम कालमा दुवै पार्टीका नेताहरूलाई व्यक्तिगत अहं र महत्त्वाकांक्षा पन्छाएर एक हुन आह्वान गरेका थिए ।

कांग्रेसजन आउँदो सातासम्म एकताको प्रक्रिया नै सुरु हुने विश्वासमा देखिन्छन् । कोइरालाले साउन तेस्रो साता बसेको कांग्रेस केन्द्रीय समितिको बैठकमै एकता अभियान संचालन गर्ने प्रस्ताव राखेर केन्द्रीय समितिबाट काम गर्ने अनुमति लिएका छन् भने २७ साउनमा बसेको संसदीय दलको बैठकमा सांसदहरूलाई पनि एकताको राजनीतिबारे जानकारी गराएका छन् ।

प्रजातान्त्रिक कांग्रेसले पनि कोइरालाको एकीकरण प्रस्तावलाई सकारात्मक रुपमा लिएको छ । सभापति देउवाले ३१ साउनमा जारी वक्तव्यमा भनेका छन्, 'नेपाली कांग्रेस (प्रजातान्त्रिक) सदैव सम्मानजनक रूपमा दुवै कांग्रेसको एकीकरणको पक्षमा रहेको कुरा मैले पटक पटक भन्दै आएको छु । तसर्थ प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले आफू सम्मानजनक कांग्रेस एकीकरणको पक्षमा रहेको भन्ने अभिव्यक्तिलाई स्वभावत: सकारात्मक रुपमा लिएको छु ।' देउवाले एकीकरणका केही सर्तसमेत अघि सारेका छन् । वक्तव्यमा भनिएको छ, 'गाउँदेखि केन्द्रसम्म सबै साथीहरूको हरेक तहमा सम्मानजनक स्थान र सक्रिय सहभागिता पूर्णरुपमा सुनिश्चित हुने आधार र वातावरण सृजना हुनु, केही वैचारिक-सैद्धान्तिक अस्पष्टताहरूलाई स्पष्ट पार्दै पार्टीलाई पूर्णरुपमा लोकतान्त्रिक ढाँचामा सञ्चालन गर्ने विषयमा सहमति बन्नु नै भावनात्मक एकता र सम्मानजनक एकीकरणको आधार हो ।'

किन एकीकरण ? यो प्रश्नको चित्तबुझ्दो उत्तर न कोइरालाको सार्वजनिक अभिव्यक्तिबाट पाइन्छ न त देउवाको सार्वजनिक विज्ञप्तिमा भेटिन्छ । देउवाले एउटा विशिष्ट परिस्थितिमा कांग्रेस दुई पार्टीका रुपमा विभाजन भएको बताउँदै विभाजनलाई आफूहरूको इच्छाभन्दा पनि परिस्थितिको परिणाम भनेका छन् ।

कुनै बेला कोइराला क्याबिनेटका निकै प्रभावशाली सदस्य मानिने आमोदप्रसाद उपाध्याय भन्छन्, 'जनआन्दोलनबाट प्राप्त प्रजातान्त्रिक उपलब्धिहरू संस्थागत गर्न र लोकतन्त्रको लक्ष्य प्राप्त गर्न कांग्रेस एकीकरण आवश्यक भएको हो ।' केही वर्षदेखि कोइराला क्याबिनेटबाट टाढिएका उपाध्याय एकताको औचित्यबारे कोइरालालाई सम्झाउने र संस्थापक नेता भट्टराईलाई भूमिका खेल्न आग्रह गर्न दौडधुप गर्ने सीमित नेताहरूमध्येका हुन् । उपाध्याय भन्छन्, 'प्रजातान्त्रिक शक्ति कमजोर भए भने प्रजातन्त्र कमजोर हुन्छ ।' पार्टी विभाजनको कारण खोतल्दै उपाध्याय भन्छन्, 'दुवै पार्टीको राजनीतिक दर्शनमा कुनै भिन्नता छैन, नेताहरूबीचको अहं प्रमुख कारण थियो ।'

कांग्रेस (प्रजातान्त्रिक)का प्रवक्ता डा. मीनेन्द्र रिजाल पनि मुलुकको राजनीतिक आवश्यकताले कांग्रेस एकता खोजिरहेको बताउँछन् । रिजाल भन्छन्, 'मुलुक चुनौतीपूर्ण अवस्थामा छ र यो अवसर पनि हो । कांग्रेसजन एक भएर यो अवसरको उपयोग गर्नु पर्छ भन्ने माग बढिरहेको छ ।'

मुलुकको आवश्यकता र औचित्यको कसीमा देउवाभन्दा कोइराला एकीकरणका लागि हतारिएको र अग्रसरता लिएकाले उनलाई 'उदार' बन्न कुन राजनीतिले बाध्य पाऱ्यो भन्ने प्रश्न पनि उठेको छ । एकथरि सक्रिय राजनीतिको आखिरी समयमा कोइरालाले पार्टी विभाजनको दोष पखाल्न खोजेको सरल उत्तर दिन्छन् । तर, वामपन्थी पार्टीहरू 'लोकतान्त्रिक गणतन्त्र'को नारामा अघि बढेको अवस्थामा प्रजातान्त्रिक शक्तिहरूको मोर्चा बनाउन कोइराला अघि सरेको अर्थ पनि लाग्दै छ । एकीकरण भएको अवस्थामा संसद्मा कांग्रेस सबैभन्दा ठूलो राजनीतिक दल हुनेछ । कोइरालाले 'राजालाई पनि स्थान दिनु पर्छ' भन्ने गरेको र 'सेरेमोनियल राजतन्त्र'को पक्षमा आफूलाई उभ्याएकाले त्यसको भार एक्लैले थाम्न चुनौतीपूर्ण हुने भएकाले एकीकरणका निम्ति हात अघि सारेको अर्थ पनि लाग्दै छ । तर, मुलुकमा गणतन्त्रात्मक व्यवस्थाको पक्षमा अघि बढिरहेको अहिलेको तरल राजनीतिक स्थितिमा कांग्रेस एक भएर 'राजाको उद्धार' गर्ने उद्योग गर्न थाल्यो भने एकीकरण प्रत्युपादक हुन बेर लाग्दैन । एमाले र माओवादीले लोकतान्त्रिक गणतन्त्रको पक्षमा नारा घन्काइरहेको अवस्था छ भने कांग्रेसको राजनीतिक दर्शनमा विश्वास गर्ने युवाहरूको ठूलो जमात राजाविनाको लोकतन्त्रको पक्षमा उत्तिकै सक्रिय छ ।

कांग्रेस (प्रजातान्त्रिक)का उपसभापति प्रकाशमान सिंह, कांग्रेसले सुरुमा प्रजातान्त्रिकको अस्तित्वसमेत अस्वीकार गरेको, प्रतिगमनविरुद्धको आन्दोलन र जनआन्दोलनपछि मात्र पार्टीगत मान्यता दिएको विगतको व्यवहार कोट्याउँदै भन्छन्, 'हामी सम्मानजनक एकताको पक्षमा छौं, सार्वजनिक प्रतिबद्धता व्यक्त गर्ने काम भएका छन्, तर काम भइरहेको छैन ।'

त्यसो त प्रजातान्त्रिकभित्र टालटुले एकीकरण गर्नुको साटो पार्टीलाई वैकल्पिक प्रजातान्त्रिक शक्तिको रूपमा विकसित गर्नु पर्छ भन्नेहरूको संख्या पनि सानो छैन । पार्टी उपसभापति प्रकाशमान तथा महामन्त्री विमलेन्द्र निधि यस्तै मान्यता राख्नेमध्येका हुन् । निधि, एकीकरणका लागि नेतृत्वको एकीकरण भएर मात्र नहुने, नीति र कार्यक्रममा मेल हुनु पर्ने दाबी गर्छन् । देउवाको वक्तव्यमा पनि यस मान्यतालाई प्रमुखता दिइएको छ । वक्तव्यमा भनिएको छ, '....सैद्धान्तिक, व्यवहारिक र प्राविधिक आधार निर्माण गर्न सम्पूर्ण साथीहरूको सल्लाह र सुझावअनुसार संस्थागत रुपमै गरिनेछ भन्ने कुरा साथीहरूलाई गर्न चाहन्छु ।'

कांग्रेस र प्रजातान्त्रिकबीच सैद्धान्तिक राजनीतिक विषयमा पनि भिन्नताहरू छन् । राज्यको पुनर्संरचनाका बारेमा प्रजातान्त्रिक संघीय संरचनाको पक्षमा खुलेर लागेको छ भने कांग्रेस एकल राज्यप्रणालीको पक्षमा छ । त्यस्तै आरक्षण र राजतन्त्रका बारेमा कांग्रेसभन्दा प्रजातान्त्रिक प्रगतिशील देखिन्छ । त्यसैले पदीय बाँडफाँडको कुरा जति सजिलो छ, त्यसैगरी सैद्धान्तिक राजनीतिक विषयमा मन मिल्न सहज छैन ।

सत्ता, राजनीतिक महत्त्वाकांक्षा र आन्तरिक प्रजातान्त्रिक अभ्यासको चरम अभावका कारण चार वर्षअघि भँगालो फाटेको कांग्रेस फेरि मिसिने मोडमा पुग्नु लोकतन्त्रमा विश्वास गर्नेहरूका लागि सुखद कुरा हो । संक्रमणकालीन अहिलेको राजनीतिमा समन्वय र सहकार्य खाँचो छ । तर, कांग्रेसहरू आपसमा मिलेर लोकतान्त्रिक गणतन्त्रको नारा घन्काइरहेका कम्युनिष्टहरूभन्दा आफूहरू 'बलियो' भएको सोच्न थाले भने त्यसले राजनीतिक अस्थिरता निम्त्याउन सहयोग पुऱ्याउँछ । ■

अन्तर्राष्ट्रिय कम्युनिष्ट नेताका भनाइहरू प्रयोग गर्न बिर्सिसकेको नेपाल कम्युनिष्ट पार्टी (एमाले) केन्द्रीय कमिटीको बाह्रौं बैठकमा मार्क्स, एंगेल्स, लेनिन र माओका नाम र भनाइ बारम्बार आए। कम्युनिष्टहरूले सूत्र मान्ने ती नेताहरूका राजनीतिक साहित्य पनि एमालेको दुई साता लामो यो बैठकमा अनेकौं पटक उद्धृत भए। अन्तर्राष्ट्रिय कम्युनिष्ट साहित्य अध्ययन गर्न छाडिसकेका एमाले नेताहरूले मेहनतसाथ ती पुस्तकका पेज र हरफ उल्लेख गर्दै यो बैठकको वादविवादमा भाग लिएका थिए।

महासचिव माधवकुमार नेपालको २७ पेज लामो राजनीतिक प्रतिवेदनको विपक्षमा स्थायी समिति सदस्य झलनाथ खनालले ४८ पेजको दस्तावेज पेस गरेपछि पक्षविपक्षमा बहस गर्न एमाले नेताहरूले अन्तर्राष्ट्रिय कम्युनिष्ट साहित्य फेरि अध्ययन गर्ने कष्ट उठाउनु परेको हो। खनालले 'चालू जनक्रान्ति र हाम्रा कार्यभारहरू' नामको दस्तावेजमार्फत १९ दिने शान्तिपूर्ण जनआन्दोलन-२ लाई के भन्ने विवाद निकाल्दै 'यसरी विकसित भएको र अझै जारी रहेको नेपाली जनताको ऐतिहासिक विद्रोह २००६ वास्तवमा एउटा क्रान्ति नै हो' भन्ने विश्लेषण गरेका थिए। महासचिव नेपालले भने जनआन्दोलनलाई 'यसपटकको जनआन्दोलनले शान्तिपूर्ण जनक्रान्तिको स्वरुप ग्रहण गऱ्यो' मात्र भनेका थिए। बैठकको सबैभन्दा धेरै समय लिएको यो विवादलाई एमालेले 'जनक्रान्तिको स्वरुपसहितको जनआन्दोलन' उल्लेख गरेर टुंग्याएको छ।

केन्द्रीय समितिका ५७ सदस्यले भाग लिएको पछिल्लो जनआन्दोलनको नाम जुराउने विवाद एमालेले यसरी टुंग्याउनुमा खुला राजनीतिमा आउन लागेको माओवादीसँग भावी प्रतिस्पर्धामा आफ्नो हात माथि पार्न खोज्नु प्रमुख कारण थियो। माओवादी रणनीति बुझ्ने एमाले केन्द्रीय सदस्य शंकर पोखरेलले बैठकमा भने, 'विगत जनआन्दोलनलाई क्रान्ति नै हो भन्ने सूत्रीकरणले... उग्रवामपन्थबाट रुपान्तरण हुने प्रक्रियामा रहेको माओवादीलाई एमालेविरुद्ध प्रहार गर्ने र एमालेले लिँदैआएको क्रान्तिकारी वैचारिक आधारमा धावा बोल्ने आधार प्रदान गरिदिनेछ।' जनआन्दोलनलाई जनक्रान्ति नभनी पुँजीवादी जनवादी क्रान्ति (समाजवादउन्मुख नयाँ जनवादी अर्थात् बहुदलीय जनवादी क्रान्ति) गर्न बाँकी नै छ भन्दा माओवादीसँग प्रतिस्पर्धा र भिडन्त गर्न सजिलो हुने तथा आफ्ना कार्यकर्ता जोगाउन सकिने एमाले नेताहरूले ठम्याएका छन्। महासचिव नेपालले राजनीतिक प्रतिवेदनमा माओवादीसँगको भावी प्रतिस्पर्धा विचार गरेरै पार्टीको क्रान्तिकारी आवरण निर्माण गर्न यस्तो विश्लेषण राखेका थिए। निकै माथापच्ची गरेपछि एमाले बैठकले महासचिव नेपालको विश्लेषण नै पारित गऱ्यो।

प्रधान अन्तरविरोधबारे एमाले बैठकको निष्कर्ष पनि आफ्नो क्रान्तिकारी आवरण निर्माण गर्नमै केन्द्रित छ। जनआन्दोलन-२ को सफलतापछिको एघारौं बैठकबाट मात्र लोकतान्त्रिक गणतन्त्रलाई पार्टीको लक्ष्य स्पष्टरुपमा बनाएको एमालेले जनआन्दोलनले निरंकुश राजतन्त्रलाई पराजित गरे पनि ऊसँगको शत्रुतालाई नै अहिलेको 'मूलअन्तरविरोध' मानेको छ। एमालेले पनि माओवादीकै हारमा उभिएर 'दरबारिया निरंकुशतावादी शक्ति नै नेपाली जनताको मुख्य शत्रु हो' भनेको छ र 'राजतन्त्र नै नेपाली जनताको प्रहारको मुख्य निसाना पनि हो' भन्ने किटान गरेको छ। खनालले भने 'वर्तमान क्रान्तिबाट सामन्तवादको नेता राजतन्त्रलाई सदाका निम्ति नेतृत्वबाट तल झारिदिएको' र 'प्रधान वर्गीय अन्तरविरोधको यो बदलिएको स्थितिलाई गम्भीरतापूर्वक लिनु पर्ने' उल्लेख गर्दै 'अब नेपाली

# माओवादी पछार्ने कसरत

**जनआन्दोलनलाई जनक्रान्ति नभनी पुँजीवादी जनवादी क्रान्ति गर्न बाँकी नै छ भन्दा माओवादीसँग प्रतिस्पर्धा र भिडन्त गर्न सजिलो हुने तथा आफ्ना कार्यकर्ता जोगाउन सकिने एमाले नेताहरूले ठम्याएका छन्।**

**■ सुवास देवकोटा/काठमाडौं**
तस्वीरहरू : भास्वर ओझा, तेजबहादुर बस्नेत





**आगामी राजनीतिक प्रतिस्पर्धामा माओवादीसँग हुने टक्करको आँकलन गर्दै त्यसमा हावी हुन क्रान्तिकारी बन्ने प्रयासमा रहेको एमालेले ऊसँग सम्बन्ध सुधार्ने प्रयास पनि गरिरहेको छ। यही सन्दर्भमा एमाले बैठकले माओवादीसँग एकता–संघर्ष–एकताको नीति पारित गरेको छ।**

समाजको प्रधान वर्गीय अन्तरविरोध दलाल नोकरशाही पुँजीवाद र सामन्तवाद एकातिर र व्यापक जनसमुदाय अर्कोतिर भएको अन्तरविरोध बन्न थालेको' विश्लेषण गरेका थिए।

जनआन्दोलनको सफलतापश्चात् माओवादीसँगको प्रतिस्पर्धामा हावी हुन क्रान्तिकारी छविका आफ्ना दिवंगत महासचिव मदन भण्डारीको नाम बारम्बार लिन थालेका एमाले नेताहरूले यो बैठकमा पनि महासचिवको राजनीतिक प्रतिवेदनबारे छलफल हुँदा मदन भण्डारीको नाम बारम्बार दोहोऱ्याएका थिए। महासचिव नेपालको राजनीतिक प्रतिवेदनमा मदन भण्डारीद्वारा प्रतिपादित 'जनताको बहुदलीय जनवाद'को श्रेष्ठताबारे छुट्टै बुदा नै महत्त्वसाथ राखिएको छ भने २०४७ को संविधान निर्माणपछि पार्टीले त्यसप्रति असहमति व्यक्त गरेका २७ बुँदालाई पनि उत्तिकै महत्त्व दिइएको छ। तत्कालीन महासचिव मदन भण्डारीले २०४७ को संविधान निर्माण भएलगत्तै राजतन्त्रको अधिकार कटौती लगायत धर्म निरपेक्षतासम्बन्धी २७ बुँदामा आफ्नो पार्टीको असहमति रहेको विचार सार्वजनिक गरेका थिए।

## संविधानसभामा हक दाबी

सत्तारुढ सात दल र माओवादीको साझा एजेन्डा बनेको संविधानसभालाई मुलुकको साझा एजेन्डा बनाउन आफ्नो महत्त्वपूर्ण भूमिका रहेको एमाले बैठकले दाबी गरेको छ। बैठकले पारित गरेको महासचिव नेपालको राजनीतिक प्रतिवेदनमा भनिएको छ, 'माघ १९ को राजाको निरंकुश कदमपछि हाम्रो पार्टीले सात दलको एकताको प्रयासका क्रममा प्रतिनिधिसभा पुनःस्थापनालाई प्रस्थान बिन्दु र संविधानसभालाई निकासविन्दुका रुपमा एकीकृत गर्नु पर्ने मान्यता अघि सारेको थियो... प्रतिनिधिसभा पुनःस्थापनालाई संविधानसभाको निर्वाचनसम्म जोड्ने हाम्रो त्यो मान्यता नै सामयिक र सार्थक बन्न पुग्यो।' केही वर्षअघिदेखि नै संविधानसभाको माग गर्दै आएको र अहिले मुलुकलाई त्यो मुद्दामा सहमत गराउन महत्त्वपूर्ण भूमिका रहेको माओवादीको योगदानलाई एमाले बैठकले उल्लेख गरेको छैन। एमालेको यो बैठकले संविधानसभाबाट लोकतान्त्रिक गणतन्त्र स्थापनाको सुनिश्चितता गर्न संविधानसभासँगै 'लोकतान्त्रिक गणतन्त्र कि संवैधानिक राजतन्त्र' भन्ने विषयमा जनमत संग्रह गर्नुपर्ने निष्कर्ष निकालेको छ। अहिलेको हकमा भने एमालेले 'संविधानसभाको निर्वाचन गरौं, लोकतान्त्रिक गणतन्त्र स्थापना गरौं'लाई मूल नारा बनाएको छ।

पार्टीको क्रान्तिकारी छवि निर्माणका लागि नै एमालेले सरकारमा सहभागी नेताहरूलाई संविधानसभा, शान्तिवार्ता र अग्रगमनमा सम्पूर्ण ध्यान केन्द्रित गर्न र फुटकर काममा नअल्झिन निर्देशन दिएको छ। एमाले बैठकको यस्तै निर्देशन आफ्नो संसदीय दललाई पनि छ। सरकारमा पार्टीको सहभागिता कमजोर रहेको, सरकारको भूमिका सन्तोषजनक नभएको र माओवादीसँगको शान्तिवार्तामा पार्टीका तर्फबाट प्रभावकारी भूमिकाको सट्टा नेपाली कांग्रेसको सहयोगी जस्तो मात्र देखिएको विषय पनि बैठकमा उठेको थियो र पार्टी नेतृत्व र सरकारमा सहभागी पार्टी नेताहरूको आलोचना भएको थियो। शान्तिवार्तालाई परिणाममुखी बनाउन युद्धविराम, मानवअधिकार र मानवीय कानुन पालनासम्बन्धी सम्झौतामा सरकार र माओवादी पक्षले पहिले नै हस्ताक्षर नगर्नु कमजोरी रहेको निष्कर्ष एमालेले बैठकबाट निकालेको छ।

सरकारमा सहभागी नेताहरूको भूमिकाको बैठकमा आलोचना हुँदा उपप्रधानमन्त्री केपी शर्मा ओलीले पार्टीले एघारौं बैठकबाट दिएको निर्देशन कार्यान्वयन गरेको र त्यसपछि पार्टीबाट कुनै ठोस निर्देशन नपाएको प्रत्युत्तर दिएका थिए। सरकारको कामबारे सत्तारुढ अन्य दलसँग वार्ता गर्न र सरकारमा सहभागीलाई निर्देशन दिन स्थायी समिति सदस्य झलनाथ खनालको नेतृत्वमा एमालेले ६ सदस्यीय समिति बनाएको थियो। आफू बिरामी परेपछि राजीनामा दिएकाले सरकारमा सहभागीलाई निर्देशन नदिइएकोबारे आफूलाई दोष दिन नमिल्ने खनाल बताउँछन् भने उनका विपक्षी खनालको राजीनामा पार्टीले स्वीकृति नगरेको दाबी गर्छन्। सरकार र पार्टीबीचको सम्बन्ध राम्रो बनाउन एमाले बैठकले अर्को संयन्त्र बनाउने निर्णय गरेको छ।

## माओवादीसँग एकता – संघर्ष – एकता

आगामी राजनीतिक प्रतिस्पर्धामा माओवादीसँग





छलफलका क्रममा एमाले नेताहरू

हुने टक्करको आँकलन गर्दै त्यसमा हावी हुन क्रान्तिकारी बन्ने प्रयासमा रहेको एमालेले ऊसँग सम्बन्ध सुधार्ने प्रयास पनि गरिरहेको छ। यही सन्दर्भमा एमाले बैठकले माओवादीसँग एकता-संघर्ष-एकताको नीति पारित गरेको छ। यो नीतिगत सूत्र कम्युनिष्टहरूले मित्रहरूको विवादमा प्रयोग गर्दैआएका छन्। माओवादीप्रति नरम मानिने स्थायी समिति सदस्य वामदेव गौतमले बैठकमा माओवादीसँग सहकार्य गर्नु पर्ने प्रस्ताव राखेका थिए। 'राजनीतिक कार्यदिशाबारे माओवादी स्पष्ट नभई ऊसँग सहकार्य सम्भव नहुने' निर्णय गरे पनि बैठकले पहिले माओवादीसँगको सम्बन्धबारे प्रयोग गर्दैआएको 'रुपान्तरण' नभन्ने निर्णय गरेको छ। महासचिव नेपालको प्रतिवेदनमा माओवादीसँगको सम्बन्ध 'संवाद, रुपान्तरण, सहमति र सहकार्य'को नीतिका आधारमा हुनुपर्ने उल्लेख थियो। खनालले पनि माओवादीका गलत नीतिहरूको नीतिगत ढंगले खण्डन गर्नु पर्ने र राजनीतिक सहमति निर्माण गर्दै अघि बढ्नु पर्ने नरम विचार अघि सारेका थिए।

माओवादीले भन्दैआएका लोकतान्त्रिक गणतन्त्रका लागि संयुक्त मोर्चा बनाउने नीति एमालेले पनि यो बैठकबाट पारित गरेको छ। यद्यपि, मोर्चामा कसलाई समावेश गर्नेबारे बैठकले कुनै टुंगो गरेको छैन। बैठकले त्यसबारे नीति बनाउन र निर्णय गर्न पार्टी स्थायी समितिलाई जिम्मेवारी दिएको छ। लोकतान्त्रिक गणतन्त्रका लागि संयुक्त मोर्चा बनाउनु पर्ने महासचिव नेपाल र झलनाथ खनाल दुवैको प्रतिवेदनमा उल्लेख थियो। दुवैले आफ्ना प्रतिवेदनमा सात दललाई नै लोकतान्त्रिक गणतन्त्रका निम्ति सहमत गराउन प्रयास गर्ने पनि उल्लेख गरेका थिए।

माओवादीसँग गत कात्तिकमा रोल्पामा पार्टीका नेता वामदेव गौतमले गरेको वार्ता र सहमतिलाई महत्त्व दिएर पनि एमालेले माओवादीसँग सम्बन्ध सुधार गर्न प्रयासरत रहेको नै पुष्टि गरेको छ। एमाले-माओवादीको ६ बुँदे रोल्पा सहमतिलाई एमालेले त्यस बेला सार्वजनिक नगर्ने निर्णय गरेको थियो र त्यस विपक्षमा एमाले स्थायी समितिका बहुमत सदस्यहरू उभिएका थिए। तर, महासचिव नेपालको राजनीतिक प्रतिवेदनमा सात दल-माओवादीको चर्चित बाह्रबुँदे समझदारी निर्माणको आधार नै रोल्पा वार्ता भएको उल्लेख छ। ■

# नयाँ समीकरण



माधवकुमार नेपाल



झलनाथ खनाल

**पाँच वर्ष पुग्नुअगाडि** नै महाधिवेशन गर्ने स्थायी समिति सदस्य झलनाथ खनालको प्रस्तावको पक्ष-विपक्षमा एमाले केन्द्रीय कमिटी बैठकमा चलेको बहसले एमाले नेताबीचको नयाँ समीकरण खुलासा गरेको छ। यो बैठकमा महासचिव माधवकुमार नेपालको विपक्षमा रहँदैआएका स्थायी समिति सदस्य तथा उपप्रधानमन्त्री केपी ओली महासचिव नेपालको पक्षमा उभिए भने खनालले महासचिवको विपक्षमा मोर्चा सम्हाले। 'पुरानो कार्यदिशाले गर्ने मार्गनिर्देशनको परिधि नाघेर अघि बढ्नु पर्ने स्थिति आयो भने पार्टीले तत्काल महाधिवेशन गर्नु अनिवार्य हुन्छ' उल्लिखित खनालको तर्कको विपक्षमा महासचिव नेपाल पक्षले संविधानसभा निर्वाचनमा केन्द्रित हुनु पर्ने भएकाले तत्काल महाधिवेशनको मिति तोक्न नहुने बताएको थियो।

विगत जनआन्दोलनलाई के भन्ने विषयमा देखिएको विवादमा पनि एमाले नेताबीच फेरिएको समीकरण सार्वजनिक भएको थियो। जहिल्यै महासचिव नेपाल पक्षमा रहँदैआएका स्थायी समिति सदस्य ईश्वर पोखेल यसपटक खनालको पक्षमा उभिए भने नेपालको आलोचना गर्दैआएका शंकर पोखेलले यसपटक नेपाललाई साथ दिए। बैठकमा महासचिव नेपाल पक्षधर केन्द्रीय सदस्यहरू भीम आचार्य, युवराज कार्की लगायतले पनि खनाललाई साथ दिँदै आफूले लबी परिवर्तन गरेको जानकारी दिएका थिए। यता, ओली पक्षधर विद्या भण्डारी, गुरु वराल, देवराज घिमिरेहरू नेपालको पक्षमा डटेका थिए। ओली पक्षमै रहेका प्रदीप ज्ञवालीलाई मन्त्री र माओवादीसँग वार्ताको जिम्मेवारी दिनु र शंकर पोखेललाई सचिवालय सदस्य बनाउनुले महासचिव नेपाल पक्षका केही नेता असन्तुष्ट बनेको र खनाल पक्षमा गएको स्रोतको दाबी छ।

सरकारको पक्ष विपक्षमा बोल्दा पनि एमालेमा समीकरण फेरिएको नै स्पष्ट देखिन्थ्यो। महासचिव नेपाल, मोदनाथ प्रश्रित, विष्णु पौडेल, मुकुन्द न्यौपानेहरूको सरकारप्रति आलोचना नरम थियो भने झलनाथ, अमृत बोहोरा, ईश्वर, वामदेव गौतम, अशोक राईहरूको आलोचना सरकारप्रति कठोर थियो। यद्यपि, सरकारको आलोचना गर्ने सबै वरिष्ठ नेताहरूले महासचिव नेपालको साथ भने नछाडेको स्रोत बताउँछ।

२०६१ माघ १९ पछि एमालेमा सुरु भएको महासचिव परिवर्तनको प्रयास अझै जारी रहेको पनि स्रोत बताउँछ। सक्रियता र संयोजन खुबीका कारण एमालेमा सधैं प्रभावशाली रहन सफल महासचिव नेपालको विपक्षमा बहुमत नपुगेका कारण मात्र त्यस्तो प्रस्ताव बैठकमा नआएको उक्त स्रोत दाबी गर्छ। ■

# खिल्ली मानव अधिकारको


भोजराज तिमिल्सिना


शर्मिला त्रिपाठी

**राज्यद्वारा बेपत्ता पारिएकाको परिवारको जस्तै पीडा माओवादीद्वारा विस्थापित र अपहरण भएका परिवारहरूले पनि भोगिरहेका छन् । सात दल–माओवादी बाह्रबुँदे समझदारीमै विस्थापितहरू घर फर्कन पाउने प्रमुख एजेन्डा राखिए पनि त्यो कागजमा सीमित भएको छ ।**

■ **किरण भण्डारी/काठमाडौं**
**तस्वीरहरू : भास्वर ओझा, तेजबहादुर बस्नेत**

**अन्तरिम संविधान मस्यौदा समितिसमक्ष** सात दल र माओवादीले पेस गरेको खाकामा विभिन्न परिच्छेदमा असहमतिका प्रशस्त बुँदा देखिएका छन् । तर, नागरिक समाजका सदस्य, स्वतन्त्र बुद्धिजीवी, सात दल र माओवादी मानवअधिकारको विषयमा भने एकमत छन् ।

सबै शक्तिले २०४७ सालको संविधानद्वारा प्रत्याभूत मानवअधिकार वा मौलिक हकमा अझ केही अधिकार थप गर्नु पर्ने सुझाव समितिसमक्ष दिएका छन् । तर, सात दल, तिनीहरूको गठबन्धन सरकार र माओवादीको व्यवहार भने उनीहरूको मानवअधिकारसम्बन्धी अवधारणापत्र जस्तो देखिँदैन ।

सरकार र माओवादीको कथनी र करणीमा देखिएको भिन्नताले उनीहरूको प्रतिबद्धता देखावटी मात्र हो कि भन्ने प्रश्न उब्जाएको छ । सरकार र माओवादी दुवैले सशस्त्र द्वन्द्वका क्रममा आफूले बेपत्ता पारेका निरस्त्र नागरिकको अवस्थाबारे कुनै जानकारी नदिएर मानवअधिकारप्रति उनीहरूको प्रतिबद्धता कोरा आदर्श मात्र भएको देखाएका छन् ।

राज्यले माओवादीका नाममा पक्राउ गरेकामध्ये कतिलाई बेपत्ता बनायो ? माओवादीले अपहरण गरेकामध्ये कति अहिलेसम्म बेखबर छन् ? यी विषयमा सर्वमान्य तथ्यांक समेत छैन । पीडितका परिवारहरूले हजार बिन्ती र हारगुहार गर्दा समेत राज्य र माओवादीले आफ्नो पाप लुकाएर बसेका छन् ।

बेपत्ता वा अपहरण गरिएकामध्ये अधिकांश मारिएको आशंका छ । निरस्त्र व्यक्तिलाई पक्राउ गरेर मारेको कुरा स्विकार्न गाह्रो भएकाले दुवैले दोष लुकाएको हुनसक्छ । 'हामीले कसैलाई बेपत्ता बनाएको छैनौं', गृह मन्त्रालय वा सैनिक मुख्यालय जवाफ रहने गरेको छ । अर्कोतिर माओवादीले पनि आफूले कसैलाई अपहरण गरी गायब नबनाएको दाबी गरेको छ ।

राष्ट्रिय मानवअधिकार आयोगद्वारा सार्वजनिक तथ्यांक अनुसार दुवै पक्षले एक हजारभन्दा बढीलाई बेपत्ता बनाएका छन् । शान्ति प्रक्रिया सुरु भएको सय दिन बित्दासम्म बेपत्ता बनाइएका वा अपहरणमा परेका ती निम्सराहरूको बारेमा खासै चासो दिएको देखिँदैन ।

शान्ति प्रक्रिया सुरुवातसँगै आफन्तजनको मरे बाँचेको खबर पाउने आशा पलाएका परिवारजनको घाउ फेरि गहिरिएको छ ।

माओवादी पीडित संघ आन्दोलनरत छ भने राज्यद्वारा बेपत्ता पारिएका नागरिकको परिवार समाजले भदौ १८ गतेदेखि संघर्षका कार्यक्रम घोषणा गरेको छ । माओवादी पीडितहरूले पनि आफ्नो आन्दोलनलाई सिंहदरबार घेराउ, रत्नपार्क, चक्काजाम हुँदै संयुक्त राष्ट्रसंघ कार्यालयमा धर्नासम्म पुऱ्याइसकेका छन् ।

माओवादी पीडितहरूले अपहरणमा परेकाको स्थिति सार्वजनिक र आन्तरिक शरणार्थीको जीवन बाँचिरहेका हजारौं विस्थापितले घर फर्कन पाउनु पर्ने मागलाई प्रधान बनाइरहेका छन् भने बेपत्ता पारिएकाहरू 'कि ज्यान देखाउ कि चिहान देखाउ' भनिरहेका छन् ।

'दुवै पक्षका वार्ताटोलीसमक्ष हामीले



# सरकार–माओवादी दुवै उदासीन

**कृष्ण पहाडी, मानवअधिकारवादी नेता**



**शान्ति प्रक्रिया** सुरु भएपछि मानव-अधिकारसम्बन्धी विषयमा निर्णयहरू जति द्रुत गतिमा भए सो अनुसार कार्यान्वयन अवस्था एकदमै फितलो देखिएको छ। बेपत्ताको अवस्थाबारे जानकारी दिने वा विस्थापितलाई घर फर्काउने विषयमा सरकार-माओवादी दुबै पक्ष गम्भीर देखिएनन्। विद्रोही पक्षभन्दा सरकार बढी जिम्मेवार देखिनु पर्नेमा उसले बेपत्ताको खोजी वा विस्थापितलाई घर फर्काउने विषयमा कति प्रगति गऱ्यो भन्ने जवाफ दिन सक्ने गरी हालसम्म पनि कुनै काम गरेको देखिएन।

वार्ताको टेबुलमा यस्ता विषयमा मौन रहने र बाहिर कुरा काट्ने प्रवृत्ति देखियो, जुन वार्ताको लागि बाधक छ। मानवाधिकार आयोग, युद्धविराम आचारसंहिता अनुगमन समिति, संसदीय समिति, शान्ति समिति लगायत राज्यका संरचनासमेत क्रियाशील भएको देखिएन। यी निकायको मौनताले अराजकता सृजना गर्ने दिशामा मात्र योगदान गरिरहेका छन्।

अझ माओवादीको तल्लो तह सम्झौताप्रति इमानदार देखिएको छैन। २५ बुँदे आचारसंहिता पनि माओवादी कार्यकर्ताबाट पालना भएको छैन। यसैले सत्य आयोग 'ट्रुथ कमिसन' गठन गरेर मानवअधिकारसँग सम्बन्धित मुद्दाहरूको सम्बोधन हुनु पर्छ भन्ने हाम्रो माग छ। सहमति भएका विषय कार्यान्वयन नगरेका कारणले वार्ता नभाँडियोस् भन्नेमा हाम्रो दबाब जारी छ। ■

आफन्तको खोजी गरिदिन पटक पटक अनुरोध गऱ्यौं', राज्यद्वारा बेपत्ता पारिएका नागरिकका परिवार समाजकी संयोजक शर्मिला त्रिपाठी भन्छिन्, 'आश्वासन दिनेबाहेक कुनै सुनुवाइ नभएकाले हामी देशव्यापी आन्दोलनको तयारीमा जुटिरहेका छौं।' वैशाख ११ को परिवर्तनसँगै आफ्नो मनमा पलाएको आशा मरेको बताउँदै उनी भन्छिन्, 'सैनिक हिरासतमा रहेका हाम्रा आफन्तजनलाई खोज्न नसक्ने सरकारले नेपाली सेना आफ्नो मातहतमा छ भनेर धक्कु मात्र लगाइरहेको पुष्टि भएको छ।'

इन्सेकका अनुसार राज्यद्वारा बेपत्ता पारिएको संख्या १२ सय ९५ छ। माओवादीले त्यो संख्या १४ सयभन्दा बढी भएको दाबी गरेको छ। त्रिपाठीको दाबीअनुसार बेपत्ता पारिएको संख्या अझ ठूलो छ। जिल्ला जिल्लामा समिति गठन गरेर तथ्यांक संकलन गर्ने कार्य जारी रहेको र त्यो सकिएपछि यसको ठेट अंक किटान गर्न सकिने उनले बताइन्। 'हाम्रा आफन्तलाई जस्तो अवस्थामा लगिएको थियो, त्यस्तै सकुशल रिहाइ हुनु पऱ्यो भन्ने हाम्रो माग छ', त्रिपाठीले भनिन्।

गृह मन्त्रालयले हालै प्रतिनिधिसभा परराष्ट्र तथा मानवअधिकार समितिसमक्ष बुझाएको विवरणअनुसार बेपत्ता भनिएकामध्ये ६ सय २ जनाको अवस्था अज्ञात छ। वर्तमान सरकारले समेत सेनाले राजाको शासनकालमा दिने जवाफलाई उतारेर समितिलाई दिएको छ।

'बेपत्ता भनिएका अधिकांश मानिस मारिएका छन्', गृह मन्त्रालयका एक उच्च अधिकारी भन्छन्, 'त्यसैले जवाफ दिने काम गाह्रो छ।' सुरक्षाकर्मीले आफूले नपक्रेको भनी तयारी जवाफ दिने गरेमध्येका भैरवनाथ गणले ४९ जानको लास शिवपुरीमा गाडेको भन्ने घटनाले त्यति बेलाका जवाफ कति झूटा थिए भन्ने पुष्टि हुन्छ।

भैरवनाथ गण प्रकरणमा गम्भीरतापूर्वक संलग्न भई संयुक्त राष्ट्रसंघीय मानवअधिकारसम्बन्धी उच्चायुक्तको कार्यालयले सत्य तथ्य पत्ता लगाउन उल्लेखनीय योगदान गरेको थियो। बेपत्ताको अवस्थाबारे कार्यालयका प्रवक्ता कियरेन डोयर भन्छन्, 'शिवपुरी घटनाले बेपत्ताबारे छानबिन गर्न स्वतन्त्र निकायको जरुरी भएको हामीले महसुस गरेका छौं।' माओवादीले अपहरण गरेका संख्या कतैबाट पनि यकिन हुन नसकेकाले त्यसमा कार्यालयको ध्यान गएको उनले बताए।

बेपत्ताबारे कुनै सूचना प्रवाहित नगरी सरकारले देखाएको मौनताले गर्दा परिवारजनहरू अहिले पनि विभिन्न मानवअधिकारवादी संस्था धाइरहेका छन्। आयोगमा लोकतन्त्र स्थापनापछिको तीन महिनामा बेपत्तासम्बन्धी ३८ उजुरी पर्नुले परिवारजनको दौडधुप पुष्टि हुन्छ। उजुरी पर्ने क्रम साउनमा पनि जारी रह्यो। सो अवधिमा माओवादीले अपहरण गरेको संख्या राज्यको भन्दा आधा छ।

परिवारको दबाबपछि गृह मन्त्रालयले बेपत्ताको स्थितिबारे अध्ययन गरी प्रतिवेदन दिन




जेठ ११ गते सहसचिव वामनप्रसाद न्यौपानेको संयोजकत्वमा एक सदस्यीय समिति गठन गरे पनि क्रियाशील हुन सकेको छैन। एक महिनाभित्र टुंगो लगाउने भनिए पनि न्यौपानेको समिति साढे २ महिनासम्म टुंगोमा पुगेको छैन। स्रोतहरूका अनुसार न्यौपाने स्वयंले राजनीतिकस्तरको समितिले मात्र यस्तो विषयमा वस्तुगत छानबिन गर्न सक्ने धारणा राख्ने गरेका छन्।

राज्यद्वारा बेपत्ता पारिएकाको परिवारको जस्तै पीडा माओवादीद्वारा विस्थापित र अपहरण भएका परिवारहरूले पनि भोगिरहेका छन्। सात दल-माओवादी बाह्रबुँदे समझदारीमै विस्थापितहरू घर फर्कन पाउने प्रमुख एजेन्डा राखिए पनि त्यो कागजमा सीमित भएको छ।

माओवादीका तल्ला तहका निकायका कार्यकर्ताको व्यवहारमा कुनै परिवर्तन नआएकाले गाउँमा विश्वासयोग्य वातावरण नभएको भन्दै आफूहरू फर्कन नसकेको माओवादी पीडितहरूको आरोप छ। 'अत्यन्त सीमित संख्याका फर्के पनि अधिकांश विस्थापित घर जान पाएका छैनन्', माओवादी पीडित संघका प्रवक्ता भोजराज तिमल्सिना भन्छन्, 'माओवादी कार्यकर्ताको रवैया उस्तै भएकाले त्रास यथावत् छ।'

रौतहट, ओखलढुंगा, खोटाङ लगायतका जिल्लामा घर फर्केका केही विस्थापितहरू पुनः माओवादी त्रासले काठमाडौं नै फर्केको उदाहरण उनले दिए। विभिन्न जिल्लाबाट विस्थापित भएकामध्ये ५ हजार परिवारका ३३ हजार काठमाडौंमा बसोवास गरिरहेको तिमल्सिनाले बताए।

संघको दाबीअनुसार जिल्ला सदरमुकामका समेत विस्थापितको संख्या जोड्ने हो भने २ लाखभन्दा बढी छ। माओवादीको त्रासले भारत पलायन भएकाको गणना गर्न सक्ने अवस्था नभएको बताउँदै तिमल्सिना भन्छन्, 'लाखौं मानिस आन्तरिक र बाह्य शरणार्थी बनेका छन्।

सरकार-माओवादी सम्झौता र युद्धविराम आचारसंहितामा विस्थापितलाई पुनःस्थापना गर्ने विषय स्पष्ट छ। सरकारले यसपालिको बजेटमा विस्थापितलाई घर फर्कन ५ हजार रुपैयाँ दिने घोषणा गरे पनि गाउँ फर्कने वातावरण नबनी

## भत्ताको लोभमा गाउँ नजानेलाई कारवाही हुनुपर्छ

**दीनानाथ शर्मा, वार्ताटोली सदस्य**



**माओवादीका नाममा राज्यले बेपत्ता पारेपछि अवस्था अज्ञात रहेकाको खोजी गर्नु तपाईंहरूको कर्तव्य होइन ?**

राज्यले बेपत्ता बनाएका १४ सयभन्दा बढीको खोजी र भारत पलायन भएका ४० हजारभन्दा बढी हाम्रा समर्थकको घर फिर्ती विषयमा हामी संवेदनशील छौं। सुरुमा बेपत्ताको अवस्था जानकारी नभई वार्ताको टेबुलमा नबस्ने हाम्रो अडान थियो। सरकारले एक महिनाभित्र रिपोर्ट सार्वजनिक गर्ने वाचा गरेर कर्मचारीको समिति बनाएर आलटाल गर्ने काम गर्‍यो। हामीले सरकारलाई 'कि ज्यान कि चिहान टकार' भनेका छौं।

**सरकारको मुख ताक्नेबाहेक तपाईंहरूबाट केही पहल हुँदैन ?**

बेपत्ताका परिवार सुरुदेखि नै सशक्त आन्दोलन गर्छौं भनिरहेका थिए। हामीले वार्ताको टेबुलबाट नै अनुरोध गर्छौं भनेर उनीहरूलाई रोकिराखेका थियौं। अब हामी उनीहरूको आन्दोलनको वेग रोक्नेवाला छैनौं।

**माओवादी समर्थक र परिवार भारतमा हजारौंको संख्यामा पलायन भएको नयाँ आँकडा दिनुभयो, उनीहरू घर फर्कन नसकेर उता बसेका हुन् त ?**

हो। उनीहरू आफ्नो गाउँघर फर्कन आतुर छन्। त्यसरी फर्केकालाई लुम्बिनीमा आक्रमण गरिएको घटना म सम्झाउन चाहन्छु। राज्यले प्रतिकार समितिका नाममा बाँडेको हतियारले गर्दा भयको वातावरण छ। त्यसैले पलायन भएकालाई पुनःस्थापित गर्ने विश्वासको वातावरण बन्नु पर्छ भन्ने हाम्रो जोडदार माग छ।

**तपाईंहरूले पनि त विस्थापित भएकालाई घर फर्कने वातावरण बनाइदिनुभएको छैन ?**

यो अनर्गल प्रचार मात्र हो- राज्यबाट उच्च सुविधा खाएर सहरमा सुखी जीवन बाँच्न पल्केकाहरूले विस्थापितको नाममा हाम्रा विरुद्ध गरेको। ५ मुरी आलु पनि नफल्ने रुकुम, रोल्पाका टाठाबाठाहरू सरकार र गैरसरकारी संस्थाबाट मासिक ३० हजारसम्म बटुली काठमाडौंमा सुविधासम्पन्न फ्ल्याट लिएर बसेका छन्। त्यसैले हाम्रो माग त के रहेको छ भने भत्ताको लोभमा गाउँ नजानेलाई सरकारले कारबाही गर्नुपर्छ।

**गाउँ फर्कन कहाँ कसलाई आह्वान गर्नुभयो ?**

उदाहरण धेरै छन्। नेपालगन्जमा विस्थापितको शिविर राखिएको रहेछ, हामी भेट्न गयौं। हामीले गाउँ फर्कन अनुरोध गर्दा उनीहरूले भने, 'यहाँ मजाले खान पाइएको छ, धेरैतिरबाट पैसा आउँछ, छोराछोरी बोर्डिङमा पढिरहेका छन्, छुट्टाउनु पनि भएन।' त्यसैले विस्थापित फर्कन पाएनन् भनेर मन्त्री र सांसदहरूले हल्ला मात्र गरेका हुन्।

**मानवअधिकार आयोगको तथ्यांकले तपाईंहरूबाट अपहरण भएकामध्ये ३ सय १५ अझै बेपत्ता भएको देखाएको छ नि ?**

त्यो आयोग कौन सा निष्पक्ष हो र! त्यो त प्रतिक्रियावादीहरूको आयोग न हो। संयुक्त राष्ट्रसंघले सुरक्षाकर्मीले बेपत्ता पारेको प्रमाणित गरिसकेको छ। हामीलाई त कुनै खत लागेको छैन। यही तथ्यले पनि हामीबाट कसैलाई बेपत्ता नबनाइएको पुष्टि हुन्छ।



# माओवादी नसुध्री विश्वासको वातावरण बन्दैन

**महेन्द्र राय, सभापति परराष्ट्र तथा मानवअधिकार समिति**



**शान्ति प्रक्रिया सुरु भएपछि मानवअधिकारको अवस्था कस्तो छ ?**

राज्य पक्षको व्यवहार मानवअधिकारको दृष्टिले हाल निकै हदमा सुध्रिएको छ। माओवादीबाट मानवअधिकार हननका घटना जारी छ। तराई जनतान्त्रिक मोर्चा (तजमो) र राजाको शासनकालमा माओवादीविरुद्ध परिचालन गर्ने नाममा बनाइएको प्रतिकार समितिको तर्फबाट कपिलवस्तु र सप्तरीमा आक्रमण भइरहेका घटना अझ चिन्ताजनक छन्।

**माओवादीको कस्ता क्रियाकलापले मानवअधिकार हनन भएका छन् त ?**

सप्तरी र सिरहाको सभामा माओवादी नेता मातृकाप्रसाद यादवले नै युद्धविराम भंग भएको घोषणा गरे। तजमो र उनीहरूको लडाइँ सुरु भएको छ। एमालेका कार्यकर्ता अपहरणदेखि राजमार्गमा ढाँट राखेर कर असुल्ने काम भइरहेको छ।

**माओवादीका नाममा राज्य पक्षबाट बेपत्ता पारेकाको स्थिति सार्वजनिक गर्न समितिले केही पहल गरेको छ ?**

यस विषयमा हामी गम्भीर छौं। गृह मन्त्रालयले ७ सय ७६ जना बेपत्ता भएको जानकारी दिएको छ। सुरक्षानिकायको हिरासतमा मारिएका र कसैको जिम्मा लगाएर रिहा गरिएकाको संख्या घटाउँदा समेत ६ सय २ जना बेपत्ता देखिएका छन्। माओवादीको अपहरणमा परेर घर नफर्केकाको कसैसँग पनि मोटामोटी तथ्यांकसमेत छैन। त्यसका लागि सरकारी निकाय र मानवअधिकारवादी संघ संस्थासँग आग्रह गरेका छौं।

**बेपत्ताको खोजीमा सरकारले गरेको कामको समितिले कस्तो मूल्यांकन छ ?**

लोकतन्त्र स्थापना हुनेबित्तिकै सरकारले एक सदस्यीय समिति बनायो। समितिका संयोजक तोकिएका व्यक्तिले एकजनाबाट सम्भव नभएको धारणा हामीसँग राखे। मथिल्लोस्तर दोषी देखिने हुँदा कर्मचारीले छानबिन गर्न गाह्रो हुने बाध्यता हामीले पनि बुझेका छौं।

निष्पक्ष र निर्भीक छानबिनको लागि अधिकारसम्पन्न उच्चस्तरीय निकाय यथाशीघ्र गठन हुनु पर्छ भनी निर्देशन दिएका छौं। तर, एक महिना हुँदासम्म सरकारको तर्फबाट केही भएको देखिएको छैन।

**माओवादीबाट विस्थापितहरूले पनि समितिसँग आशा गरेका छन्। घर फर्काउन राजनीतिक तहबाट केही पहल भएको छ ?**

सहमति गरेर पनि सरकार-माओवादी यसमा गम्भीर देखिएका छैनन्। विस्थापितहरूलाई व्यवस्थित गरिदिन अन्तर्राष्ट्रिय जगत्को पनि मद्दत आवश्यक देखिएको छ। मूल कुरो के हो भने ग्रामीणस्तरका माओवादीको व्यवहारमा सुधार नआई विश्वासको वातावरण बन्न सक्दैन। माओवादी हतियाररहित नभई भयरहित वातावरण बन्न पनि सक्दैन।

**त्यसो भए यो समस्या यथावत् रहने भयो त ?**

माओवादी राजनीतिक शक्ति हो भन्ने तल्लोस्तरका कार्याकर्ताबाट प्रमाणित हुनु भयरहित वातावरणको पूर्वसर्त हो। संयुक्त राष्ट्रसंघको आगमनपछि यसमा केही सुधार आउने आशा गर्न सकिन्छ।

कसैले त्यस्तो भत्ता नलिने निर्णय भएको तिमल्सिनाले बताए।

अर्कोतिर भारतका विभिन्न सहरमा आफ्ना हजारौं समर्थक पलायन भएकामा सुरक्षित वातावरणको अभावले अझै स्वदेश फर्कन नसकेको दाबी माओवादी नेतृत्वको समेत छ। 'माओवादी पीडितका नाममा विस्थापितहरूले मासिक भत्ता बुझिरहेका छन्', माओवादी वार्ताटोली सदस्य दीनानाथ शर्मा भन्छन्, 'विश्वासयोग्य वातावरण नभएकाले भारत पलायन भएका हाम्रा चालीस हजार समर्थक फर्कन पाएका छैनन्।' आफूहरूले कुनै रोकतोक नगरे पनि माओवादीको नाम भजाएर सरकारी रकम कुम्ल्याउने प्रवृत्तिलाई दाताहरूले प्रवर्द्धन गरिरहेको आरोप उनको छ।

पीडितहरूले राहत महसुस गर्नुको साटो झनै निरास भएकाले उनीहरूको उचित व्यवस्थापन नगरी शान्ति प्रक्रिया टुंगोमा पुग्न नसक्ने धारणा मानवअधिकारवादीहरूको छ। बेपत्ता, अपहरण र विस्थापितहरूको रेकर्ड राख्ने कामबाट यो समस्याको समाधानको थालनी गर्नु पर्नेमा त्यसो हुन नसकेकोमा दुःख व्यक्त गर्दै मानवअधिकारवादी कृष्ण पहाडी भन्छन्, 'यसका लागि तत्काल सत्य आयोगको गठन हुनु पर्छ।' होइन भने वार्ताको टेबुलमा निर्णय मात्र द्रुत गतिमा हुने तर कुनै कार्यान्वयन नहुने अहिलेको अवस्थाबाट मुक्ति मिल्न नसक्ने उनले ठोकुवा गरेका छन्। 'आँसुमा बगेर शान्ति प्रक्रियालाई निचोडमा पुऱ्याउन सकिँदैन', पहाडी भन्छन्, 'घर फर्कने वातावरण सृजना हुन सकेन।'

युद्धविराम आचारसंहिता अनुगमन समितिका संयोजक वीरेन्द्रप्रसाद मिश्रले युद्धविरामपछि पनि मानवअधिकार उल्लंघनका घटना भइरहेको गुनासो आएको बताउँदै यसबारे स्थलगत प्रतिवेदन उपलब्ध भएपछि ठोस रुपमा उल्लेख गर्न सकिने बताए। 'आचारसंहिता पालनाको अवस्था के छ र कुन पक्षबाट कति हदमा उल्लंघन भएको छ भन्ने अध्ययन सकेर सातवटा टोली जिल्लाबाट फर्केका छन्', मिश्रले भने, 'टोलीको प्रतिवेदन प्राप्त भएपछि हाम्रो मूल्यांकन सार्वजनिक गर्छौं।' ■


To major cities of the country. Daily.

Nepalgunj Bhairhawa
Pokhara Biratnagar Bhadrapur







For more information please contact
Yeti Airlines, Corporate Office, Tilganga, Kathmandu
For reservation 01 4464878
Sales and Marketing 01 4465888 Ext. 205

Yeti Airlines
www.yetiairlines.com
a great flying experience

# टुहुराको चालामा

**शिक्षामन्त्री मानन्धर जुनसुकै हालतमा एमाले समर्थक उपकुलपति बनाउन  लागी परेका छन् भने कांग्रेस सम्बद्ध विद्यार्थी नेता र प्राध्यापकले उपकुलपति आफ्नो पक्षको पार्न प्रधानमन्त्री कोइरालालाई दबाब दिइरहेका छन् ।**




भास्कर ओझा

▲ कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय

**जनआन्दोलन–२** पछि गठित सात दलको मिलिजुली सरकारले चार महिनासम्म पनि उपकुलपति नियुक्ति गर्न नसक्दा त्रिभुवन विश्वविद्यालय अस्तव्यस्त भएको छ । यसबाट शैक्षिक क्यालेन्डरमा प्रत्यक्ष असर परेको छ भने प्रशासन, आर्थिक र योजनासम्बन्धी काम चौपट भएका छन् । स्रोतका अनुसार विश्वविद्यालयमा चार महिनादेखि नीतिगत निर्णयका आधारमा गर्नुपर्ने नयाँ काम अघि बढ्न सकेका छैनन् । स्रोत भन्छ, 'कर्मचारीलाई हाजिर गराएर कुर्सीमा बसाउने र हरेक महिना तलब बाँड्नेबाहेक अरू केही काम गर्न सकिएको छैन ।'

विश्वविद्यालय नेतृत्वविहीन हुँदा यसको मारमा विभिन्न आंगिक र सम्बन्धनप्राप्त क्याम्पसका विद्यार्थी, प्राध्यापक र कर्मचारी समेत परेका छन् । परीक्षाफल प्रकाशन, समकक्ष निर्धारण, विदेश जाने विद्यार्थीको लागि चाहिने माइग्रेसनलगायत कामहरू प्रभावित बनेका छन् । त्यस्तै प्राध्यापक तथा कर्मचारीको अध्ययन बिदा, ऋण सुविधा, लामो बिदा स्वीकृति, आंगिक क्याम्पसलाई निकासा गरिने बजेटलगायत भौतिक र शैक्षिक विकासका योजना पनि सुचारु हुन सकेका छैनन् । जेठ महिनामै प्रकाशन गरिनुपर्ने स्नातकोत्तर तहको सबै विषयको परीक्षाफल अहिलेसम्म पनि प्रकाशन हुन सकेको छैन । गत वर्ष भदौ दोस्रो सातासम्म सार्वजनिक गरिँदै आएको स्नातक तह तेस्रो वर्षको परीक्षाफल निर्धारित समयमा प्रकाशन हुन नसक्ने निश्चित छ ।

विश्वविद्यालयको क्याबिनेट भनेर चिनिने विश्वविद्यालय कार्यकारिणी परिषद् अहिले पदाधिकारीविहीन छ, जुन विश्वविद्यालय अस्तव्यस्त हुनुको मुख्य कारण हो । उपकुलपति अध्यक्ष रहने उक्त परिषद् रेक्टर, दुईजना डिन, दुईजना प्राध्यापक र सदस्यसचिवमा रजिस्टार गरी सात सदस्यीय हुन्छ । उपकुलपति, रेक्टर, रजिस्टार नै नभएको अवस्थामा परिषद् बेकम्मा सावित भएको छ । पाठ्यक्रम विकास केन्द्रअन्तर्गत रहेको विदेशी विश्वविद्यालयको समकक्ष निर्धारण समितिको पनि म्याद सकिएकाले यससम्बन्धी काम अवरुद्ध बनेको छ ।

सरकार गठन भएको तीन महिनासम्म पनि उपकुलपति नियुक्ति प्रक्रिया टुंगो लाग्न नसकेपछि शिक्षामन्त्री मंगलसिद्धि मानन्धरले असार २५ गते शिक्षाशास्त्र संकायका डिन प्रा. डा. नरेन्द्रबहादुर महर्जनलाई उपकुलपति नियुक्ति नहुन्जेलसम्म परीक्षालगायत विश्वविद्यालयको प्रशासनिक काम सञ्चालन गर्ने जिम्मेवारी दिएका थिए । महर्जनले जिम्मेवारी थालेपछि भर्ना, बजेट विनियोजन, परीक्षाफल प्रकाशनलगायत केही काम सुरु भएको थियो । स्नातकोत्तर प्रथम वर्षको व्यवस्थापन विषयको परीक्षामा पाठ्यक्रम बाहिरबाट प्रश्न सोधिएका कारण थोरै अंक आएकाले पुनः उत्तरपुस्तिका परीक्षण हुनुपर्ने मागका साथ विद्यार्थी आन्दोलनमा उत्रेपछि महर्जनले नियम परिवर्तन गरेर भए पनि उत्तरपुस्तिका पुनः परीक्षणका लागि पहल गर्ने भनी मागप्रति सहमति जनाएका थिए । उत्तरपुस्तिका पुनः परीक्षणको निर्णय विरोधाभासपूर्ण भएको कारण देखाई परीक्षानियन्त्रक वासुदेव घिमिरेले साउन १८ गते आफ्नो पदबाट राजीनामा दिएपछि महर्जनले परीक्षासम्बन्धी काम सञ्चालन गर्ने अधिकार सहनियन्त्रक विपीनध्वज कार्कीलाई दिएका थिए ।

तीन महिनासम्म ठप्प विश्वविद्यालयका कामकारबाही सुचारुरुपले सञ्चालन गरिरहेकै बेला घिमिरेको राजिनामा आएपछि शिक्षामन्त्री मानन्धरले आफ्नो क्वार्टरमा बोलाएर नयाँ उपकुलपति नियुक्तिको लागि प्रतिनिधिसभालाई दबाब दिनका लागि भनेर प्रा. महर्जनलाई राजीनामा गर्न आग्रह गरेका थिए । अस्तव्यस्त भएको विश्वविद्यालयका कामलाई सहजरुपमा सञ्चालन गरिरहेकै बेला बदनियतपूर्ण रुपले आफूलाई हट्न दबाब दिएको बताउँछन् महर्जन । उनी भन्छन्, 'पार्टीको दबाबले गर्दा होला, राजीनामा गर्नुपर्‍यो भनेर मन्त्रालयबाट दिनमा ६-७ पल्टसम्म फोन आयो । त्यसपछि मैले आफ्ना धारणा सार्वजनिक गर्दै पद छोडेँ ।' महर्जनले जिम्मेवारी छोडेको एक साता बितिसक्दा पनि अर्को व्यवस्था नभएकाले विश्वविद्यालय फेरि अनिर्णयको बन्दी भएको छ ।

## भागबन्डाको खेल

शिक्षामन्त्री मानन्धर आफूले जेठ १८ गते नै उपकुलपति छनोट गर्न समिति गठन गरी फाइल पठाए पनि प्रधानमन्त्री चासो नदेखाएको बताएका छन् । मानन्धर भन्छन्, 'विभागीय मन्त्री भएकाले उपकुलपति नियुक्ति गर्न नसकेको दोष मलाई आउला । तर, मैले आफ्नो तर्फबाट केही कसुर बाँकी राखेको छैन ।' उपकुलपति नियुक्तिमा भएको ढिलाइलाई दलगत भागबन्डासँग पनि जोडेर हेरिएको छ । एमालेको भागमा परेको शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गत महत्त्वपूर्ण पद जसरी भए पनि आफ्नो पोल्टामा पार्न पार्टीले मन्त्री मानन्धरलाई निर्देशन दिएको बुझिएको छ । त्यसैले शिक्षामन्त्री मानन्धर जुनसुकै हालतमा एमाले समर्थक उपकुलपति बनाउन  लागी परेका छन् भने कांग्रेस सम्बद्ध विद्यार्थी नेता र प्राध्यापकले उपकुलपति आफ्नो पक्षको पार्न प्रधानमन्त्री कोइरालालाई दबाब दिइरहेका छन् ।

विद्यार्थी, प्राध्यापक र कर्मचारीले विश्वविद्यालयलाई लामो समयसम्म नेतृत्वविहीन राख्न नहुने बताउँदै कडा आन्दोलनमा उत्रने जनाएका छन् । त्रिभुवन विश्वविद्यालय कर्मचारी संघका अध्यक्ष शम्भु भट्टराई भन्छन्, 'अविलम्ब उपकुलपतिलगायत उच्च पदाधिकारी नियुक्ति नगरे दबाबमूलक आन्दोलनमा उत्रिन्छौं ।' त्रिभुवन विश्वविद्यालय अहिलेसम्मकै इतिहासमा यति लामो समयसम्म पदाधिकारीविहीन बनेको थिएन । २०४६ सालको परिवर्तनपश्चात् तत्कालीन उपकुलपति महेशकुमार उपाध्यायले राजीनामा दिएपछि केही दिन नेतृत्वविहीन भए पनि चिकित्सा शास्त्रका डिन डा. भीष्मराज प्रसाईलाई कायममुकायम दिइएको थियो । पद्मकन्या क्याम्पसका सहायक प्राध्यापक रत्नमणि नेपाल भन्छन्, 'मुलुकको ऐतिहासिक विश्वविद्यालय यति लामो समयसम्म नेतृत्वविहीन भएर चल्नु दुर्भाग्य हो, सरकारले ऐन संशोधन वा राजनीतिक निर्णयबाट भए पनि चाँडै अन्योल अन्त्य गर्नुपर्छ ।'

त्रिभुवन विश्वविद्यालयको अहिलेको ऐनमा राजा उपकुलपति हुने व्यवस्था भएकाले प्रतिनिधिसभा घोषणा-२०६३ ले राजालाई अधिकारविहीन बनाए पनि अझैसम्म नियमानुसार त राजा नै उपकुलपति रहेका छन् । पुरानो नियमानुसार मन्त्रिपरिषद्को सल्लाहमा कुलपति (राजा)ले उपकुलपति नियुक्त गर्ने प्रावधान छ । विश्वविद्यालयको संशोधित ऐन अहिले प्रतिनिधिसभा कानुन समितिमा रहेको छ । कानुन समितिबाट अनुमोदन भई प्रतिनिधिसभामा टेबुल गरेपछि उक्त ऐन पारित हुने भएकाले यसका लागि अझै साता दश दिन लाग्न सक्ने बताइन्छ ।

■ **छत्र कार्की/काठमाडौं**

संवैधानिक आयोगका कारण संविधानसभाको निर्वाचनअगाडि नै युगान्डाका सबैजसो जनताले संविधान के हो किन चाहियो र त्यसमा के के हुनु पर्छ भन्ने कुरालाई राम्ररी बुझिसकेका थिए । आयोगले सुझाव लिने क्रममा २० हजारभन्दा बढी मातृभाषामा लेखिएका सुझाव पाएको थियो र यो नै आयोगको सफलता थियो ।



# सहभागिता सबैको

■ टिम ह्वाइट

**घर बनाउने** चाहना छ भने ठेकेदारसँग सम्पर्क राख्नु पर्छ, रेडियो बिग्रियो भने मर्मतकर्ताकहाँ गइन्छ । तर, मुलुकको संविधान नै बनाउन पर्‍यो भने कहाँ जाने त ? धेरैले भन्लान्, 'नेताहरूकहाँ गए भइहाल्यो नि ।' वास्तवमै नेता नै यसका विशेषज्ञ हुन्, उनीहरूलाई नै यो काम गर्न दिनु पर्छ । तर, संविधानका अनेकन् प्रावधानहरूको दुरुपयोग नेताहरूले नै गरेका कारण अनेकौं संवैधानिक संकट भोग्नु परेपछि क्रान्ति गरेर नयाँ संविधान बनाउन खोजेका नेपालीले चाहिँ कसलाई सम्पर्क गर्ने त ?

प्रजातन्त्रपछिका १२ वर्षसम्म संविधानका प्रावधानहरूको नेताहरूले दुरुपयोग गरेपछि नेपालीको अवस्था संकटमय भयो । सशस्त्र द्वन्द्व पनि भयो र शान्तिपूर्ण क्रान्ति पनि भयो । अब चाहियो नयाँ संविधान । तर, त्यो कसले र ? कसरी बनाउने ?

अहिले नेपाल र नेपाली दोबाटोमा छन् । एक दशकको सशस्त्र द्वन्द्वपछि नेपालीलाई आफ्नो आवश्यकता र भावनाप्रति उत्तरदायी बन्ने खालको नयाँ संरचनाको सरकार गठन गर्ने अवसर प्राप्त भएको छ, । तर, प्रश्न उठ्छ, माओवादी र दलहरू शक्ति संघर्षको हानथाप गरिरहेको अहिलेको अवस्थामा कति नेपालीले आफ्नो वास्तविक आवाज बाहिर ल्याउन सक्लान् वा चाहलान् ?

वास्तवमा, आम नेपालीको आवाज सुनिने वा नसुनिने भन्ने कुरा संविधान निर्माण प्रक्रियामा नै भर पर्छ। त्यसपछि मात्र मुलुकको दिशा निर्धारण हुन्छ । वास्तविक मुद्दा त संविधानसभाको निर्वाचन हुनुभन्दा अघि वा त्यसक्रममा जनताका वास्तविक सरोकारका मुद्दा उठ्छन् कि उठ्दैनन् भन्ने हो। संविधानसभाको निर्वाचनको सन्दर्भमा जनसहभागिताका कुरा केवल भोट हाल्ने काममा मात्र सीमित हुन्छ कि जनताका वास्तविक मागहरूमाथि उनीहरूको बोलीको बल रहन्छ वा रहँदैन भन्ने हो ।

संविधानसभा नेपालमा राम्ररी यात्रा गर्न सकिने निर्वाचनको स्पष्ट मार्गजस्तो लागिरहेको छ । तर, यो पक्की बाटोका अड्चन धेरै छन्, किनकि हरेक नेपालीलाई निर्वाचनका बेलामा दिइने प्रलोभनदेखि लिएर भोट किनबेचसम्मका कुरा पनि थाहा छ । तर, यो समयमा निर्वाचनको बाटो पहिलेको जस्तो चाहिँ सजिलो पक्कै हुँदैन, किनकि माओवादी पनि यही बाटोमा गुडिरहेको बसमा यात्रा गरिरहेका छन् । अझै पनि प्रश्न उब्जन्छ- आम मानिसले निर्वाचनमा भाग लिएर प्रजातन्त्र पुनःस्थापनापछिका १५ वर्षमा भएका विकृति अन्त्य गरेर नयाँ संरचना तयार पार्छन् त ?

नयाँ संविधान निर्माणको लागि एउटा बाटो प्रस्ताव गरिएको छ, जसमा साँच्चिकै अर्थमा जनसहभागिता हुनेछ र नयाँ स्वरुपको राजनीतिक संरचनाको अनुभव रहनेछ । तर, यो कच्चा बाटो हो, जसको संविधान निर्माणको इतिहासमा त्यति नाम चलेको छैन । यद्यपि, अफ्रिकी राष्ट्र युगान्डाको यो उदाहरण अनुकरणीय बन्न सक्छ ।

वर्षौंसम्म चलेको गृहयुद्धले मुलुक क्षतविक्षत भएपछि सन् १९९० मा युगान्डामा नयाँ संविधान बनाउने प्रक्रिया सुरु भयो । मुलुकको पुनर्संरचना लोकमतका आधार गर्ने कुरामा निर्णय भयो र तल्लो तहदेखि माथिल्लो तहसम्मलाई प्रतिनिधित्व गर्ने गरी संविधान बनाइने तय भयो । नयाँ संविधानमा सम्बोधन गरिनु पर्ने मुद्दालाई जनता आफैंले पहिचान गर्ने पनि भनियो ।

त्यसैका लागि संविधानसभाको निर्वाचनभन्दा अघि एउटा संवैधानिक आयोग बनाइयो, जसलाई युगान्डाका सबै भागका जनताको विचार संकलन गर्ने जिम्मेवारी दिइएको थियो । संविधानसभाको निर्वाचनअगाडि यो आयोगले निम्न लिखित कुरामा देशभरि छलफल चलायो:

१. आयोगले देशभरि नै सभासम्मेलन गरेर संविधान र त्यसको आवश्यकता र महत्त्वका विषयमा छलफल चलायो ।
२. त्यसपछि आयोगले संवैधानिक प्रावधानसम्बन्धी सामग्रीको विकास गर्‍यो र आम जनतालाई त्यससम्बन्धमा छलफल, टिप्पणी गर्न लगायो । यसका बारेमा आयोगले देशभरि नै गोष्ठी आयोजना गर्‍यो । आगामी संविधानका बारेमा स्थानीय सरकार, गैरसरकारी संस्था, सामुदायिक संस्था, धार्मिक संस्था, जनजातिहरू र अन्य संघसंस्था सबैलाई संविधान कस्तो हुनु पर्छ भन्नेबारेमा टिप्पणी गर्न लगायो ।
३. त्यसपछि आयोगले ती सबै विचार (अधिकांश स्थानीय भाषामा दिइएका)हरूको संक्षेपीकरण तयार गर्‍यो ।
४. अन्त्यमा देशभरिबाट संकलित यिनै विचारका आधारमा तयार पारिएको निचोडलाई संविधानसभामा छलफल गर्न लगाइयो र संविधान बनाइयो ।

यो सबै कुरामा अन्तिम निर्णय त संविधानसभाले नै गर्‍यो । तर, संवैधानिक आयोगका कारण संविधानसभाको निर्वाचनअगाडि नै युगान्डाका सबैजसो जनताले संविधान के हो किन चाहियो र त्यसमा के के हुनु पर्छ भन्ने कुरालाई राम्ररी बुझिसकेका थिए । आयोगले सुझाव लिने क्रममा २० हजारभन्दा बढी मातृभाषामा लेखिएका सुझाव पाएको थियो र यो नै आयोगको सफलता थियो ।

युगान्डा र नेपालको स्थिति पक्कै पनि फरक छ । त्यसैले संविधानसभाको बाटो नेपालीले आफ्नै किसिमको बनाउनु पर्छ । तर, त्यसका निकै समस्या भने छन् । जस्तो कि अधिकांश नेपालीलाई आफ्ना राजनेताप्रति विश्वास छैन । अहिलेको चुनौती त नेताहरूले जनताका कुरा सुन्छन् र विगतको गल्ती दोहोर्‍याउँदैनन् भन्ने विश्वास दिलाउनु पनि हो । यसअतिरिक्त मानिसहरूले संविधानका बारेमा स्थानीय र राष्ट्रिय तहमा छलफल गर्न पाउनु पर्छ र यसका लागि पूर्वाधार तयार गरिनु पर्छ । यस्तो खालको नीतिले नयाँ खालको राजनीति विकास हुँदै छ भन्ने विश्वास जनतामा ल्याउनेछ ।

अर्कातिर अहिलको राजनीतिक ठालुहरू मुलुकले भोगिरहेका मुद्दामा साह्रै नै संकीर्ण सोच राख्छन् । मूलधारका रहेका राजनीतिक दलहरूदेखि विद्रोही माओवादीसम्म नै नेपाली मातृभाषा भएका बाहुन क्षेत्रीको बाहुल्य छ । यदि सम्पूर्ण नेपालीलाई मूलधारमा ल्याउने हो भने अन्य जातजाति र भाषाभाषीलाई पनि मूलधारमा ल्याउनै पर्छ, नत्र भोलि यो प्रक्रियामा छुटेकाहरूले अर्को विद्रोह नजन्माउलान् भन्न सकिँदैन । त्यसैगरी वर्षौंदेखि चलिआएको हिंसाका कारण अझै पनि गाउँका मानिस आफूलाई दलको लेबल लाग्ने डरले बोल्न चाहँदैनन् । यदि साँच्चिकै नयाँ संविधान बनाउने हो भने यो डर हटाउनै पर्छ ।

यति बेला नेपालीको काँधमा प्रजातन्त्रमा आधारित भएर नयाँ नेपालको निर्माण गर्ने जिम्मेवारी र दायित्व छ र यो दायित्व त्यति बेला मात्र पूरा हुन्छ, जब हरेक गाउँको कच्ची मार्गबाट नयाँ मुलुकको निर्माणका लागि मानिसहरूले सहभागिता जनाउनेछन् । ■

*पत्रकार तथा इतिहासकार टिमले आफ्नो पाँचवर्षे नेपाल बसाइँका क्रममा कमैया मुक्ति आन्दोलनलाई सघाउनुका साथै 'नेपालमा दासत्व' भन्ने पुस्तक लेखेका छन् । हाल उनी आफ्नो मुलुक डेनमार्कमा अनुसन्धानरत छन् ।*

# घुमिफिरी रिपोर्टर



भास्वर ओझा

**उनी कहिले** नेपाललाई गम्भीर असर गर्ने प्रकृतिका सन्धि सम्झौता संसद्को दुई तिहाइ बहुमतले पारित गर्नु पर्ने नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२६ लाई कायम राख्नु पर्छ भनेर सांसदहरूलाई अर्ती दिइरहेका भेटिन्छन् त कहिले गैंडा जोगाउन सरोकारवालाहरूलाई उक्साइरहेका हुन्छन् । उनी कहिले रेडियो सगरमाथामा बूढाबूढीका कुरा खोतल्दै हुन्छन् त कहिले हुम्लाका हरेक घरमा उज्यालो पुऱ्याउन मानिसहरू गुहारिरहेका अनि कहिले इलामको बाटोको चिन्ताले छोएको भेटिन्छन् त कहिले अतिक्रमणमा परेको लिम्पियाधुरालाई मुलुकभित्र ल्याउने आन्दोलनमा ।

हो, २०५२ सालमा काठमाडौं मेडिकल कलेजलाई दान गरिसकेको छरितो शरीरमा यस्तै यस्तै काममा फूर्तिसाथ हिँडिरहेका भेटिन्छन्, पत्रकार भैरव रिसाल । साउन २९ गते ७९ वर्ष लागेकोमा उनी आफूभन्दा कम्तीमा पनि ३० वर्ष कान्छा साथीहरूलाई लड्डु खुवाउँदै थिए । तर, उनको जिउमा देखिने फूर्ति र चालढालले उनी झन्डै चार बीस लागेको कुनै आभास दिँदैनथ्यो । जब उनलाई शुभकामना दिन बूढाहरू कुप्रिँदै आए, उनले भने, 'बल्ल मेरा दौंतरीहरू आए ।' उनी आफूभन्दा साना उमेरकासँग संगत गर्छन् र तिनका कुरा बुझ्न र सिक्न खोज्छन् । त्यसैले उनी सधैं दिमागी तवरबाट युवा नै हुन्छन् ।

मानसिक रुपमा मात्र होइन ७९ वर्षको उमेरमा पनि शारीरिक रुपले समेत आफू युवासरह रहनुको रहस्य खोल्दै भैरव दाइ भन्छन्, 'सानो कुरामा पनि म साह्रै खुसी हुन्छु र धेरै मेहनत गरेको काम विफल भए पनि म रतिभर चिन्ता लिदिनँ । सायद यही होला मेरो स्वास्थ्य राम्रो हुनुको रहस्य ।'

तर, उनी सधैं तन्दुरुस्त रहनुको रहस्य भने निरन्तरको योग साधना पनि हो, जुन उनी खुलाउन चाहँदैनन् ।

भक्तपुर गुन्डुको एउटा गरिब बाहुन परिवारमा जन्मिएका भैरव दाइ (उनलाई अपवाद बाहेकका सबैले नै यही सम्बोधन गर्छन्)का बुबाले कान्छी आमा नल्याएको भए पनि उनी यहाँ हुने थिएनन्, न त लुभुको भाषा पाठशालाका गुरु तोयनाथले जोरजबरजस्ती नगरेका भए उनी यहाँ हुन्थे ।

'आमा मरेपछि बाले कान्छी आमा नल्याएको भए हाम्रो बिजोग हुन्थ्यो, बाले पुरेत बनोस् र परिवार चलाओस् भन्ने चाहनाका साथ भाषा पाठशाला पठाएका थिए । तर, तोयनाथ गुरुले बा र मलाई सम्झाएर अगाडि पढ्न बाध्य पारे', भैरव दाइ भन्छन्, 'जयतु संस्कृतम् आन्दोलन भएपछि तीनधारा पाकशाला खाली नभएको भए पनि मैले पढ्न पाउने थिइनँ ।' (किनभने त्यति बेलासम्म काठमाडौं उपत्यकाका बाहुनलाई त्यहाँ पढ्नका लागि प्राथमिकता दिइन्नथ्यो ।)

त्यो पढाईसँगै उनी कम्युनिस्ट बने र संस्कृत छात्र आन्दोलनमा पनि लागे । छात्र आन्दोलनका कारण नै पाश्चात्य पढाइ र संस्कृत पढाइबीच समानता ल्याइयो र उनले ग्रचाजुएट अफिसरको जाँच पनि पास गरे । 'तर, नियुक्ति दिइएन', भैरव दाइ भन्छन्, 'संस्कृत पढेकाले प्रशासन चलाउन सक्दैन भनेर हो वा मेरो कम्युनिष्ट पृष्ठभूमिले गर्दा हो, मैले सरकारी काम पाइनँ अनिमात्र म पत्रकार भएँ ।'

हो, त्यसलगत्तै उनले २०१४ सालमा विशुद्ध राजावादी पत्रिका हालखबरको संवाददाताका रूपमा काम सुरु गरे । दाताराम शर्मा सम्पादक भएको त्यो पत्रिकामा श्यामप्रसाद, महेशचन्द्र रेग्मी र मदनमणि दीक्षितजस्ता लेखकहरूको कलम चल्थ्यो । भैरव दाइ भन्छन्, 'त्यति बेला मेरो तलब १ सय रुपैयाँ थियो, मसँग ऱ्याली साइकल थियो, त्यो चढ्दा अहिलेको स्यान्ट्रो चढेर रिपोर्टिङ गरेसरहको अनुभूति हुन्थ्यो ।

उनको यो जागिर ४ वर्ष रह्यो । त्यसपछि उनी २०१८ सालमा राष्ट्रिय जनगणना र कृषि गणनाका लागि अधिकृतका रुपमा छानिए । २६ महिनाको त्यो जागिरका क्रममा उनले नेपाल घुमे र बुझे । 'त्यति बेला मैले जनगणनाका क्रममा महाकालीको उत्तरपश्चिमी कुनो लिम्पियाधुराको नक्सा बनाएको थिएँ, त्यही नक्सा आज उक्त क्षेत्र नेपालको भूमि हो भन्ने आधिकारिक प्रमाण बनेको छ । मैले जागिरमा बिताएको क्षण आज राष्ट्रका लागि काम लाग्नु मेरा लागि गौरवको कुरा हो ।'

त्यो जागिर सकिएपछि शंकरनाथ पन्त सम्पादक भएको नेपाल समाचारमा संवाददाताका रूपमा काम गरे केही महिना । त्यसपछि उनी राष्ट्रिय समाचार समितिमा पुगे र चार वर्षमै प्रमुख संवाददाता भए, जुन २०४१ सालसम्म कायम रह्यो ।

उनले पत्रकारिताका क्रममा टंकप्रसाद आचार्य, मातृकाप्रसाद कोइराला, डा. केआई सिंह, विपी कोइराला, डा. तुल्सी गिरी, सूर्यबहादुर थापा, कीर्तिनिधि विष्ट, नगेन्द्रप्रसाद रिजाल, लोकेन्द्रबहादुर चन्द र मरीचमान सिंह श्रेष्ठसहित दसजना प्रधानमन्त्रीहरूसँग नजिक रहेर समाचार लेखे । को मन पऱ्यो त, 'स्पष्ट सोचको हिसाबले डा. गिरी तर आदर्श, स्पष्टवादिता, भविष्यपरक सोच, अर्काको सम्मान आदि सबै हिसाबले नेपालको अहिलेसम्मको उत्कृष्ट प्रधानमन्त्री विपी नै हुन् ।'

२०३६-०३७ सालमा जनमत संग्रहताका पाएको स्वतन्त्रता कुण्ठित हुँदै गएपछि २०४२ साल वैशाख १ गते उनले राससको जागिरलाई तीलाञ्जली दिए र 'अंग्रजी नबोल्ने र नजान्नेका लागि जागिर छ' भन्दै पुगे, डा. देवेन्द्रराज पाण्डेको गैसस आइडिएसमा । उनले त्यहाँ आलुको बीउ विकाससम्बन्धी सामाजिक कार्यकर्ताका रुपमा जागिर खाए । घुमिफिरी रिपोर्टर नै बन्न आइपुग्ने भैरव दाइले सम्पूर्ण नेपाल घुमेका छन् । 'म ७५ जिल्ला घुमेको छु, ओखलढुंगाको सदरमुकाम पुगेको छैन, दुईतीन जिल्ला हेलिकोप्टरले घुमे पनि सदरमुकाम टेकेको छु,' उनी भन्छन् ।

उत्तरी गोरखाका गरिब छात्रलाई आफ्नै खर्चमा पढाउने, हुम्लाकी एक चेलीलाई अनमि बनाउनेजस्ता उनले आफ्नो ७९ वर्षे जीवनमा गरेका सार्वजनिक र व्यक्तिगत कामका अनेकौं कथाका फेहरिस्त निकै लामो हुन्छ, तीन चार सय पानाको पुस्तकमा पनि नअटाउने खालको । तर, उनलाई जीवनको सबैभन्दा उपलब्धिपूर्ण क्षणका बारेमा सोध्ने हो भने जवाफ आउँछ, 'यसबारे त मैले सोच्दै सोचिनँ । साँच्चै के होला त्यस्तो कुरो ?'

समाचार लेखेबापत नै १० महिना जेलमा थुनिएका भैरव दाइले यसो भन्नु उनको महानता हो । वास्तवमा उनका उपलब्धिको लेखाजोखा भने, 'भैरव दाइ' भन्दै दिनहुँ उनी बस्ने नेपाल वातावरण पत्रकार समूहको कार्यालयमा उर्लने भीड अनि पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मबाट हरेक महत्त्वपूर्ण कुरामा उनीसँग मागिने सल्लाहबाट हुन सक्छ ।

■ **राजेश घिमिरे/काठमाडौं**

# संरक्षणमा नागरिक

**साउनको दोस्रो साता** चितवन राष्ट्रिय निकुञ्जका तीनवटा गैंडा चोरी सिकारबाट मारिएपछि निकुञ्जदेखि केन्द्रसम्मका संरक्षण कार्यमा संलग्न अधिकारीहरू चिन्तित छन्।

जनताको सहभागिताविना गैंडा र निकुञ्ज संरक्षण कार्य प्रभावकारी हुन नसक्ने ठानिएपछि स्थानीय बासिन्दाकै पहलमा निकुञ्जको सीमाक्षेत्र सौराहामा दुई दिनको गृहकार्यपछि गैंडा संरक्षण समन्वय समिति बनाइएको छ। समितिमा चितवन र नवलपरासीका ६ राजनीतिक दल, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, निकुञ्ज लगायत सरोकारवाला संघसंस्थाका प्रतिनिधि रहेका छन्।

सीमित संख्याका गैंडाहरू चोरी सिकारीबाट धमाधम मर्न थालेपछि गैंडा संरक्षण कार्यमा चुनौती थपिएको हो। विगत ६ वर्षको अवधिमा चितवन राष्ट्रिय निकुञ्जमा चोरी सिकारबाट एक सय २८ गैंडा मारिएछन्।

निकुञ्ज तथा वन्यजन्तु विभागका महानिर्देशक नारायणप्रसाद पौडेल विगतको त्रुटि र कमजोरीलाई सुधार्ने गरी सरकारले गैंडा संरक्षणसम्बन्धी नयाँ कार्यनीति ल्याएको र भविष्यमा सोहीअनुसार संरक्षण कार्य अघि बढाइने बताउँछन्। उक्त कार्यनीतिमा तत्कालीन, अल्पकालीन र दीर्घकालीन कार्यनीतिहरू तर्जुमा गरिएको उनले जानकारी गराए।

गैंडा गणना २०५६ मा ५ सय ४४ गैंडा निकुञ्जमा फेला परेकोमा यो संख्या गैंडा गणना २०६१ सम्म आइपुग्दा ३ सय ७२ मा झरेको थियो। तेस्रो गैंडा गणनापछि चितवनमा चोरी सिकारबाट १५ र कालगतिले दुईवटा गैंडा मरिसकेका छन्। विश्व वन्यजन्तु कोष नेपालको तथ्यांकअनुसार चोरी सिकारीबाट सन् २००१ मा १७ वटा, २००२ मा सर्वाधिक ४० वटा गैंडा मारिएका थिए। त्यसपछिका वर्षहरूमा क्रमशः ३०, १३ र १६ वटा गैंडा मारिएकोमा यो वर्षको सात महिनामै १२ वटा गैंडा मारिएका छन्।

विश्व वन्यजन्तु कोष नेपालका राष्ट्रिय निर्देशक डा. चन्द्र गुरुङ बदलिँदो राजनीतिक परिवेशअनुसार अब संरक्षण कार्यमा जनताले नै स्वामित्व लिएर काम गर्नुपर्ने विचार राख्छन्। वन्यजन्तुलाई राजनीतिक सीमाले बाँध्न नसक्ने भएकाले उनीहरूको बासस्थान संरक्षण आवश्यक रहेको उनको ठम्याइ छ। दुर्लभ वन्यजन्तु एकसिंगे गैंडा एसियाभर नेपाल र भारतमामात्र पाइन्छ। नेपाल र भारतमा रहेका एसियाली गैंडा विशेषज्ञ समूहका सह-अध्यक्ष डा. तीर्थमान मास्के विश्वकै दुर्लभ एकसिंगे गैंडाको महत्त्वले गर्दा नै चितवन राष्ट्रिय निकुञ्जले प्रगति गरेको र निकुञ्जमा गैंडा नरहे चितवनको आर्थिक भविष्य संकटमा पर्ने धारणा राख्छन्। डा. मास्के भन्छन्, 'निकुञ्जको स्वामित्व जनतालाई नै हस्तान्तरण गर्ने उद्देश्यले संरक्षणमा उनीहरूलाई सक्रिय बनाउनु पर्छ।' गैंडाको बारेमा जनचेतना जगाउन अझै पनि आवश्यक रहेको र युवा वर्गको परिचालनबाट संरक्षण क्षेत्रमा धेरै काम गर्न सकिने मास्केले बताए।

प्राकृतिक कारणले कम र चोरी सिकारको कारण बढी गैंडा मर्न थालेपछि निकुञ्जमा गैंडा संरक्षण कार्य चुनौतीपूर्ण बनेको सरोकारवालाहरू बताउँछन्। गैंडा संरक्षणको लागि मात्र निकुञ्जको मातहतमा रहने गरी सशस्त्र रक्षकको व्यवस्था गर्नुपर्ने, निकुञ्जभित्र रहेका होटेल बाहिर सार्नुपर्ने, विद्यालयस्तरको पाठ्यपुस्तकमा गैंडाको महत्त्व र संरक्षणसम्बन्धी पाठ्यक्रम राखिनुपर्ने, निकुञ्जभित्र सुरक्षा चौकी विस्तार गर्नुपर्ने, सशस्त्र वन रक्षकलाई हतियार उपलब्ध गराई तत्काल परिचालन गर्नुपर्ने र गैंडाको बासस्थान सुधार गर्नुपर्ने चितवन र नवलपरासीका राजनीतिक कार्यकर्ताहरूको भनाइ रहेको छ। नेपाली कांग्रेस चितवनका टेकप्रसाद गुरुङ विषम राजनीतिक परिस्थितिमा सशस्त्र वन रक्षकलाई निशस्त्र बनाइए पनि अब उनीहरूको हतियार फिर्ता गरेर सरकारले चोरी सिकारीविरुद्ध गस्तीलाई प्रभावकारी बनाउनु पर्नेमा जोड दिन्छन्।

माओवादीको नवलपरासी जिल्ला सेक्रेटरी आकाशले गैंडा संरक्षण कार्यलाई चोरी सिकारीविरुद्धको लडाइँ भन्दै आफूहरूले बल्ल जैविक विविधता र वन्यजन्तु संरक्षणका कुरामा चासो राख्न थालेको बताए।

निकुञ्जको मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष कृष्ण भूर्तेल देशमा भएको पछिल्लो राजनीतिक परिवर्तनपछिको संक्रमणकालीन हालको अवस्थामा संरक्षण कार्यमा जनता र दललाई सहभागी गराउन नयाँ रणनीति आवश्यक रहेको बताउँछन्। उनको विचारमा निकुञ्ज र वन्यजन्तुको संरक्षण अधिकारसम्पन्न जनताको स्वामित्वमा हुनुपर्छ। चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत टीकाराम अधिकारी जनताको सहयोगविना संरक्षण कार्य प्रभावकारी बन्न नसक्नेमा सहमत छन्। भावी दिनमा जनताको सहयोग लिएर नै संरक्षण कार्यलाई प्रभावकारी बनाइने उनले बताए।

नियमित गस्ती र चोरी सिकारविरुद्ध सञ्जाल निर्माण गरेर पनि प्रभावकारी रुपमा गैंडा संरक्षण हुन नसकेको वर्तमान अवस्थामा विभागबाट जारी नयाँ गैंडा संरक्षण कार्यनीति र जनता तथा राजनीतिक दललाई संरक्षण कार्यमा सहभागी गराउने नयाँ सोचले चोरी सिकारमा कमी आउन सक्ने अपेक्षा गरिएको छ।

■ **सूर्यप्रकाश कँडेल/चितवन** (तस्वीर पनि)


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| भद्रपुर | बिहान ५.१० बजे | कलैया | बिहान १०.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| मलङ्गवा | बिहान ६.३५ बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| जनकपुर | बिहान ७.२० बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| गौर | बिहान ६.५५ बजे | वरथवा | बिहान ७.४० बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | | |
| पोखरा | बिहान ७.३० बजे | | |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| | | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| मलङ्गवाबाट | बिहान ५.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | | |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्गवामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौंडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ।*

# माउप्रति इमानदारी

■ **मधुसूदन पौडेल/काठमाडौं**

**लामो सयमदेखि** सुस्ताएको मजदुर आन्दोलन अहिले उत्कर्षमा पुगेको छ । नेपालका औद्योगिक क्षेत्र र ठूला औद्योगिक प्रतिष्ठानहरूमा 'मजदुर हक हित'का नारा गुन्जिएका छन् । आफूलाई मजदुरको सबैभन्दा पक्षपाती देखाउन कांग्रेस, एमाले र माओवादीका मजदुर संगठन तँछाडमछाड गरिरहेका छन् ।

आन्दोलनमा देखिने गरी मजदुर 'शोषण'का कथाहरू निकै राम्रोसँग प्रस्तुत भएका छन् । यसले साँच्चिकै अभावमा बाँचिरहेका मजदुरमा नयाँ आशा जगाएको पनि छ । तर, साँचो अर्थमा यी आन्दोलन मजदुरभन्दा पनि आ-आफ्ना माउ राजनीतिक दलहरूप्रति इमानदार छन् । मजदुर फाँटमा आफ्नो दलको पकड कमजोर बन्ला भन्ने त्रास मजदुर आन्दोलनको मुख्य मर्म बनिरहेको छ । राजनीतिक विश्लेषकहरूको अनुभवमा राजनीतिक दलहरूले सम्बन्धित क्षेत्रका समस्या उठाएर त्यहाँ आफूलाई लोकप्रिय बनाउन यस्ता गतिविधि संचालन गराउँदै आएका छन् ।

राजनीतिक परिवर्तनसँगै मजदुर आन्दोलनको गति तीव्र बन्दै जाने प्रवृत्ति देखिएको छ, नेपालमा । २०४६ सालको परिवर्तपछि खास गरी एमालेले उनीहरूका हक हितका माग अगाडि सारेर आफ्नो पक्षमा पार्न देशव्यापी मजदुर आन्दोलन चर्काएको थियो । कतिपय आन्दोलनमा मजदुरले केही राहत महसुस गर्न सकेका थिए भने केही औद्योगिक प्रतिष्ठानहरूमा भने समस्या थपिएको थियो मजदुरमाथि नै । तत्कालीन मजदुर आन्दोलनको नेतृत्वकर्ता एमाले निकट ट्रेड युनियन महासंघ (जिफन्ट)का उपाध्यक्ष विष्णु रिमाल भन्छन्, 'आन्दोलन अगाडि त बढ्यो । तर, समाधान खोज्न पनि मुस्किल परेको थियो हामीलाई ।'

दलहरूले त्यही प्रवृत्ति दोहोऱ्याउन खोजेका छन्, जनआन्दोलन-२ पछि पनि । तर, अहिले कांग्रेस, प्रजातान्त्रिक कांग्रेस र एमालेले मजदुर आन्दोलनमा आफ्नो सहभागिता देखाउनुमा भने मुख्य रुपमा माओवादी मजदुर संगठनको 'क्रान्तिकारी' भूमिकाले दबाब दिइरहेको छ । किनभने माओवादी मजदुर संगठन अखिल नेपाल ट्रेड युनियन महासंघले पछिल्लो राजनीतिक परिवर्तन र सरकार-माओवादीबीच वार्ता प्रक्रिया सुरु हुनासाथ देशभरका औद्योगिक क्षेत्र र बहुराष्ट्रिय कम्पनीहरूमा मजदुर हक हितका मामिला अगाडि सारेर आन्दोलनको नेतृत्व लिएको थियो । मजदुरहरूलाई स्थायी गरिनु पर्ने, संचय कोष, महँगी भत्ता र अन्य सुविधा बढाउनु पर्ने, न्यूनतम तलब तोकिनु पर्ने र ठेकेदारी प्रथा अन्त्य गरिनु पर्ने जस्ता मजदुरले भोग्दै आएका ज्वलन्त समस्या समाधानमा उद्यमीहरूलाई 'झुकाउन' ऊ सफल हुन थालेपछि अन्य दलका मजदुर संगठनहरूले पनि आन्दोलनमा आफ्नो सक्रिय सहभागिता जनाउन थालेका थिए । किनभने मजदुर आन्दोलनमा माओवादीलाई एक्लै छोडिदिँदा अन्य दलका मजदुर संगठनहरू कमजोर बन्न सक्थे । यो कुरामा हेक्का पुऱ्याएका छन्, दुवै कांग्रेस र एमालेका मजदुर संगठनहरूले ।


'लुकाउनु पर्ने केही कुरा नै छैन । माओवादीलाई बलियो बनाउनका लागि नै हामी मजदुर आन्दोलन चर्काइरहेका छौं', माओवादी मजदुर संगठनका अध्यक्ष शालिकराम जमरकट्टेल भन्छन्, 'राजनीतिक रुपमा यो वर्गीय संघर्ष पनि हो, श्रमिक वर्गको सत्ता प्राप्त गर्ने ।'

तर संसदीय राजनीतिमा पोख्त भइसकेको एमाले निकट जिफन्टका उपाध्यक्ष रिमाल यो कुरा मान्न तयार छैनन् । उनी भन्छन्, 'मजदुरहरू माओवादी बन्लान् भन्ने डरले हामी आन्दोलन गरिरहेका छैनौं । हाम्रो उद्देश्य व्यवहारिक रुपमा मजदुरका समस्या समाधान गर्ने नै हो ।'

राजनीतिक दलका लागि सबैभन्दा महत्त्वपूर्ण हतियार हुन्, उनीहरूका भातृ संगठन । अझ त्यसमा पनि विद्यार्थी र मजदुर संगठन दलको राजनीतिक लक्ष पूरा गर्ने सबैभन्दा प्रभावकारी साधन बन्दै आएका छन् । राजनीतिक परिवर्तनका आन्दोलनहरूसँगै दलहरूले संगठन विस्तारका लागि उनीहरूलाई उपयोग गरिरहेका हुन्छन् । त्यही गरिएको छ, अहिले पनि । मुख्य रुपमा माओवादीले आफ्नो प्रभाव बढाउने क्रममा मजदुरहरूप्रति लक्षित कार्यक्रम अगाडि सारिरहेको छ भने अरू पार्टी आफ्नो साख जोगाउने अभियानमा छन् ।

वास्तवमा अहिले मजदुर आन्दोलन चर्काउने र

**अहिले नेपालका औद्योगिक क्षेत्र र ठूला औद्योगिक प्रतिष्ठानहरूमा घन्किएका 'मजदुर हक हित'का नाराभित्र लुक्न नसकेको रहस्य हो– आफूलाई मजदुरको सबैभन्दा पक्षपाती देखाउन तँछाडमछाड गरिरहेका दुवै कांग्रेस, एमाले र माओवादीका मजदुर संगठनहरू मजदुरभन्दा बढी आ–आफ्ना माउ पार्टीलाई बलियो बनाउन खोज्दै छन् ।**



आफ्नो पहलमा थप सुविधा मजदुरलाई दिलाएको श्रेय लिने होड चलिरहेजस्तो देखिन्छ। त्यसको ज्वलन्त उदाहरण बनिरहेको छ, खेतान ग्रुपद्वारा बनेपामा संचालित मायोज चाउचाउ। एमालेको मजदुर संगठनले त्यहाँ आन्दोलन सुरु गरेको थियो र व्यवस्थापनले केही कर्मचारी स्थायी गर्ने लगायतका मागमा सहमति जनाएपछि आन्दोलन टुंगिएको थियो। तर, एमाले मजदुर संगठनसँग गरिएको सहमतिलगत्तै माओवादी मजदुर संगठनले त्यसमा असहमति जनाएपछि उक्त उद्योग लामो समयदेखि बन्द रहँदै आएको छ। रिमाल भन्छन्, 'हामीले जहाँ समझदारी गरेका छौं, माओवादी संगठन त्यहाँ पुगेर भड्काउने काम गरेको छ।' तर जमरकट्टेलको भनाइ बेग्लै छ। 'करिब आठ वर्षदेखि ४ सय अस्थायी मजदुर कार्यरत रहेको मायोजमा ५० जनालाई मात्रै स्थायी गर्ने सहमति गर्नु मजदुर हितविरोधी कुरा हो। हामी त्यस्ता समझदारी मान्न सक्दैनौं।'

खाना पकाउने ग्याँसमा महत्त्वपूर्ण हिस्सा ओगट्दै आएको नेपाल ग्याँस उद्योग पनि लामो समय बन्द रह्यो, माओवादी मजदुरहरूकै कारण। एक सयभन्दा पनि कम ड्राइभर, हेल्पर र वितरकहरूलाई स्थायी गरिनु पर्ने माओवादी अडान व्यवस्थापनले स्वीकारेपछि मात्र साउन ३१ गतेदेखि कम्पनी चालु हुन सकेको हो।

उता, पोखराका औद्योगिक प्रतिष्ठानहरूमा पनि मजदुर संगठनका प्रतिस्पर्धाले मजदुर केही हदसम्म लाभान्वित भएका छन्। हरि पाण्डे संचालक रहेको माछापुच्छ्रे मेटल उद्योगमा कार्यरत मजदुरहरूले जनआन्दोलनको समयावधिको तलब पाउनु पर्ने माग अगाडि सारेपछि कांग्रेस र एमालेका मजदुर संगठनसँग व्यवस्थापनले त्यस अवधिको आधा तलब दिने सहमति बनेको थियो। तर, माओवादीले पूरै समयावधिको सबै सुविधा दिनु पर्ने अडान दोहोऱ्याएपछि व्यवस्थापनले अघिल्लो सहमतिभन्दा अगाडि बढेर उसका माग पूरा गऱ्यो। यो घटनापछि कांग्रेस, एमालेका मजदुर संगठन व्यवस्थापनले आफूहरूलाई पछाडि पारेको विश्लेषणका साथ पोखराका सबै औद्योगिक प्रतिष्ठानमा आन्दोलन अवधिको सुविधा दिनु पर्ने अडानमा प्रस्तुत भए। एकभन्दा अर्कोले मजदुरका माग पूरा गराउन दबाब दिने यस्ता घटना अहिले देशव्यापी बनिरहेका छन्।

खासगरी लोकतान्त्रिक आन्दोलन संयुक्त रुपमा अगाडि बढाउन ट्रेड युनियन कांग्रेस, ट्रेड युनियन महासंघ र प्रजातान्त्रिक ट्रेड युनियन कांग्रेसबीच



इलाम र झापाका सम्पूर्ण चिया बगान र उद्योगहरू बन्द गराउँदै आन्दोलनमा उत्रिएका महिला मजदुरहरू।




# बगानमा बबाल

**चिया उत्पादक संघसँग** गत साता भएको वार्ता सहमतिमा पुग्न नसकेपछि आन्दोलनलाई निरन्तरता दिँदै चिया मजदुरहरूका संगठनहरूले साउन २१ गतेदेखि इलाम र झापाका सम्पूर्ण चिया बगान र उद्योगहरू बन्द गराएका छन्।

आन्दोलनमा उत्रिएका माओवादी निकट अखिल नेपाल चिया बगान मजदुर संघ, प्रगतिशील पक्षधर नेपाल स्वतन्त्र चिया मजदुर युनियन र प्रजातान्त्रिक पक्षधर नेपाल चिया बगान श्रमिक संघको चिया उत्पादक संघसँग साउन १८ गते भएको वार्तामा ज्याला निर्धारणका बारेमा दुवै पक्षले अडान नछोडेपछि सहमति हुन नसकेको हो। 'सुरुमै हामीले ज्याला निर्धारणका बारेमा छलफल गऱ्यौं। त्यसैमा सहमति हुन नसकेपछि अन्य विषयवस्तुमा प्रवेश नै गरेनौं', नेपाल स्वतन्त्र चिया मजदुर युनियनका अध्यक्ष सन्तकुमार राईले भने।

राईका अनुसार संगठनहरूले मजदुरहरूको तलब दैनिक एक सय १५ रुपैयाँ भएमात्र सहमति हुने अडान राखेका थिए भने चिया महासंघले ८६ रुपैयाँभन्दा बढी दिन नसक्ने अडान राखेको थियो। हाल चिया मजदुरहरूको ज्याला दैनिक ७४ रुपैयाँ छ। 'यसै साता उद्योग वाणिज्य महासंघ र ट्रेड युनियन महासंघबीच मजदुरहरूलाई ज्याला साउन १ गतेदेखि नै लागू हुने गरी दैनिक एक सय २५ रुपैयाँ दिने सहमति भएको छ। हामीले पनि सोहीबमोजिम चिया उद्योगमा लागू हुनुपर्छ भनेका हौं। तर, पछि एक सय १५ रुपैयाँसम्ममा मान्न पनि तयार भयौं। तर, उनीहरू सहमत भएनन्', राई भन्छन्।

उता वार्तांटोलीका संयोजक छत्र गिरी चिया कृषिजन्य उद्योग भएकाले अन्य उद्योगमा लागू भएका सबै प्रावधान आफूहरूले लागू गर्न नसक्ने बताउँछन्। चिया महासंघले सरकारसँग राखेको ऋण लगानीअनुसार ब्याज अनुदान उद्यमीलाई दिइनुपर्ने, ६० प्रतिशत आयकर लगाउन नहुने, निर्यातमा बोनस दिइनुपर्ने, विद्युत् महसुल र मलखादमा सहुलियत दिइनुपर्ने लगायतका माग पूरा गरिदिएमा मात्र मजदुरहरूका केही माग पूरा गर्न सकिने गिरीले बताए। यो आन्दोलनमा इलाम र झापाका ३५ बगान, ३२ उद्योगका करिब २५ हजार चिया मजदुरहरू संलग्न छन्।

■ **रोशन साँवा/इलाम**

# तानातानीमा मजदुर

**धरानका रिक्सा चालकहरूको** गला अहिले खाली छ। पहिले उनीहरू गर्वसाथ परिचयपत्र झुन्ड्याउँथे, अहिले त्यसै रिक्सा कुदाइरहेका भेटिन्छन्। किन त ? एक रिक्सा चालक भन्छन्, 'संगठन दुइटा भयो, कसको कार्ड भिर्ने, कसको नभिर्ने !'

माओवादी सम्बद्ध अखिल नेपाल ट्रेड युनियन महासंघ (क्रान्तिकारी)ले गत साउन २४ गते भानुचोकमा यात्री पर्खिरहेका रिक्सा चालकहरूले गलामा झुन्ड्याउँदै आएको परिचयपत्र खोसेको थियो। त्यो परिचयपत्र नेपाल रिक्सा चालक युनियनले बाँडेको थियो, जुन एमाले सम्बद्ध नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)को एउटा घटक हो।



मजदुरहरूलाई आफ्नो प्रभावमा पार्न प्रयासरत अखिल नेपाल ट्रेड युनियन महासंघ (क्रान्तिकारी)का कार्यकर्ता।

जिफन्टको विरोधपछि माओवादीले परिचयपत्र फिर्ता गर्‍यो। तर, रिक्सा चालकहरू अब कसले दिएको परिचयपत्र गलामा भिर्ने भन्ने अन्योलमा छन्। अखिल नेपाल ट्रेड युनियन महासंघ (क्रान्तिकारी)का सुनसरी अध्यक्ष कवि सुवेदी रिक्सा चालकहरूलाई माओवादीको परिचयपत्र पहिराउन चाहन्छन् भने जिफन्ट आफ्नो संगठन भत्किन नदिन प्रयासरत छ।

मजदुरमाथिको यस्तो झिनाझप्टी रिक्सा चालकहरूमा मात्रै सीमित छैन। जिफन्टले आफ्नो सदस्य बनाउन लागेको विपी प्रतिष्ठान, धरानका सेक्युरिटी गार्डहरूलाई माओवादीले अनेकौं प्रलोभन देखाएर अखिल नेपाल सेक्युरिटी गार्ड महासंघ (क्रान्तिकारी)मा प्रवेश गरायो। साउन २४ गते सुनसरीको खनारमा आयोजित एक भेलामा माओवादीले मोहन राईको संयोजकत्वमा एकाइ समिति गठन गर्‍यो।

हुनत संयोजक राई विपी प्रतिष्ठानका सेक्युरिटी गार्डहरू माओवादीमा प्रवेश नगरेको बताउँछन्। 'हाम्रा समस्या कसैले सुनेनन्, त्यसैले माओवादीसँग छलफल गर्नमात्रै गएका हौं, सदस्य हुन हैन', राई भन्छन्। तर, अखिल नेपाल ट्रेड युनियन महासंघ (क्रान्तिकारी)सँग विपी प्रतिष्ठानमा एकाइ समिति विस्तार गरेको 'माइन्युट' नै छ।

महासंघका कोशी-मेची संयोजक मकरध्वज राई भन्छन्, 'विपी प्रतिष्ठानका मात्र हैन, अहिले सुनसरी र मोरङका करिब ९५ प्रतिशत सेक्युरिटी गार्डहरू हाम्रा सदस्य भइसके।' राई आफ्नो संगठनले सेक्युरिटी गार्डहरूमा सदस्यतामात्रै नबाँड्ने, उनीहरूको अधिकारको रक्षा पनि गर्ने बताउँछन्। उनी भन्छन्, 'अधिकारका लागि कोसँग र कहाँ कुरा गर्नुपर्छ, हामी गर्छौं।'

माउन्टेन सेक्युरिटी सर्भिसमार्फत विपी प्रतिष्ठानमा कार्यरत ९० जना गार्डले ३ वर्षअघि नै सुरक्षामा ठेकेदारी प्रथाको अन्त्य र तलब वृद्धिको माग गर्दै आन्दोलन सुरु गरेका थिए। माओवादीले ती माग पूरा गराउन आफू सक्षम र तत्पर रहेको बताउँदै उनीहरूलाई आफ्नो संगठनमा ल्याएको हो। यसअघि एमाले सम्बद्ध जिफन्ट सेक्युरिटी गार्डहरूमा आफ्नो संगठन विस्तार गर्न प्रयासरत थियो।

माओवादीले आफ्नो संगठन मजबुत पार्न मजदुरमाथि आँखा लगाएपछि जिफन्टसँग उसको सम्बन्ध चिसिएकोमात्र छैन, ठाउँ-ठाउँमा मुठभेडकै स्थिति पनि सिर्जना भएको छ। माओवादीले गत जेठमा मोरङको कटारीस्थित बबी बिस्कुट फ्याक्ट्रीबाट जिफन्ट एकाइ समिति सचिव सुरज राजवंशीलाई अपहरणसमेत गरेको थियो। जिफन्टका कोशी अञ्चल अध्यक्ष योगीलाल यादव भन्छन्, 'माओवादीले जबरजस्ती संगठन विस्तार गर्दै छ, नमान्नेलाई हातपात नै गर्छ।'

मजदुर-वर्गमा एमालेजस्तो अरू राजनीतिक दलको पकड छैन, त्यसैले आफ्नो संगठन विस्तार गर्न माओवादी उसैको संगठन भत्काउन बाध्य छ। जसको विरोधमा एमालेसम्बद्ध मजदुरहरूले साउन २५ गते ठाउँ-ठाउँमा माओवादीविरुद्ध कोणसभा पनि गरेका थिए, जसले 'लाल भिडन्त'को झनक दिएको छ।

■ **ओमआस्था राई/धरान** (तस्वीर पनि)

लामो समयदेखि सहकार्य हुँदै आएको छ। उनीहरू अहिले मजदुर आन्दोलन पनि संयुक्त रुपमै अगाडि बढाउँदै आएका छन्। माओवादी मजदुर संगठनले भने एक्लै आन्दोलनमा आफ्नो पकड देखाउन खोजेको छ। तर, अहिले पूर्वी क्षेत्रको झापा र इलाममा चलेको चिया मजदुरहरूको आन्दोलनमा भने यी सबै मजदुर संगठनहरू एकसाथ आन्दोलित छन्। चिया बगानमा कार्यरत मजदुरको दैनिक ज्याला कम्तीमा १ सय १५ रुपैयाँ हुनु पर्ने अडान उनीहरूको छ भने संचालकहरू ८६ रुपैयाँ पुर्‍याउन तयार भएका छन्। अहिले ती मजदुरको दैनिक ज्याला ७४ रुपैयाँ रहेको छ। चियाका पात दिनदिनै टिप्नु पर्ने यो मौसममा आन्दोलन लम्बिए चिया उद्योगहरू नराम्रो आर्थिक नोक्सानीमा पर्नेछन्।

## न्यूनतम तलबमा असहमति

सरकारले मजदुर संगठनहरूका लागि आन्दोलन उठाउने अवसर दियो - २०५८ सालदेखि मजदुरको पारिश्रमिक यथावत् राखेर। प्रत्येक दुई वर्षमा पारिश्रमिक पुनरावलोकन गरिनु पर्नेमा उद्यमीहरूले यसको बेवास्ता गरिदिए। यसले गर्दा अहिले आन्दोलन गर्ने मुख्य आधार यसैलाई बनाईदै आएको छ।

तर सरकार, आधिकारिक ट्रेड युनियनहरू र उद्यमीहरूले यसै साता मजदुरको न्यूनतम पारिश्रमिकमा सहमति त जनाए। तर, यो मामिलामा पनि माओवादी मजदुर संगठनले भने विरोध जनाएको छ। जसका कारण उनीहरूबीचको सहमति कार्यान्वयनमा आउने वा मजदुर आन्दोलन रोकिएर औद्योगिक वातावरण बन्न सक्ने अवस्था देखिएको छैन। सहमतिअनुसार मजदुर चार वर्गमा बाँडिएका छन्। जसमा अदक्षका लागि ३३ सय, अर्धदक्षका लागि ३३ सय ५०, दक्षका लागि ३४ सय ६० र उप-दक्षका लागि ३६ सय ५० न्यूनतम तलब तोकिएको छ। यी सबैमा ११ सय रुपैयाँ महँगी भत्ता जोडिएका छन्। यसअघि महँगी भत्ताबाहेक १७ सय रुपैयाँ न्यूनतम तलब रहेकोमा अहिले न्यूनतम २२ सय रुपैयाँ पुगेको छ। माओवादी मजदुर संगठनका अध्यक्ष जमरकट्टेल भन्छन्, 'यो सबै नाटक हो। उनीहरूबीच सहमति भए पनि लागू हुन सक्दैन।' माओवादी पक्षले मजदुरलाई तीन वर्गमा राखी उनीहरूलाई ५, ७ र १० हजार न्यूनतम तलब दिनु पर्ने माग गर्दै आएको छ।


सडक आन्दोलनमा होस् वा अन्य मोर्चाहरूमा, दलहरूले मजदुरलाई आफ्नो शक्ति देखाउने साधनका रुपमा उपयोग गर्दै आएका छन् र प्रत्यक्ष नियन्त्रणमा राख्दै पनि। मजदुरसँग जोडिएका जति पनि आन्दोलन छन्, त्यसमा सम्बन्धित दलको अग्रिम स्वीकृति उनीहरूले लिएका हुन्छन् र आन्दोलनको लगाम पनि दलका नेताहरूले नै खिचिरहेका हुन्छन्। ■

# संतुर साबुन




**विश्वप्रसिद्ध** भारतीय सफ्टवेर कम्पनी विप्रोले संतुर साबुन बजारमा ल्याएको छ। यसअघि नेपाली बजारमा आएको गुलकोभिट्टा लोकप्रिय बनिरहेको छ। यो साबुन चन्दन र बेसारको मिश्रणबाट बनेको र यसले छालामा गोरोपन र चमक ल्याउने कम्पनीको दाबी छ। 'चोखो बनौं सधैं पवित्र पूजाको लागि' भन्ने यसको व्यापार प्रवर्धन गर्ने नारा रहेको छ।

# इजी बजारमा




**ओम सर्जिकल** कन्सर्नले गर्भधारण जाँच्ने घरेलु सामग्री 'इजी' नेपाली बजारमा ल्याएको छ। यसबाट कुनै पनि महिलाले आफूमा गर्भ रहे नरहेको जाँच सजिलैसँग घरमै बसी गर्न पाउनेछन्। उपभोक्ता मूल्य २५ रुपैयाँ रहेको 'इजी' औषधी पसलहरूमा किन्न पाइने जानकारी दिइएको छ।

# रेडिको हर्बल




**रेडिको** हर्बल केश काला तेल बजारमा आएको छ। रेडिको हर्बल बेस्ड हेयर कलर-नेचुरल हिना र विशेष जडिबुटीहरू अमला, हिना, शिकाकाई, भृंगराज र गुलाबको पात आदिबाट निर्मित छ। जसले कपाललाई प्राकृतिक रंग प्रदान गर्ने र रसायनरहित रंगबाट तयार गरिएकोले कपाल झर्नबाट रोक्ने दाबी कम्पनीको छ।

# इमामी नवरत्न बजारमा लोकप्रिय




**इमामी नवरत्न** तेल नेपाली बजारमा पनि लोकप्रिय बनेको छ। तेलमा रहेको आर्युवेदिक फर्मुला र चिसोपनाले टाउको दुखाइ, चिन्ता, अनिद्रा, शरीरको दुखाइ र कपालको अन्य समस्याबाट छुटकारा पाइने दाबी कम्पनीको छ। नवरत्न नौवटा आयुर्वेदिक जडिबुटीहरूको मिश्रण हो। यो सबैभन्दा चिसो तेल पनि हो। नवरत्न तेल विभिन्न परिमाणमा उपलब्ध छ। यो तेलका ब्रान्ड एम्बेसडरहरूमा अमिताभ वच्चन, सौरभ गांगुली, गोविन्दा र शाहरुख खान रहेका छन्। यसले सामान्य घाउ र पोलेकोमा औषधीको समेत काम गर्छ। विशुद्ध आयुर्वेदिक जडिबुटीहरूको मिश्रणबाट तयार पारिएको नवरत्न तेल विश्वव्यापी भारतीय ब्रान्ड हो।




त्यस्तै यो कम्पनीले मिस्टर ब्ल्याक र मिसेस ब्ल्याक तेल पनि बजारमा ल्याएको छ। मिस्टर ब्ल्याक पुरुष र मिसेस ब्ल्याक महिलाका लागि उत्पादन गरिएको छ। महिला र पुरुषको कपाल भिन्न हुने भएकाले दुई भिन्नाभिन्नै हर्बल केश काला उत्पादन गरिएको कम्पनीले बताएको छ।

# युडब्लुटिसी दसैंअघि सञ्चालनमा आउने



**नेपालको सबैभन्दा** ठूलो निर्माणाधीन व्यापारिक कम्प्लेक्स 'युनाइटेड वर्ल्ड ट्रेड सेन्टर' दसैंअघि सञ्चालनमा आउने भएको छ। राजधानीको त्रिपुरेश्वरस्थित सेन्टरमा स्पेस बुकिङ भइसकेको र बाँकी स्पेसको बुकिङ जारी रहेको कम्पनीले जनाएको छ। एक लाख पचास हजार वर्गफिट क्षेत्रफलमा रहेका व्यापारिक भवनमा अन्तर्राष्ट्रियस्तरका सुविधा रहेको कम्पनीको दाबी छ। विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्डअनुसारको पिउने पानी, सिसिटिभी सहितको चुस्त सुरक्षा व्यवस्था, वैकल्पिक विद्युत्‌को लागि जेनेरेटर र अत्याधुनिक अग्निनियन्त्रण प्रणाली भवनमा उपलब्ध छन्। एक हजार सवारीसाधन एकसाथ पार्किङ गर्न सकिने सो कम्प्लेक्समा मालवाहक ठूला सवारीसाधन पनि पार्किङ गर्न सकिने व्यवस्था मिलाइएको छ। ६ तले सो भवनमा लिफ्ट र एस्केलेटर चार चारवटा छन्। फाउन्टेन फोहोरा, खुला प्रदर्शन कक्ष, डिपार्टमेन्ट स्टोर, बैंक, हेल्थ क्लब, मिडिया सेन्टर, साइबर क्याफे, पार्टी प्यालेस, होम थिएटर, पौडी पोखरी सो कम्प्लेक्सका थप विशेषता हुन्। कम्प्लेक्समा अन्तर्राष्ट्रियस्तरका सुविधा उपलब्ध भए पनि भाडादर तुलनात्मक रूपमा सस्तो भएको कम्पनीको दाबी छ।




# बजाजको 'प्लाटिना'

**बजाजले आफ्नो** नयाँ आकर्षक मोटरसाइकल 'प्लाटिना' नेपाली बजारमा ल्याएको छ। उसले यसअघि पल्सर तथा डिस्कभरजस्ता उच्चस्तरीय मोटरसाइकल नेपाली बजारमा ल्याइसकेको छ।

हंसराज हुलासचन्द कम्पनी प्रालिद्वारा वितरण गरिने बजाज प्लाटिनाले ग्राहकहरूलाई आकर्षित गर्ने विश्वास गरिएको छ। उच्चकोटिको क्रोम डिजाइन तथा उच्चस्तरीय प्राविधिक एकाइ जस्तै १०८ किमि प्रतिलिटर, एसएनएस सस्पेन्सन प्रणाली आदिले गर्दा प्लाटिनाले आफ्ना अद्वितीय गुण आत्मसात गर्न सकेको छ।

यसको मूल्य १ लाख १ हजार ९०० तोकिएको छ, जसमा शून्य प्रतिशत ब्याजसहितको किस्ताबन्दी सेवा र न्यूनतम डाउन पेमेन्टको सुविधा पनि रहेको छ।

कम्पनीका प्रबन्धक राजु क्षेत्रीले प्लाटिना बजारमा अग्रणी स्थानमा पुग्ने विश्वास व्यक्त गरेका छन्। ■



भद्रकालीस्थित नेपाली सेनाको पेट्रोल पम्प

तस्बीरहरू : तेजबहादुर बस्नेत

# अराजक बजार, अन्योल सरकार

■ मधुसूदन पौडेल/काठमाडौं

**बजारमा पेट्रोलियम पदार्थको अभाव छ ।** उपभोक्ता घन्टौं लाइनमा बस्दा पनि तेल पाउन सकिरहेका छैनन् । नेपाल आयल निगमले भारतीय आयल निगमलाई बुझाउन बाँकी अर्बौं रुपैयाँ ऋण तिर्न नसक्दा भारतबाट तेल आपूर्ति बन्द हुने खतरा बढिरहेको छ । तर, नेपाल सरकार भने कानमा तेल हालेर बसिरहेको छ । सरकार न मूल्यवृद्धि गरेरै भए पनि तेल आपूर्ति सहज बनाउन सक्षम बनिरहेको छ न त निगमलाई आर्थिक सहयोग उपलब्ध गराउन नै ।

आपूर्तिमन्त्री हृदयेश त्रिपाठी भनिरहेका छन्, 'तेलको मूल्य बढाउन सरकार तयार छैन ।' खुला बजार अर्थतन्त्रका स्वभाविक प्रक्रियाभन्दा बाहिर गएर सस्तो राजनीतिक लोकप्रियताका लागि सरकारले अपनाएको कार्यशैलीले नेपालको तेल बजार मात्रै हैन, अर्थतन्त्र नै समस्यामा पर्ने खतरा बढिरहेको छ ।

सरकारका मन्त्रीहरूबीच नै तेल बजारलाई कसरी स्वभाविक बनाउने भन्ने मामिलामा विवाद रहेको प्रस्ट हुन्छ, उनीहरूका परस्पर विरोधी अभिव्यक्तिबाट । अर्थमन्त्री रामशरण महत तेलको मूल्यवृद्धिको विकल्प नरहेको तर्क गरिरहेका छन् । तर, आपूर्तिमन्त्री त्रिपाठी भने आफूले विरोधको सामना गर्नु पर्ने डरका कारण मूल्यवृद्धिको विपक्षमा उभिएका छन् । तर, उपभोक्ताका लागि मूल्यवृद्धिभन्दा पनि महत्त्वपूर्ण सरोकार तेलको सहज आपूर्ति हो, जुन जिम्मेवारी निर्वाह गर्न आपूर्तिमन्त्री त्रिपाठी पूर्ण रुपमा असफल सावित भएका छन् । यसले तेल बजारमा एक प्रकारको अराजक वातावरण निम्त्याइरहेको छ ।

सरकारले निम्त्याएका बेथितीको सिकार आयल निगम बनिरहेको छ भने सरकारले दुर्लभ विदेशी मुद्रामा किनेर ल्याएको सस्तो तेलको फाइदा सीमापारिका भारतीय नागरिकले उठाइरहेका छन् । भारतमा भन्दा कम्तीमा १४ रुपैयाँ सस्तो पर्ने पेट्रोल र १० रुपैयाँ सस्तो पर्ने मट्टितेल नेपालबाट भारतीय सीमा क्षेत्रमा अवैध निकासी भइरहेको छ । यसको सीधा अर्थ नेपाली नागरिकले तिरेको करको भारतीय नागरिकका लागि उपयोग भइरहेको छ । तर, आपूर्तिमन्त्री त्रिपाठी भने नेपाल भित्रिएको तेलले सबै प्रकारका करहरू तिरिसकेको हुँदा फेरि भारततर्फ निकासी भइरहे पनि नेपालका लागि कुनै नोक्सानी नहुने तर्क गरिरहेका छन् । निगमले भारतमा तेल खरिद मूल्यभन्दा सस्तो मूल्यमा बिक्री गरिरहेको छ । यसले गर्दा निगमका लागि ऋण बढ्दै गएको छ । तर, त्यही तेल भारतीय नागरिकका लागि उपयोग गरिँदा त्यसबाट नेपाललाई परिरहेको नकारात्मक असरका बारेमा मन्त्री त्रिपाठी अनभिज्ञ छैनन् । तर, उनी किन बुझ बचाएर कुरा गरिरहेका छन्, यो भने बुझिनसक्नु छ ।

अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य बढ्दै जाँदा नेपालको तेल व्यापार घाटा पनि चुलिँदै गएको छ । निगमका नायव कार्यकारी निर्देशक उमेश दाहाल भन्छन्, 'निगम अब चल्न नसक्ने अवस्थामा पुगेको छ ।' निगमले पछिल्लो समयमा इन्डियन आयल कर्पोरेसनसँग खरिद गरेको तेलको मूल्य तिर्न सकिरहेको छैन । निगमका अनुसार अगस्त १५ सम्म आइओसीलाई बुझाउन ८ अर्ब रुपैयाँभन्दा धेरै बाँकी छ । उसले उक्त रकम बुझाउन निगमलाई ताकेता गरिरहेको छ । निगमले नेपालका वाणिज्य बैंकहरू र सरकारसँग लिइएको ऋण ३ अर्ब ८४ करोड रुपैयाँ रहेको छ । आइओसी र बैंकहरू समेत गरी निगमले ११ अर्ब ८४ करोडको ऋणको भारी बोकिरहेको छ । तर, उक्त ऋण तिर्न सक्ने कुनै



पुल्चोकस्थित साझा यातायतको पेट्रोल पम्प

## निगमको नोक्सानी

| पेट्रोलियम पदार्थ | खरिद मूल्य | बिक्री मूल्य | प्रतिलिटर नोक्सान |
|---|---|---|---|
| पेट्रोल | ६८.२ | ५७ | ११.२ |
| डिजेल | ५६.४५ | ४४.६६ | ११.७९ |
| ग्याँस | ९८६.४० | ७१८.७२ | २६७.६८ |
| मट्टितेल | ५५.४७ | ४५.५१ | ९.५३ |

*(निगमद्वारा डिलर्सहरूलाई बिक्री गर्ने मूल्य )*

## नेपाल र भारतको सीमा क्षेत्रको मूल्य अन्तर

| पेट्रोलियम पदार्थ | रक्सौलको मूल्य | वीरगन्जको मूल्य | प्रतिलिटर फरक |
|---|---|---|---|
| पेट्रोल | ८१.३६ | ६७ | १४.३६ |
| डिजेल | ५६.३७ | ५२.५० | ३.८७ |
| हवाई इन्धन | ७६.३८ (कोलकाता) | ५५ (काठमाडौं) | २१.३८ |

आधार निगमसँग छैनन् । अधिकारीहरू भन्छन्, 'आइओसीले बाँकी रकम भुक्तानीका लागि निरन्तर दबाब दिइरहेको छ । केही समयसम्म रकम भुक्तानी गर्न नसके तेल आयात रोकिन सक्छ ।'

निगम यतिसम्म आर्थिक संकटमा फसेको छ, आइओसीले उधारो तेल पत्याए पनि नगदको अभावमा भन्सारबाट छुटाउन सक्ने अवस्था छैन । दाहाल भन्छन्, 'निगमको घाटा दैनिक करिब ३ करोड रुपैयाँ रहेको छ ।' महिनामा करिब ३ अर्ब रुपैयाँसम्मको तेल आपूर्ति गर्ने निगमका साम तत्कालका लागि तेलको आयात नै घटाउनु आफ्नो नोक्सानी कम गर्ने उपाय बनिरहेको छ । निगमले अस्विकारे पनि डिलर्सहरूको भनाइमा अहिले निगमले यही रणनीति अपनाइरहेको छ । यसले गर्दा बजारमा तेल अभाव बढिरहेको छ । पेट्रोलियम डिलर्स एसोसिएसनका अध्यक्ष शिव घिमिरे भन्छन्, 'निगमले तेलको आपूर्तिमा गत वर्ष साउनको तुलनामा २० प्रतिशत कमी गरेको छ । जसका कारण बजारमा तेलको अभाव व्यहोर्नु परेको हो ।' तेल बजार विश्लेषकहरूका अनुसार प्रत्येक वर्ष बजारमा १८ प्रतिशतको दरले तेलको माग बढिरहेको छ । तेलको मागमा हुने स्वभाविक वृद्धि र तेल आपूर्तिमा गरिएको कमीका कारण अहिले नेपाली बजारमा कम्तीमा ३८ प्रतिशत तेलको माग पूरा हुनसकेको छैन । यसको सीधा सम्बन्ध पेट्रोलपम्पहरूसँग छ, जुन हिसाबले ३८ प्रतिशत पेट्रोलपम्पहरू तेलविहीन बनिरहेका छन् । राजधानीमा तेल भर्न सीमित पेट्रोलपम्पहरूमा लामो लाइन बढ्नुको कारण यही हो ।

हवाई इन्धन पनि भारतमा भन्दा सस्तो रहेका कारण भारतीय वायुसेवाहरूले काठमाडौंमा नै इन्धन भरेर उड्ने गरेको व्यवसायीहरू बताउँछन् । निगमका अनुसार भारतभन्दा नेपालमा हवाई इन्धन २१ रुपैयाँ ३८ पैसा प्रतिलिटर सस्तो रहेको छ ।

तेलमाथि गरिँदै आएको राजनीतिका कारण मुलुकले पटक पटक अराजकताको सामना गर्दै आएको छ भने जो सरकारमा गए पनि संकटमा पर्ने अवस्था सिर्जना भएको छ । अन्तर्राष्ट्रिय बजारमा हुने तेलको मूल्यको उतार चढावका आधारमा स्वभाविक रुपमा नेपालमा पनि तेलको मूल्य समायोजन गर्ने व्यवस्था मिलाउन विगतमा गठित आयोगका सिफारिसहरू कार्यान्वयन नगर्दा समस्या थपिँदै गएका छन् । तेललाई राजनीतिबाट परै राख्न मूल्य समायोजनको जिम्मेवारी निगमलाई दिने र मन्त्रिपरिषद्को बैठकबाट निर्णय गर्नु नपर्ने व्यवस्था कार्यान्वयनमा ल्याउन भनिए पनि यस मामिलामा सरकारी बेवास्ता रहस्यपूर्ण बनेको छ । राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. शंकर शर्माको भनाइमा तेलको मूल्य निर्धारणका लागि राजनीतिक हस्तक्षेप मुक्त संयन्त्र कार्यान्वयनमा ल्याउने र योजना आयोगले त्यसको अनुगमन गर्ने व्यवस्था मिलाउन दिइएका सुझाव लागू गरिएका छैनन् । व्यवसायीहरूले पनि अन्तर्राष्ट्रिय बजारमा हुने मूल्यअनुसार नेपालमा मूल्य निर्धारण गर्नका लागि 'स्वतन्त्र पेट्रोलियम बोर्ड' गठन हुनु पर्ने सुझाव दिँदै आएका छन् । नेपालले तेल खरिद गर्ने भारतमा अन्तर्राष्ट्रिय मूल्यअनुसार १५/१५ दिनमा मूल्य समायोजन गरिँदै आएको छ ।

विगतमा राजनीतिक दललाई जनताबाट टाढा पुऱ्याउन राजाले पनि तेल राजनीतिको सहारा लिएका थिए भने अहिले पनि सत्ताधारी दलहरू जनताबाट अलोकप्रिय बनिने डरमा तेलको मूल्य समायोजन गर्न हिचकिचाइरहेका छन् । सरकारमै रहेका दलहरूले पनि तेलको मूल्यवृद्धि हुनुमा विभागीय मन्त्रीलाई मात्रै दोषी देखाउने चरित्रका कारण पनि तेलको मूल्य समायोजन हुन सकिरहेको छैन ।

साउनको अन्तिम साताका क्याविनेटमा तेलको मूल्यवृद्धिको निर्णय लिनुअघि सत्ताधारी सात दल, माओवादी र सबै दलका भातृ संगठनहरूसँग मूल्यवृद्धि अघि सहमति लिनु पर्ने विषयमा समेत छलफल भएको बुझिएको छ । तेल राजनीतिको परम्परागत विरोधबाट जोगिन सरकारले यो जुक्ति अगाडि सारेको हुनु पर्छ । तर, सहमति कायम गर्ने नाममा निर्णय लिन ढिला गर्दा त्यसको पीडा उपभोक्ताले भोग्नु परेको छ भने निगम अरु धराशायी बन्दै छ ।

सरकार साँच्चिकै तेलमा जनतालाई राहत दिन तयार छ भने उसले तेलमा उठाएको राजस्व निगमलाई फिर्ता गर्न सक्छ । तेलमा लाग्दै आएका करहरू हटाउने निर्णय लिनु पर्छ । भन्सार लगायतका अन्य करहरूमार्फत सरकारले वार्षिक ७ अर्ब रुपैयाँ तेलबाट राजस्व उठाउँदै आएको छ । यस्तो निर्णय लिइएमा निगमले आइओसीलाई तिर्न बाँकी ऋण भुक्तानी गर्न सक्छ र एक हदसम्म भुक्तानी सन्तुलन कायम राख्न पनि सक्छ । तर, सरकार आफूले उठाएको राजस्वमा कमी गर्ने पक्षमा देखिएको छैन ।

तर जुनसुकै अवस्थामा पनि नेपालमा तेलको मूल्य भारतभन्दा न्यूनतम ५ पैसा भए पनि महँगो हुनु पर्ने धारणा राख्छन्, डिलरहरू । नेपालमा तेल सस्तो हुँदा खुला सिमाना रहेको भारतमा तेल चोरी निकासी नियन्त्रण गर्न सम्भव हुँदै हुँदैन । ■

**महिलाहरूमा आएको राजनीतिक चेतनाको कारण उनीहरूसँग जोडिएका सामाजिक विकृतिविरुद्ध समेत तीज पर्वमा चेतनामूलक संगीत छर्न थालिएको छ।**

# महिलाको मनमौजी चाड



■ गोविन्द परियार/काठमाडौं
तस्वीरहरू : भास्वर ओझा

**विवाह गरेर घरजम** गरेकी चेलीले आफूमाथि भएको घरेलु अत्याचारलाई गीतको माध्यमबाट प्रस्फुटन गर्ने पर्व थियो तीज। सासू-ससुरा, नन्द-आमाजूले वर्षभरि गरेका दुर्व्यवहारलाई माइतीघरमा जम्मा भएका चेलीले गीतका माध्यमबाट अभिव्यक्त गर्छन्। तीजमा गाइने यस्ता महिलाले भोगेका पीडा समेटिएका भावुक गीतहरूले जो कोहीको पनि मन पगाल्ने गर्थ्यो। छोरा र छोरीको विभेद र सासूले बुहारीलाई गरेको शोषणबाट सुरु भएको व्यथा पोख्ने पर्व तीज अहिले समग्र महिलाअधिकारमा केन्द्रित हुन थालेको छ।

२०४६ सालभन्दा अगाडिसम्म प्रायः चेलीको पीडामा सीमित तीजका गीतहरू त्यसपछिको प्रजातान्त्रिक समयमा भने सामाजिक मुद्दामा समेत केन्द्रित हुँदै आएको छ। चेलीहरूले समाजमा भोगेका लैंगिक विभेदका पीडा र सामाजिक समस्यालाई संगीतमार्फत पोख्ने चलन अधिकांश सहरी र नगरोन्मुख क्षेत्रहरूमा बढ्दै गएको छ। महिलाहरू तीज सुरु हुनुभन्दा एक महिना पहिलेदेखि नै आफूले भोगेका पीडा समेटेर गीत बुन्ने गर्छन्। महिलाहरूमा आएको राजनीतिक चेतनाको कारण यसलाई सामाजिक समस्यासँग जोड्न थालिएको छ। महिलासँग जोडिएका सामाजिक विकृतिविरुद्ध समेत तीज पर्वमा चेतनामूलक संगीत छर्न थालिएको छ। रुढिवादी संस्कारले जन्माएको देवकी लगायतका महिलासँग सम्बन्धित कुसंस्कारहरूको अझै पूर्णरुपमा निर्मूल हुन सकेको छैन। तीज पर्वले त्यस्ता विकृति उन्मूलन गर्न सहयोगात्मक भूमिका निर्वाह गरेका छन्। तीजमा घन्कने महिलाअधिकारका गीतहरूले साँच्चिकै सर्वसाधारण जनतामा समाजमा रहेका विकृतिका बारेमा चेतना जगाउन सहयोग गर्छ।

सदियौंदेखि लैंगिक विभेदका कारण महिलाहरू राज्यका सबै निकायमा पाखा लगाइँदै आएका छन्। नेपाली समाजमा छोरा र छोरीबीच जन्मदेखि नै सुरु हुने विभेदको परिणामस्वरुप अझै अधिकांश महिलाको जीवन पुरुषको सहयोगीका रूपमा मात्रै बित्ने गरेको छ।

महिलासम्बन्धी गरिएको एक अध्ययनले नेपाली महिलामा ४ प्रतिशत महिलाबाहेक अन्य महिलाले घरेलु काम गरेर जीवन गुजारा गर्ने गरेको देखाएको छ। तसर्थ महिलाहरूलाई राज्यका मूलप्रवाहमा समान सहभागिताका लागि चेतना अभिवृद्धि गर्न यस्ता पर्वले सहयोग पुऱ्याउने विचार महिला नेतृहरूको छ।

राजनीतिक दलका महिला मोर्चाहरूले समेत तीजमा विशेष कार्यक्रम तयार गरेका हुन्छन्। त्यसो त गाउँ गाउँमा खुलेका आमा समूह र महिलाअधिकारका बारेमा वकालत गर्ने गैरसरकारी संस्थाहरूले पनि तीज पर्वलाई सन्दर्भ पारेर विशेष कार्यक्रम गर्छन्। माओवादीको महिला मोर्चा अखिल नेपाल महिला संघ (क्रान्तिकारी)ले नीतिगतरुपमा संघर्षकै रूपमा तीज मनाउने निर्णय गरेको छ।

अखिल नेपाल महिला संघ (क्रान्तिकारी)की अध्यक्ष जयपुरी घर्ती भन्छिन्, 'तीज धार्मिक उत्पीडन र शोषणकै रूप हो। तैपनि, समग्र महिलाको पर्वको रुपमा विकास हुँदै गएकाले हामीले तीजलाई उपयोग गर्दै महिलाहरूलाई उत्पीडन र दमनविरुद्धमा सचेत गराउने अभियानका रुपमा मनाउँदै आएका छौं।'

धार्मिक मान्यताअनुसार परापूर्वकालमा पार्वतीको विवाह विष्णुसँग हुने भएपछि पार्वतीले शिवसँग विवाह गर्न पाऊँ भनी व्रत बसेको र

# लोकतन्त्र आयो बरी लै ...

'तीजको रहर आयो बरी लै.....' विगतमा तीज आउन लाग्दा गाउँदेखि सहरसम्म यस्तै भाका गुन्जिने गर्थे। यसपटक भने परिवर्तनसँगै तीजका गीतका भाका पनि फेरिएका छन्। जनआन्दोलन-२ बाट लोकतन्त्र स्थापना भएपछिको अवस्थामा तीजका गीत लोकतन्त्रमय बनेका छन्। महिलाहरूको पीडामात्र नभएर समग्र मुलुककै पीडालाई गायक गायिकाले लोकतान्त्रिक भाकामा व्यक्त गरेका छन्।

तीजका गीतमार्फत कलाकारले निरंकुश राजशाहीको धज्जी उडाउँदै सात दल र माओवादीलाई शान्तिवार्तामा इमानदारीपूर्वक आउन आह्वान गरेका छन्। विगतमा तीजका गीतले लैंगिक सवाललाई बढी मात्रामा समेटको हुन्थ्यो। त्यसो त वर्षको एकपटक महिलाका दुःख, सुखबाहिर ल्याउन तीजका गीतले साँच्चिकै महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ।

गत वर्षभैं यसपटक पनि एक दर्जनभन्दा बढी तीजका गीतका एल्बम सार्वजनिक भएका छन्। तीमध्ये चेलीको आँसु र हाँसोलाई लोकतान्त्रिक भावनासँग जोडेर सार्वजनिक गरिएका चारवटा एल्बम पनि बजारमा आएका छन्। तीजको लय समातेका ती एल्बममा समतामूलक समाज निर्माणको लागि पनि शान्तिवार्ता जुनसुकै हालतमा सफल हुनुपर्ने भावना आएको छ। परम्परागत शैली तोडेर नयाँ ढाँचामा पनि तीजका गीत आएकोमा लोकगीतसँग सम्बद्ध सर्जकहरू खुसी व्यक्त गर्छन्। तैपनि, तीजका गीतमा जुन मात्रामा लोकतान्त्रिक भावना आउनुपर्थ्यो, त्यसअनुसार पर्याप्त नभएको लोकगायक बद्री पंगेनी बताउँछन्। उनी भन्छन्, 'मुलुक अहिले परिवर्तनको मोडमा छ, यस्तो बेलामा तीजका गीतले जुनरुपमा स्पष्टतासाथ लोकतान्त्रिक भावना समेट्नु पर्थ्यो, त्यो भएको छैन।'

लोकतान्त्रिक तीजका गीतलाई बाहिर ल्याउन राजधानीका क्यासेट सेन्टरले महत्त्वपूर्ण भूमिका खेलेका छन्। धौलागिरी क्यासेट सेन्टरले टककुमार आलेको लय र शब्द रहेको 'आयो वरै लोकतन्त्र' नामक एल्बम सार्वजनिक गरेको छ। धौलागिरी क्यासेट सेन्टरका विज्ञान श्रेष्ठ भन्छन्, 'उक्त क्यासेटको राम्रो 'रेस्पोन्स' आएको छ। सामाजिक समस्या र महिलाको पीडालाई लोकतन्त्रसँग जोडेर गीतमा अभिव्यक्त गरिएकाले होला, धेरैले मन पराएका छन्।' धौलागिरिले पुराना ढाँचाका तीज गीतका अरू दुईवटा एल्बम पनि सार्वजनिक गरेको छ।

त्यस्तै सुरताल म्युजिकले लोकगायिका हरिदेवी कोइरालाको 'लोकतन्त्रको दियो', तथा शीला क्यासेट सेन्टरले विष्णु माझीको 'लोकतन्त्र' सार्वजनिक गरेको छ। सुरताल म्युजिकका अनुसार गायिका कोइरालाको एल्बमको बिक्री पनि उत्साहप्रद रहेको छ। अघिल्ला दुइटा तीजमा तीज गीतका एल्बम

त्यसपछि उनको विवाह शिवसँग भएको थियो। सोही मान्यताअनुसार विवाहित महिलाहरूले पतिको दीर्घायु र अविवाहित महिलाहरूले योग्य पति पाऊँ भनी कामना गर्दै तीजको व्रत बस्ने गरिन्छ। हिन्दुधर्मले रोपेको तीज पर्वको बीउ अहिले भने नेपाली समाजमा सबैजसो महिलाहरू पर्वकै रुपमा मनाउने चलन मौलाउँदै गएको छ। क्रिस्चियन धर्मालम्बीदेखि मुस्लिम धर्मालम्बी महिलाले समेत तीज पर्व मनाउने गर्छन्।

इन्द्रचोकको पोते गल्लीमा तीजको लागि पोते र चुरा खोज्दै आएकी ज्ञानु केसी धर्मले क्रिस्चियन हुन्। तर, नजिकै गएको तीजको बारेमा उनको मान्यता पनि कुनै हिन्दु महिलाको भन्दा फरक छैन। उनी भन्छिन्, 'तीज नेपालीको पर्व हो। त्यसैले हामीले पनि आफ्नै धर्मसँग जोडर तीज मनाउँछौं।'

नेपालमा क्रिस्चियनहरू पछिल्लो समयमा फैलँदै गए पनि मुस्लिमहरूको फैलँदो अनुपात ज्यादै न्यून छ। नेपालका मुस्लिम समुदायहरूमा अन्य देशमा जस्तो धार्मिक कट्टरता देखिएको छैन। संस्कृतिविद्हरू नेपालमा बसोवास गर्ने विभिन्न धर्मालम्बीहरूमा देखिएको धार्मिक सहिष्णुता विश्वमै उदाहरणीय भएको बताउँछन्। धार्मिक कट्टरताका कारण युद्धभूमि बनेका मध्यपूर्वका मुलुकहरूले नेपालको धार्मिक सहिष्णुताबाट पाठ सिक्नुपर्ने उनीहरूको तर्क छ।

## दरको बदलिँदो रूप

काठमाडौंका मिठाइ पसलहरूले तीजलाई ध्यानमा राखेर विभिन्न किसिमका मिठाई मिश्रित गराएर तीजको दरको विशेष प्याक तयार गर्न थालेका छन्। महिलाहरूले तीजको अघिल्लो दिन राति दरको रूपमा विशेष परिकारहरू खाने गर्छन्। राजधानीमा राजस्थानी मिठाईको परिकारहरू भित्रिएपछि व्रत बसेका महिलाहरूको जिब्रोले समेत तिनै परिकार मन पराउन थालेका छन्।

रामेश्वरम् मिठाई पसलका हेम पाण्डे भन्छन्, 'तीजको लागि ग्राहकको चाहनाअनुसारको परिकार दरको लागि भनेर तयार हुन्छ।' राजधानीका ठूला मिठाई पसलहरूले तीज दर प्याक तयार गरेका छन्। आफैंले उब्जाउ गरेको काँक्रो लगायतका फलफूलसँग दाजुभाइले दिएको परिकार दरको रुपमा प्रयोग गरिने भए पनि राजधानी लगायतका सहरी क्षेत्रमा भारतीय परिकारहरूले प्राथमिकता पाउँदै आएका छन्। तर, ग्रामीण क्षेत्रमा भने अझै पनि तीजमा दर खानको लागि आफ्नै खेतबारीमा उब्जाइएका फलफूललाई सुरक्षित राखिने प्रचलन कायमै छ।




Angle Fashion

Lazimpat (Near to Danida)
Kathmandu
Mobile : 9841400096

Our Service:
साडी कुर्तामा अर्डरअनुसार सबै प्रकारको Hand Embroidery गरिन्छ। साथै Embroidery Training पनि दिइन्छ।



Contact us for
Exclusive Jud Collection
Distinctive Party Wear
Outstanding Bridal Collection

Shobha's Corner
Shop No 32, Bishal Bazar
Ground Floor
Ph : 4222826

निकालेकी शीला आले परिवर्तित अवस्थामा गीत ढाँचा, संरचना नयाँ रूपले आउनुलाई स्वभाविक मान्छिन् । उनी भन्छिन्, 'लोकतान्त्रिक भावना समेटिएका तीज गीत आए पनि पुराना शैलीका गीतलाई पनि चटक्कै त्याग्नु हुँदैन । त्यसमा हाम्रो मौलिकता झल्किन्छ ।'

विगतका वर्षको दाँजोमा यसपटक तीज गीतका एल्बमको बिक्रीबाट बिक्रेताहरू सन्तुष्ट देखिन्छन् । मुलुक एक दशकको द्वन्द्वबाट शान्तिको बाटोमा अग्रसर भइरहेकाले पहिलेभन्दा लोक स्रष्टाहरूको अनुकूल वातावरण रहेको उनीहरूको भनाइ छ । चालू शान्तिवार्तालाई छिटै निर्णायक बनाई संविधानसभामार्फत नयाँ नेपाल निर्माणको अभियानमा समेत लोकगीतका सर्जकले आफ्नो क्षेत्रबाट पहल गर्नुपर्ने उनीहरू बताउँछन् । धौलागिरीका श्रेष्ठ भन्छन्, 'सर्जकले परिवर्तनलाई आत्मसात गर्नुपर्छ, त्यही भावना बोलेका गीत आए भने जनताले मन पराउँदा रहेछन् भन्ने तीजको गीतले पुष्टि गरेका छन् ।'



**मल्लकालीन पोते गल्ली**

प्राचीन कालमा प्रताप मल्लको शासनकालमा काठमाडौंको इन्द्रचोकको राखीबजारमा चुरापोतेको व्यापारका लागि आएका मुस्लिमहरूले सुरु गरेको चुरापोते पसल अझै उनीहरूका नयाँ पुस्ताले निरन्तरता दिँदै आएका छन् । केही वर्ष अघिसम्म सोह्रवटा मात्र पसल रहेकोमा अहिले ३४ वटा पसलमा रहेका छन् । चारैतिर मन्दिरले घेरिएको साँगुरो जग्गामा बनेको घरमा मुस्लिम समुदायका व्यापारीहरूले व्यवसाय गर्दै आएका छन् । विशेष गरेर महिलाहरूको पर्व हरितालिका तीजमा विशेष व्यापार हुने यी पसलहरूमा अहिलेको तीजमा भने सोचेअनुसारको व्यापार हुन नसकेको व्यापारीहरू बताउँछन् ।

आफ्नो पुर्ख्यौली व्यवसाय सम्हाल्दै आएका युवा व्यापारी महम्मद अकिल भन्छन्, 'पहिला चुरापोते भन्नेबित्तिकै इन्द्रचोक भन्ने बुझिन्थ्यो । तर, अहिले भने काठमाडौंका कुना कुनामा चुरापोते उपलब्ध हुने गरेका कारण हाम्रो व्यवसाय खस्कँदै गएको छ ।' उता तीजको अवसर पारेर विशेष प्रकारका पोतेहरू तयार गरिने भए पनि यसपटक त्यस्ता विशेष पोते तयार हुन नसकेको हो । काठमाडौंका जेलहरूमा रहेका कैदीहरूले तयार गर्ने यस्ता पोतेहरू अहिले उनीहरूले हड्ताल गरेका कारण तयार हुन सकेनन् । अकिल भन्छन्, 'कैदीहरूले हड्ताल गरेर काम नगरेका कारण नयाँ पोतेहरू तयार नहुँदा सोचेअनुरूपको व्यापार अहिलेको तीजमा हुन सकेन ।' राजधानीका जेलहरूमा पोते उन्ने काम कैदीहरूबीच लोकप्रिय मानिन्छ ।

अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्यमा व्यापक वृद्धि भएका कारण पोतेको बिक्री पनि घटेको छ । इन्द्रचोकमै चुरा व्यवसाय गरेका रफिक सुदिन भन्छन्, 'तीजको समयमा प्रत्येक वर्ष ठूलो तिलहरीको पोते माला १०-१५ थान बिक्री हुन्थ्यो । तर, अहिले तीज नजिकिँदै जाँदा समेत दुईवटाभन्दा बढी बिक्री भएको छैन ।' सुनको मूल्य बढेका कारण महिलाहरूले तीजमा कम्मरसम्म झुन्ड्याएर लगाउने ठूलो तिलहरीको व्यापार यसपाला ह्वात्तै घटेको व्यापारीहरू बताउँछन् ।

अल्पसंख्यक मुस्लिम समुदायको प्रमुख व्यापारको रुपमा रहेको चुरापोते व्यवसायमा अहिले भने अन्य समुदायको समेत उल्लेख्य सहभागिता छ । गोरखा, तनहुँ, लमजुङ, कास्की, पाल्पा लगायतका सीमित जिल्लामा चुरौटाका रुपमा मुस्लिम समुदाय बस्दै आएको भए पनि अहिले भने व्यापारका कारण अधिकांश जिल्लामा उनीहरूको उपस्थिति छ । ■

Pragati Khanal
Simrik
..........the Boutique of your choice
Tel. { Off. : 2111190
Res. : 5524213
Pulchowk, Lalitpur


Mrs. Bharati Shrestha
SARADA EMPORIUM
A showroom of Modern Ladies Suits & Ladies Dresses
SHOP NO. 274 SUPER MARKET, 2ND FLOOR
(Left Side of the escalator)
KATHMANDU, NEPAL, Mobile : 9851070807

# आन्दोलित समय




**'लेख्छु भनेर** निबन्ध लेख्दिनँ, लेख्नै सक्तिनँ यसरी। कुनै कुराले जब आन्दोलित हुन्छु, कुनै घटना परिस्थितिहरूबाट मन छोइन्छ, संवेदित भई जब केही भन्न विवश हुन्छु अनि निबन्ध भएर पोखिन्छु', वरिष्ठ समालोचक एवं निबन्धकार कृष्णचन्द्रसिंह प्रधानको पछिल्लो निबन्ध संग्रह 'समय सुनामी' पढेपछि वास्तवमै उनका यी अभिव्यक्ति सही लाग्छन्। मानवीय संवेदनालाई जीवन्तरूपमा पस्किन सक्ने शैलीले गर्दा होला, उनका निबन्धले मनमस्तिष्क छुन्छन्। एक दशक अवधिमा भएका मूल्यमान्यताको विचलन, घातप्रतिघात, युद्ध उन्माद, संकटग्रस्त जीवन, असहज परिस्थितिलगायत विभिन्न विषयलाई उनले नजिकबाट नियालेको निबन्ध पढ्दा प्रष्टिन्छ।

सुझबुझविनाका राजनीतिक दल, हठवादी राजशाही, दोहोरो माओवादी चालले गर्दा मुलुक अनिश्चित गन्तव्यतर्फ अघि बढिरहेको छ। वर्षौंदेखि लागेको संकटको बादल हट्ने छाट देखिएको छैन। समस्या समाधानप्रति संवेदनशील नहुने प्रवृत्तिका कारण परिस्थिति जटिल बनिरहेको छ। मुलुकमा धेरैपटक राजनीतिक परिवर्तन भए। तर, सामाजिक रूपान्तरण हुन सकेन। कसैलाई सत्तामा पुर्‍याउनकै लागि मात्र आन्दोलन गर्नुपर्ने हाम्रो नियति बनेको छ। 'आतंकको आकाशमा छाएको संकट' निबन्ध अहिले पनि उत्तिकै सामयिक छ। दुई वर्षअघि इराकमा नेपाली मारिएको घटनालाई लिएर लेखिएको 'हत्याको सन्दर्भः आस्थाको हवन' होस् वा अरूकै लागि खपत हुने हाम्रा कर्मठ पाखुरीको कथामा आधारित 'मान्छे हराएको मान्छे, देश र कृष्णभीरहरू' होस्, संवेदनाशून्य अवस्था चित्रण छ।


एक दशकको युद्धले ल्याएको परिणामलाई 'बोधिवृक्षको बगैंचा : बारुदको गन्धमा' नामक निबन्धमा चित्रण गरिएको छ। बन्दुकको त्रासबाट मुक्ति पाउन लालायित नागरिकको आवाज छ त्यसमा। थोक मृत्युका कारण संवेदनाशून्य भएको छ आम मन। हामीमा रहेको आत्मीयपन, बन्धुत्वको भावनामा खिया लागिरहेको छ। त्यसैले उनी लेख्छन्, 'संवेदनाशून्य परिवेशभित्र हाम्रा हिमचिम, पारिवारिकता, सामाजिक सम्बन्ध, नेपाली हुनाको अर्थ र मानिस हुनाको गौरव क्यै रहेन।'

'एउटा पोर्ट्रेट उसको लागि'मा उनले आफ्नै बारे लेखेका छन्। यसलाई वास्तवमा 'सेल्फ प्रोट्रेट' मान्न सकिन्छ उनको। जीवनको उत्तरार्धबाट फर्केर हेर्दा पहिले आफूले गरेका कामको समीक्षा गरेका छन्, विना पूर्वाग्रह र आडम्बरसहित।

सारमा भन्दा समय त्रासदी ओकलेको छ प्रस्तुत किताबले। मन तान्ने शैली त छ नै, आफूलाई लागेका कुरा निडरताका साथ लेखेका छन् निबन्धकारले। समालोचक डा. गोविन्दराज भट्टराईले भनेझैं 'जतिपल्ट पढे पनि निबन्धमा अन्तर्निहित शक्ति कहिल्यै क्षीण हुँदैन।'

■ छत्र कार्की

# संविधानसभाको बहस




**मुलुक संविधानसभामा** जाने निश्चत भइसकेको अवस्थामा संविधानसभाको स्वरुप र प्रक्रियाप्रति धेरैको चासो रहेको छ। एमाले नेता एवं पत्रकार राजेन्द्र गौतमद्वारा लिखित 'संविधानसभा: स्वरूप र प्रक्रिया' नामक किताबमा संविधानसभाको निर्वाचनसम्बन्धी विभिन्न अवधारणा समेटिएको छ। विश्वका ३४ वटा मुलुकले हासिल गरेको संविधानसभाको अनुभव पनि समेटिएको छ।

जनआन्दोलन-२ को म्यान्डेटअनुसार संविधानसभाबाट नयाँ संविधान निर्माण गरी नयाँ नेपालको निर्माण गर्ने म्यान्डेट प्राप्त भएको छ। तर, संविधानसभा क्षेत्रको निर्वाचन प्रणाली र गठन विधिबारे अन्योल यथावत् छ। यसै परिप्रेक्ष्यमा प्रस्तुत किताब संविधानसभाको अर्थ, स्वरूप, निर्वाचन प्रणालीमाथि केन्द्रित भएको छ। संविधानसभामा समावेशीकरणको कुरा आउँदा क्षेत्र, भाषा, जाति, दलित, महिलाको हिसाबले प्रतिनिधित्व गरिनुपर्ने उनको सुझाव छ। संविधानसभाको निर्वाचन प्रणालीअन्तर्गत पहिलो हुनेले जित्ने, बहुमत, समानुपातिक, एकल संक्रमणीय, मिश्रित र सूची प्रणालीबारे चर्चा गरिएको छ। गौतमले संविधानसभाको सभासद् २६५ जना प्रस्ताव गरी १२० सिट पहिलो हुनेले जित्ने, १२० सिट समानुपातिक निर्वाचन प्रणाली र बाँकी २५ सिट नचुनिएका अल्पसंख्यक जातिको लागि दिनुपर्ने प्रस्ताव गरेका छन्।

मुलुककै नयाँ भविष्य कोर्नका लागि हुन लागेको संविधानसभाको निर्वाचनबारे राजनीतिक दल, नेता र समाजका सबै तहका मानिसले बुझ्नु आवश्यक छ। त्यसतर्फ यो किताबले योगदान पुर्‍याउन सक्ने देखिन्छ।

संविधानसभाको निर्वाचनपछि संविधान बनाईंदा मस्यौदा समिति र विशेषज्ञ समितिले महत्त्वपूर्ण भूमिका खेल्ने उल्लेख गरिएको छ। गौतम लेख्छन्, 'संविधान मस्यौदा समितिले आफूले निर्माण गरेको ड्राफ्टलाई संविधानसभामा प्रस्तुत गरी संविधानलाई पारित गराउनुपर्छ। यसरी पारित भएको संविधानलाई संशोधन, खारेज, थपघट आदि गर्न संवैधानिक अदालत जरुरी देखिन्छ। दक्षिण अफ्रिकाको अनुभवबाट पनि फाइदा लिन सकिन्छ। संवैधानिक अदालतले पुनरावलोकन गरेको संविधानलाई पुनः जनमतसंग्रहमा लगि अनुमोदन गर्दा सबै नेपाली जनता संविधानको मालिक हुन सक्छन्। ■



किताब : नेपाल थर्काइदिने १९ दिन
लेखक : अरविन्द रिमाल
पृष्ठ : ९६
मूल्य : रु ७५/-
प्रकाशक : टंकप्रसाद आचार्य स्मृति प्रतिष्ठान




किताब : हिमाल र छहरा
विधा : कविता
कवि : गङ्गानाथ कोइराला
पृष्ठ : ७०
मूल्य : रु ५०/-
प्रकाशक : पोखराथोक साहित्य सङ्गम




किताब : मीमांसा-दर्शन निर्देशन
लेखक : 'आयोदधौम्य' निर्मलमणि अधिकारी
पृष्ठ : ६१
मूल्य : रु ३०/-
प्रकाशक : प्रशान्ति पुस्तक भण्डार



किताब : समुन्द्रमा आगो
लेखक : गोपीकृष्ण काफ्ले
पृष्ठ : ८८
मूल्य : रु ५०/-
प्रकाशक : भानुभाषा प्रतिष्ठानका लागि बालजंग अर्याल



# आतंकको छायाँ

**आँखाबाट आगोको ज्वाला जस्तो राप र आवाजमा सिंहको गर्जन निकाल्दै घुम्ने मेचबाट एकैचोटिमा बुर्लुक्क उठे बाबुसाहेब र त्यसरी नै रिभोल्भर ताक्दै हपारे उनीहरूलाई, 'धत् ! भागिहाल यहाँबाट, तुरुन्त भाग !'**

■ विश्वम्भर चन्चल

डयाङ...डयाङ...डयाङको आवाज एक्कासि आयो । बस्तीका मानिसहरू घरघरबाट जऱ्याकजुरुक उठे र बाहिरतिर हेर्दै कान थाप्न थाले-फेरि यो विध्वंश कहाँबाट सुरु भयो भनेर ! बाह्र वर्षदेखिको द्वन्द्वले त्रस्त पारेको मानिसको मन सजिलै कहाँ शान्त हुन्थ्यो र ! अँध्यारोमै एकले अर्कोलाई इसारैइसारामा प्रश्न गरे- कसले युद्धविराम भंग गऱ्यो भनेर ? बुझ्ने कोही छैनन् र भन्ने पनि कोही छैनन् ।

घटस्थापनापछिको चौथीको सुनसान रात । रातको करिब एकजति बजेको हुँदो हो । बाबुसाहेब यताउता गर्न थाले घरबाहिर बरन्डा र बगैंचामा । उनलाई आक्रोश चढेर आइरहेको थियो के गरूँ र कसो गरूँ भनेर । रिस खप्न सक्ने नै होइनन् उनी । नाकैमुनि रिस भएका । कसैले बोल्नै नहुने, कसैको हस्तक्षेप हुनै नहुने । त्यसैत्यसै आगो भइहाल्ने र आफ्नो रिसले क-कसलाई के के गर्ने गर्ने हो थाहा पनि नहुने, पछुताउन पनि नजान्ने । जे गरें ठिक गरें भन्ने बानी पालेका । जंगेले बोलेपछि बोल्यो बोल्यो भन्ने खालका । यसैले जहाँजहाँ जागिर खाए र हाकिमी चलाए सबकासब कर्मचारीलाई ठिक पारेरै राखे ।

एकचोटिको कुरा हो, उनी अधिराज्यको कुनै क्याम्पसमा क्याम्पसप्रमुख थिए । विद्यार्थीहरूको आन्दोलन चर्किरहेको थियो र उनीहरू अनेक माग राखेर सरकारको विरोधमा उत्रिरहेका थिए । उनलाई सरकारद्वारा विद्यार्थी आन्दोलन दबाउनैका लागि पनि त्यहाँ पठाइएको थियो । विद्यार्थीहरूले विद्रोहको लागि निहुँ झिक्न पहिले केही न केही माग राख्थे र जब उनीहरूको माग पूरा हुन्थ्यो फेरि अर्को माग तेर्स्याउँथे । बाबुसाहेब त्यो पनि पूरा गरिदिन्थे, विद्यार्थीहरू अर्को माग राख्थे, त्यो पनि पूरा गरिदिन्थे त तत्कालै फेरि अर्को मागको थालनी हुन्थ्यो । उनीहरूका यस्ता कामकारबाहीदेखि उनी दिक्कै हुन्थे । विद्यार्थीहरूको कामचाहिँ जसरी हुन्छ सरकारको विरोधमा उत्रनु नै हुन्थ्यो । यो त्यस बेलाको कुरा थियो जुन बेला पञ्चायती शासनको उत्कर्ष थियो र त्यसैको विरुद्धमा विद्यार्थीहरू लडिरहेका थिए ।

यो क्रम पनि पूर्ववत् रुपमै चल्यो दुईचार महिनासम्म त । बाबुसाहेबले पनि धैर्यको बाँध बाँधे एउटा सरकारी कर्मचारी र पदीय दायित्वको हिसाबले पनि । उनलाई थाहा थियो आफ्नै मान र सम्मान जोगाउनैको लागि समेत घर र साथीभाइको बीचमा जस्तो रिस र व्यवहार यहाँ दर्शाउन हुँदैन भनेर । फेरि विद्यार्थी भनेका अरिंगालका गोला हुन् भन्ने पनि उनलाई थाहा थियो र उनीहरूमाथि अभद्र व्यवहार गरिहाल्नु शासकवर्गकै हितमा नहुने ।

एकपटक फेरि यस्तै अर्को माग विद्यार्थीहरूले तेर्स्याए । बाबुसाहेबलाई हुनसम्मको रिस चढेर आयो । उनले आदेश दिए, 'ल भोलि ११ बजेसम्म तपाईंहरूको माग पूरा हुन्छ । तपाईंहरूका दुईजना प्रतिनिधिलाई छलफलको लागि पठाउनुहोस् ।' विद्यार्थीहरू खुसी भए । उनीहरू भोलिको माग पूरा भएपछि फेरि अर्को माग के राख्ने हो र वार्तामा को को प्रतिनिधि पठाउने भनेर छलफलमा जुटे । लामो छलफलपछि उनीहरूले सकेसम्म क्याम्पसप्रमुखलाई तर्साउन सक्ने र कुरा गर्न पनि जान्ने दुईजनालाई छाने र भनेको समयमा भोलिपल्ट वार्ता गर्न पुगे पनि ।

बाबुसाहेब अफिस आइपुगिसकेका थिए । विद्यार्थीहरू आए तर ढोकाको संघारैबाट उनीहरू के देख्छन् भने क्याम्पसप्रमुख त उल्टो भित्तापट्टि पो फर्किएर हातमा के के खेलाइरहेका छन् !

'नमस्कार सर ! भित्र आऊँ हामी ?' उनीहरूले त्यहीँबाट एकै स्वरमा बोले । बाबुसाहेबले सुन्यानसुन्यै गरे र हातको वस्तु खेलाउँदै रहे । उनीहरूले मुखामुख गरे- किन बोल्दैनन् उनी र उता फर्केर के गरिरहेछन् ? फेरि अलि ठूलो स्वरमा भने, 'नमस्कार सर ! हामी आउँ सर ?' तैपनि उनी बोल्दैनन् न त यता नै फर्किन्छन् । एक मन त रिस पनि उठेर आयो । तर, यस बखतमा रिसाउनु उनीहरूकै हितमा थिएन । त्यसैले फेरि अर्कोपल्ट पनि नम्रताका साथ तर अलि चर्को स्वरमा बोले, 'हामी भित्र आउन सक्छौं सर ?' उनले विद्यार्थीतर्फ नहेरी नै भने, 'आउनोस् ।' उनीहरू आए तर पनि 'बस्नोस्' भनेनन् न त यतापट्टि नै फर्किए ! उनीहरू आश्चर्यमा परे । झन् आश्चर्य केस्ले पाऱ्यो भने उनी हातमा जेकुरा लिएर खेलाइरहेका छन् त्यो अरू केही नभएर मानिसको ज्यान लिने रिभोल्भर पो हो !

बाबुसाहेबले निकै बेरपछि बल्ल आफ्नो घुम्नेमेच बिस्तारै विद्यार्थीहरूतिर फर्काए तर रिभोल्भर भने छोडेनन् । उनीहरूलाई शंका लाग्यो, 'कतै बजाइ त हाल्दैनन् !' उनी असाध्यै रिसाहा छन् र परेमा गोली हान्न पनि बेर मान्दैनन् भन्ने खालका कुरा

ती विद्यार्थीले सुन्दैआएका पनि हुन् र उनका एकदुईटा रिसका उदाहरण यही क्याम्पसमा आइसकेपछि पनि देखेकै हुन्। जातैले ठकुरी बाबुसाहेब, सिकारका सोखिन, त्यसमाथि प्रमुख जिल्ला अधिकारी, अञ्चलाधीश र अन्य के के पनि भइसकेका ! परेदेखि पुलिस र पुलिस अफिसरको हातको बन्दुक खोसेर पनि आन्दोलनकारी र अपराधीलाई ठोक्थे आफैँ तर आफ्नो कर्तव्य र इमानदारीको मामिलामा भने कसैलाई छोड्दैनथे। 'पहिले बजाइहालूँ अनि सोचूँला' भन्ने बानी थियो उनको। त्यसैले त जहाँजहाँ जान्थे त्यहाँका मानिसलाई तह लाएरै राख्थे। उनको यस्तै खुबीले त शिक्षासेवाका उनलाई पञ्चायती शासकले प्रशासनसेवाको पदमा काज सरुवा गर्दै लगे र दुईचार अञ्चल थर्काउन लगाएरै छाडे ! अहिले फेरि प्राध्यापन पेसापट्टि आएपछि पनि सरकारको विरोधमा नारा र जुलुस लागिरहने अलि चर्को ठाउँमा छानेरै पठाएको हो।

बाबुसाहेबले सोचे, 'यी विद्यार्थीहरू अब त्यसै मान्नेवाला छैनन् र नरम मिजासले जे जति माग पूरा गरे पनि यिनीहरूले हेप्दै छोड्नेछन्- औँला दिँदा डुँडुलो निल्ने भनेजस्तो।' त्यसैले त हो ! उनले आज क्याम्पस आउँदा पनि रिभोल्भर नै बोकेर आए। नत्र त प्राध्यापनजस्तो पवित्र पेसामा लागेको ठान्ने उनले र धर्मका कट्टर अनुयायी तथा खानदानी घरको पूर्ण अनुशासित परिवारमा हुर्केबढेका र परेका बेला जस्तोसुकै कठोर हुन परे पनि आफूभन्दा तलका र आफ्ना मातहतका कर्मचारीमाथि समेत ज्यादै दयाभाव देखाएर हिँड्ने व्यक्ति, आफ्नै विद्यार्थीमाथि परेदेखि गोली ठोकिदिन्छु भनेर कस्सेर आउँदैनथे अफिस आउँदा। कसैले केही कुराको गुनासो गर्दा र आफूमाथि अन्याय परेको व्यथा सुनाउँदा आफूले सक्ने भए आफ्नै तर्फबाट र नसक्ने भएमा आफूभन्दा माथिकालाई गएर भन्नु परे पनि निर्धक्क र नडराई भनिदिने बानी थियो उनको। अरू अफिसका हाकिमको जस्तो आफ्ना कर्मचारीको बारेमा भन्नजाँदा आफ्नै जागिर पो जाने हो कि भनेर डराउने मानिसै होइनन्। अफिसको प्रगति र विकासको लागि त अभ्र कुरै नगरौँ ! त्यस्तो बेला आफ्ना सम्पूर्ण सिद्धान्त र घमन्डको त्याग नै गर्नसक्ने गुण थियो उनमा।

बाबुसाहेब जसरी घुम्नेमेच घुमाउँदै विद्यार्थीहरूपट्टि फर्केका थिए उसरी नै अहिलेसम्म पनि हातको रिभोल्भर घुमाउँदै रहे। त्यसबीचमा एकछिन थामिए र गम्भीरजस्ता देखिए अनि आँखा चिम्लेर चिउँडो एकचोटि तल भ्रारे पनि।

'अँ भन किन आयौ ?' चिउँडो माथि उचाल्दै र आवाजमा कठोरपन र आँखामा रिसको आवेग ल्याउँदै अकस्मात् सोधे उनले विद्यार्थी प्रतिनिधिहरूलाई।

आज यतिका समय भयो उनी त्यस क्याम्पसमा प्रमुख भएर आएका। कुनै पनि तल्लोतहको कर्मचारीलाईसमेत यसरी 'तिमी' र 'तँ' जस्ता शब्द प्रयोग गरेर बोलेकै सुनेका थिएनन् ती विद्यार्थीहरूले। भन् उनीहरूलाई त जहिले पनि सम्मान नै गरेर बोल्थे तापनि आजको उनको यो तिमी शब्दको सम्बोधन र बस्ने आदेश पनि नदिई यसरी ठाडा कुरा र व्यवहार गर्नुले विद्यार्थीहरू स्वयं हिच्किचाएरै उभिइरहे।

'भन, भन्या होइन ? तिमीहरू किन र के माग्न आयौ फेरि मेरा सामुन्ने ?' बाबुसाहेबको गर्जनको गति अरू बढ्यो। उनीहरूमध्ये एउटाले विस्तारै 'के भने नि सर...' भनेर जब कुराको थालनी गर्‍यो उनले भम्टिहाले 'के, के भने नि...? हेर केटा हो ! मेरो एउटा सीमा छ। मैले पनि तिमीहरूको के माग ठिक हो, के माग ठिक होइन भनेर सोच्न सक्छु, तैपनि तिमीहरूको प्रवृत्ति थाहा पाएर कयौं बेठिक माग पनि पूरा गरिदिँदै आएँ। सकेसम्म म मेरो क्याम्पसमा अशान्ति मचाएर मेरा विद्यार्थीहरूको भविष्य बिगार्न चाहँदिन। देश विकासको मेरुदण्डको रुपमा रहेको शिक्षाजस्तो पवित्र मन्दिरमा पनि राजनीतिको कलुषित बादल मडार्न दिन्नँ भनेर नै आजसम्म तिमीहरूको चाहिने नचाहिने माग पूरा गरिदिएको हुँ। त्यसबापत मैले माथिबाट धेरै गाली र हप्काइ खानुपर्‍यो र पनि मैले तिमीहरूको लागि सहँदै आएँ। अब त म सहने पक्षमा किमार्थ छैन। भीरबाट खस्नेलाई रामराम भन्न सकिन्छ, काँध थाप्न सकिँदैन। ल भन, अब तिमीहरू के चाहन्छौ ?' बाबुसाहेब विस्तारै खल्तीबाट गोली भिकेर रिभोल्भरमा भर्न पो लागे मानौँ उनी अब ती विद्यार्थीहरूमाथि गोली हान्न नै तयार छन् !

'ल भन केटा हो, तिमीहरू मेरो कुरा मान्छौ कि आफ्नो मागमा अडिग हुँदै मेरा विरुद्ध मेरै अगाडिबाट नारा लगाउँदै हिँड्छौ ?' उनले उनीहरूपट्टि नहेरीकन नै र रिभोल्भरको पोजिसन मिलाउँदै बोले।

विद्यार्थीहरू के कुराले भन् आश्चर्यमा परे भने- आफ्नो माग पूरा नभए उनकै अगाडिबाट नारा लगाउँदै निस्कने भन्ने खबर उनलाई कसले पुर्‍यायो ! र, वास्तवमा सल्लाह पनि त्यस्तै भएको थियो अगिल्ला दिन बेलुका विद्यार्थीहरूको छलफलको क्रममा। प्रमुखले आनेकाने गरे कि उनकै विरुद्ध, उनकै अफिसकोठा र उनकै अगाडिबाट नारा लगाउँदै निस्कने र त्यो आवाज सुनेपछि क्याम्पसबाहिर जम्मा भएका अरू विद्यार्थीहरूले उपद्रो मचाइहाल्ने।

बोले बाबुसाहेब फेरि, 'भन, भन केटा हो ! पहिले तिमीहरू बाहिरबाट उपद्रो मचाउन थाल्ने कि पहिले भित्रबाट मै सुरु गरूँ ? भनिहाल चाँडै !'

'तपाईं के भन्दै हुनुहुन्छ, हामीले बुभ्रेनौं सर... ! हाम्रो माग के हो भने नि सर... !' यसपटक दोस्रो विद्यार्थीले के कुरा बुझाउन लागेथ्यो बाबुसाहेबले सरल भाषाले 'ए बुभ्रेनौ तिमीहरूले मेरो कुरा ? उसो भए बन्दुकको भाषा त बुभ्रछौ होला नि हगि।' रिभोल्भर उनीहरूपट्टि नै तेर्स्याए। पहिलोले डराउँदै बोल्यो, 'ल...ल... सर के गर्न लाग्नुभ'को भन्या...हामी विद्यार्थीहरूमाथि पनि...।'

आँखाबाट आगोको ज्वाला जस्तो राप र आवाजमा सिंहको गर्जन निकाल्दै घुम्ने मेचबाट एकैचोटिमा बुर्लुक्क उठे बाबुसाहेब र त्यसरी नै रिभोल्भर ताक्दै हपारे उनीहरूलाई, 'धत् ! भागिहाल यहाँबाट, तुरुन्त भाग !' अनि त विद्यार्थीहरूको सारा जोस र जाँगर पानीपानी भयो एकैछिनमा र लोकतेलोकते हुँदै बाहिर निस्किए।

जीवनका यी र यस्तै अन्य घटनाहरू सम्भेर बाबुसाहेब कहिले हाँस्थे त कहिले खिन्न हुन्थे। तर, अब उनी यी सब भन्भ्रट र भ्रमेलादेखि मुक्त छन्। जीवनको यस उत्तरार्धमा आएर केवल बस्न र आनन्द लिनु नै उनको सोख बनेको छ। कहिलेकाहीँ यौवनका रसरंग र लीलाहरू पनि नसम्भने होइनन्, हुनत ! उनको परिवार नै यस्तै रसरंग र लीलामा रमाउँदै आएका हुन्। एक किसिमले भनौँ भने रसरंगको मामिलामा बुढेसकाल पनि कहिल्यै आएन उनको घरपरिवारमा। सधैं रमाइलो, हाँसोठट्टा र नाचगान भइरहन्थ्यो। दुईचारवटी रानीसाहेब, मैयाँसाहेब त सबैका हुन्थे- कोही ब्याइते त कोही ल्याइते। त्यस्ता ल्याइतेहरूलाई ब्याइतेहरूबाट 'भन्याङमुनिका' भन्ने चलन थियो। समग्रमा खाउ, पिउ र मोज गर भन्ने संस्कारमा हुर्केका थिए बाबुसाहेब।

तन्नेरी दिनका रोमाञ्चकारी यस्तै सोचाइमा डुब्दाडुब्दै बाबुसाहेबलाई त्यसरात पनि रसरंगमा डुब्न मन लाग्यो। भनिहालियो शरदको रात, दसैँको चाड। केटाकेटीदेखि बूढाबूढीसम्मकै उलँदो उमंग। हल्का बतासको भोक्काले ल्याएको र आनन्द आउने चिसोचिसो अनुभव, विदेशी रक्सीको प्रभाव र साथमा शृंगारपूर्णरूपमा रहेकी श्रीमती पनि...। शरीर बूढो भए पनि मन बूढो हुने कुरै होइन...। त्यसैले त ताने उनले पनि श्रीमतीलाई नजिकै र मारे कस्सिएको अँगालो। श्रीमती भन्दै थिइन्, 'के बैँस लागेको नि आज फेरि हजुरलाई...?'

'मलाई मात्र हो र ! तिमीलाई पनि त छोडेको छैन नि बैँसले अहिलेसम्म', उनले भने।' श्रीमतीले सोधिन्, 'कसरी ?'

'अब यो उमेरमा आएर पनि सुत्ने बेला समेत तिमी यस्तो शृंगारपटार गरेर राम्री बन्न छोड्दिनौ भने तिम्रो बैँसको अन्त्य भयो भनेर म कसरी भनूँ...!' बाबुसाहेबले स्पष्टीकरण दिए।

'यो त स्वास्नीमान्छेको कर्म र धर्मै हो नि यसरी लोग्नेलाई रातिराति लोभ्याइरहनु नत्र त अरू छौडीसँग लागिहाल्छन् नि...! फेरि आज मात्र हो र मैले यसरी शृंगार पारेर बसेको !' श्रीमतीले पनि खुलस्त भनिदिइन् मनको कुरा र उनी पनि लाजमानेजस्तो बहाना गर्दै लहस्सिइन् लोग्नेतर्फ। अनि त के चाहियो र.... ! बाबुसाहेबले पनि 'मैले पनि त आजसम्म तिमीबाहेक अरू कसैलाई आँखा लगाएको छैन नि मैयाँ....' भन्दै विस्तारैविस्तारै नयनमा नयन, अधरमा अधर, जिब्रोमा जिब्रो, उदरमा उदर र नितम्बमा नितम्ब जोड्न पुर्‍याइहाले। त्यसै बखत आयो घरबाहिर चोकको सानु छाप्रोमा बाँधेको जखमले मधिसे खसीको, म्याँ... म्याँको आवाज। पहिले त एक दुईचोटि मात्र कराएथ्यो र त्यसले बाबुसाहेबको रसरंगमा खासै त्यति असर पनि पारेको थिएन। 'किन कराउँछ यो डाम्नो ?' भनेर मात्र टारेथे र श्रीमतीको 'आ... अब किन नि त्यो डाम्नोको आवाजमा ध्यान दिनपर्‍यो नि ?' भन्दै आफूतर्फ तान्ने प्रयासलाई साथ दिइरहेथे। तर, एकछिनपछि त ए बाबा ! म्याँ...हैं...हैं..., म्याँ...हाँ...हैं...को आवाज आइरहेछ, आइरहेछ। रसरंगलाई साँच्चिकै भंग नै पार्‍यो भन्या त्यसको धोत्रे चिच्याइले।

बाबुसाहेबले खप्नै सकेनन् अब त्यसको आवाजलाई र श्रीमतीको बाहुपासलाई चटक्कै छिनाली लागे बन्दुक समातेर खसीतिर। हाने ड्याङ...ड्याङ...ड्याङ... तीनचोटि। श्रीमती चिच्याउँदै र सारी मिलाउँदै बन्दुक समात्न आइपुगिन्, 'हरे ! मौजाबाट दसैँका लागि ल्याएको यत्रो खसीलाई पनि हजुरले के गरिस्याहोला भन्या... !' त्यति बेलासम्म त टोल, छिमेक जताजतैका बासिन्दामा विद्रोह र आतंककै डरको छायाँ परिसकेको थियो र उता, डङरंगै ढलेको थियो मधिसे जखमले खसी चोकभरि रगतको आहाल बनाउँदै र आफ्नो प्राणपखेरु उडाउँदै। ■



भास्वर ओझा

# ‘अभिनय नगर्नु’

**अभिनय सिकाइने** पाठशालामा प्रशिक्षण लिन जाँदा ‘अभिनय गर्न पाइँदैन’ भनी सिकाइयो भने कस्तो लाग्ला ? सुरुमा छक्क परिन्छ अनि जिज्ञासा उठ्छ - यस्तो किन ? ‘नो एक्टिङ प्लिज’ (कृपया अभिनय नगर्नु) प्रिन्ट भएको टिसर्ट लगाएर युवायुवतीलाई बज्र होटलको हलमा अभिनय सिकाउँदै थिइन्, भारतको राष्ट्रिय नाट्य विद्यालयबाट कला प्रशिक्षकका रुपमा आएकी अनुराधा र त्यहाँ आउने धेरैलाई पनि यही जिज्ञासाले चिमोटेको थियो सुरुमा र यसका परिकल्पनाकार अनुप बरालले यसलाई अर्थ्याउन निकै पसिना चुहाउनु परेको थियो ।

आजको अभिनेता अभिनयका रुपमा मात्र होइन, बौद्धिक रुपमा पनि सक्षम हुनुपर्छ, जुन कुराको अभाव नेपाली रंगमञ्चमा अझैं जस्ताको तस्तै छ । लहलहैमा लागेर आउनेहरूको रंगमञ्च क्षेत्रमा प्रभुत्व छ । उनीहरूमा बौद्धिकताको अभाव प्रस्ट देखिन्छ । अभिनयशालाको अभाव त छँदै छ ।

हो, यस्तै अभिनयशालाको सुरु गरेका छन्, भारतीय नाट्य क्षेत्रलाई १२ वर्षसम्म नजिकैबाट बुझ्ने मौका पाएका अनुप बरालले । नमुनाका रुपमा ‘एक्टरस स्टुडियो’ खोलेर कलाकार बन्न चाहनेहरूलाई धेरै कुराले पोख्त बनाउन तल्लीन छन्, अनुप यति बेला । नेपाली रंगमञ्चका लागि नयाँ परिकल्पना बोकेका अनुप भन्छन्, ‘हामी बनावटी अभिनय होइन, व्यक्तिमा रहेको प्राकृतिक कलालाई बाहिर ल्याउन सकियोस् भन्ने चाहन्छौं ।’

सबै कुरामा भारतको सिको गर्ने नेपाली कला क्षेत्रको बौद्धिक हैसियत भने भारतीय रंग क्षेत्रको भन्दा कयौं गुणा कम छ । नेपाली रंगमञ्च क्षेत्रलाई हेर्ने हो भने कलाकारहरूमा अहिले पनि बौद्धिक विकास हुन सकेको छैन ।

बौद्धिक अभावसँगै एउटा ठूलो भ्रमको खाडल समेत छ नेपाली रंग र कला क्षेत्रमा । त्यो हो- कलाकार बन्न हाउभाउ मिलाउनु पर्छ, तडकभडक र नक्कल गर्न जान्नु पर्छ । यहाँ यी कुरा एउटा कलाकार बन्न नभई नहुने गुण मानिन्छ । तर, आन्तरिक व्यक्तित्व विकासमा धेरै कमले मात्र ध्यान दिन्छन् ।

एउटा कलाकारमा हुनुपर्ने बौद्धिक गुणलाई नेपाली रंगमञ्चले आधुनिकता समेट्ने बहानामा बिर्सेको छ । अनुप भन्छन्, ‘नेता होस् अथवा अभिनेता अथवा सामान्य व्यक्ति नै किन नहोस् उसमा केही गुण हुनै पर्छ । विशेष गरी कलाकारमा त बहुआयामिक गुण हुनै पर्छ । हामीले यसैलाई महत्त्व दिएर यो स्कुलको परिकल्पना गरेका हौं ।’

‘असल नागरिक बन्न पनि आन्तरिक बौद्धिकताको विकास हुनु जरुरी छ । यसैलाई ध्यानमा राखेर सुरु गरिएको हो, एक्टरर्स स्टुडियो । अनुपले बौद्धिकता र कलालाई सँगै लैजाने अभियानबारे प्रस्ट पार्दै भने, ‘भारतमा नाट्य विधाका लागि भनेर सरकारले एउटा नाट्य विद्यालयका लागि मात्र १३ करोड छुट्याउँछ । भारतीय रंगमञ्चमा बौद्धिकता निखार्न बढी ध्यान दिइन्छ, नेपालमा भने त्यो अवस्था छैन ।’

अभिनय कला सिक्ने तीव्र चाहना राखेर यहाँ आउनेहरूलाई अभिनय कला के हो भन्ने कुरा मात्र सिकाइँदैन । कसरी उपन्यास लेख्ने, कसरी चित्र कोर्ने जस्ता बहुआयामिक कुरासमेत सिकाइने बताउँछन्, अनुप । तीन महिनाको अवधिभित्र यहाँ अभिनय सिक्न आएका नवागन्तुक कलाकारहरूलाई नवीन सुब्बाजस्ता सिनेहस्तीले फिल्मको बारेमा मात्र ज्ञान बाँडेका छैनन्, नेपाली साहित्यका सुविख्यात हस्ती धुव्रचन्द्र गौतमले समेत कसरी उपन्यास लेखिन्छ र यसको भाव कस्तो हुन्छ भन्ने सिकाइसकेका छन् ।

‘हाम्रो लक्ष्य एउटा कलाकार कलाकारमै सीमित नहोस् भन्ने हो, कुनै पनि कलाकार अथवा रगंकर्मी समाजबाट अलग रहन सक्दैन, समाजको हरेक वस्तुस्थितिबारे एउटा कलाकर्मी र रगंकर्मी अझ बढी जानकार हुनै पर्छ’, अनुप थप्छन् ।

बौद्धिकतापूर्ण अभिनय कलामा प्रशिक्षण लिएका बीसजना नव कलाकारलाई सक्षम बनाइसकेपछि उनीहरूले तीन महिनासम्म सिकेको आन्तरिक बौद्धिकता प्रमाणित गर्न ‘चरीको बगैंचा’ नामक नाटक प्रदर्शनमा जुट्ने छन् ।

■ **ज्योति देवकाटा/काठमाडौं**


**एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड**

**NLG INSURANCE COMPANY LIMITED**

**Head Office :**
NLG Building, Lazimpat
P.O. Box 4332, Kathmandu, Nepal
☎ 4412625, 4416556, 4418113
E-Mail : nlgi@mail.com.np
Fax : 977-1-4416427

**Branch Offices:**

| | |
|---|---|
| BIRATNAGAR, Malaya Road | ☎ 522630 |
| BIRGUNJ, Shreepur | ☎ 521409 |
| BHAIRAHAWA, Main Road | ☎ 520065 |
| NEPALGUNJ, Surkhet Road | ☎ 520955 |

**Sub-Branch Offices :**

| | |
|---|---|
| Pokhara | ☎ 521801 |
| Dhangadhi | ☎ 522381 |
| Rajbiraj | ☎ 520493 |
| Hetauda | ☎ 521030 |
| Birtamode | ☎ 540136 |
| Dharan | ☎ 521760 |
| Janakpur | ☎ 522561 |
| Narayangarh | ☎ 520039 |
| Mahendranagar | ☎ 522221 |

**Contact Offices:**

| | |
|---|---|
| Lalitpur | ☎5520331 |
| Dang | ☎ 560581 |
| Banepa | ☎ 663028 |
| Butwal | ☎ 543468 |
| Bhojpur | ☎ 520245 |
| Baglung | ☎ 520314 |
| Lahan | ☎ 561227 |
| Surkhet | ☎ 520691 |
| Sarlahi | ☎ 530377 |

# भाग्यमानी सरिता



**हजुरआमाको काखमा** बसेर टेलिनायिका सरिता लामिछानेले पहिलो पटक तुलसी घिमिरेको चलचित्र *बाँसुरी* हेरेकी थिइन् । जान्ने भएदेखि उनले घिमिरेका कुनै पनि चलचित्र हेर्न छुटाएकी थिइनन् । ऋषि लामिछानेसँगको बिहेपछि एक दिन उनी श्रीमान्‌सहित घिमिरेलाई भेट्न गइन् ।

त्यस बेला घिमिरेले *मुक्ति* शृंखलाको पटकथा भर्खरै सकेका थिए । सरितालाई देख्नेबित्तिकै घिमिरेले नाम र अभिनयमा रुचिबारे सोधे । उनले अभिनयमा उत्ति रुचि नभएको बताएकी थिइन् र नामको स्पष्ट उच्चारण गरेकी थिइन्- सरिता ।

घिमिरेको अनुहार स्पष्ट रुपमा तम्तम्याइलो भयो । केही क्षणमै श्रीमती घिमिरे भारती आइपुगिन् र नाम सोधिन् । भारतीको अनुहार पनि तम्तम्याइलो भयो ! सरिता हैरान भइन् दुवैले मुखामुख गरेको देखेर । 'के मेरो नाम यति नराम्रो छ र ? उनको मनमा प्रश्न उब्जियो ।

'पछि उहाँले बताउनुभयो, उहाँलाई मजस्तै व्यक्ति *मुक्ति* सिरियलका लागि चाहिएको रहेछ, जसको नाम मलाई भेट्नुअघि नै सरिता जुराइसक्नु भएको रहेछ ! त्यो दिनको संयोग मेरो जीवनको अभिनय-करियरका लागि अनौठो रूपमा दर्ता भयो र म अभिनयमा तानिएँ । *स्क्रिन टेस्ट*विना नै म कलाकार भएँ', पाँच वर्षअघिको घटना सम्भँदै सरिता बताउँछिन् ।

*मुक्ति* शृंखला नेपाल टेलिभिजनबाट प्रसारण के भएको थियो, एउटी घरेलु महिला एकाएक टेलिभिजनकी चर्चित नायिका बनिन् ।

गम्भीर स्वभावकी सरितालाई अकस्मात् पाएको त्यो सफलताले खुसी होइन, झन् गम्भीर बनायो । मुक्ति टेलिशृंखलाले मात्रै उनलाई ८/१० वटा संस्थाबाट सम्मानित तुल्यायो । 'त्यसले ममाथि ठूलो गुन लगाएर डर पनि थपिदियो, के म साँच्चिकै त्यो बोझ बोक्न सकुँली ! त्यही भएर होला, त्यो शृंखलापछि दुई वर्षसम्म एउटै पनि शृंखला गर्ने आँट ममा आएन', साउने सोमवारकी व्रतालु सरिताले चियाको सुरुप्प तान्दै थपिन्, 'त्यो सफलता मेरा लागि एउटा नमिठो झट्कासरह थियो । मुक्तिको सफलतापछि म सोच्दै नसोचेको क्षेत्रमा नराम्रोसँग बाँधिएँ ।'

हुन पनि त्यो शृंखला कति सफल भयो भने मान्छेहरू अझै पनि उनलाई भेट्दा *मुक्ति*कै कुरा गर्छन् । टेलिभिजनमा *मुक्ति* त्यस्तो सृजना बन्यो, जसपछि टेलिभिजनमा टेलिशृंखलाको नयाँ युगको सुरुवात भयो । नेपाल टेलिभिजनमा *मुक्ति*को प्रवेशपछि नारीहरूको भूमिकामा नै केही महत्त्वपूर्ण परिवर्तन आए । नारीहरूको भूमिका विविधतापूर्ण बन्न थाल्यो । टेलिशृंखलाका नामी नामहरू पुनः जागृत भए, *भीडदेखि भीडसम्म*को जादु पुनरुत्थान गर्न । टेलिभिजनबाट थाकेका उमेशनाथ अर्याल, रमेश बुढाथोकीहरू समेत पुनः टेलिभिजनतिर तानिए र अहिले नेपाली टेलिशृंखलाहरू सातामा लगभग सातै दिन आइरहेका छन्- नेपाली च्यानलहरूमा ।

उनीहरूबाट प्रशस्त अनुभव बटुलेपछि अहिले आफ्नै घरेलु कम्पनी खोलेर *परिचय* शृंखला बनाएर प्रसार गरिरहेकी छन् । उनले यस शृंखलामा यस्ती नारीको भूमिका निर्वाह गरेकी छन्, जसले आफ्नो लोग्ने हुँदाहुँदै पनि अत्याचारबाट उकुसमुकुस भएपछि उसको नामको सिन्दूर पखालेर आफ्नो बेग्लै अस्तित्व बनाउन कम्मर कस्छे ।

टेलिभिजन कर्मको आठवर्षे अनुभव उनलाई कस्तो लागिरहेको छ ? 'अनुपम', छोटो उत्तरसँगै उनी थप्छिन्, 'समाजमा भइरहेको वा हुनसक्ने घटनालाई मैले न्याय दिने प्रयास गर्दा माया पाएँ । यसबाट मलाई अझै धेरै गर्ने हौसला मिलेको छ ।'

अहिलेसम्म उनले पाएको सबैभन्दा ठूलो सम्पत्ति ? 'दर्शकको माया,' उनको अनुहारमा एकाएक गम्भीरता आउँछ, 'बुटवलकी एकजना महिलाले मलाई फोन गर्नुभयो । उहाँले मलाई मेरो अभिनयबाट र भूमिकाबाट प्रभावित भएर पूजा कोठामा अरू भगवान्‌सँगै मेरो फोटो राख्नुभएको छ रे ! उहाँले मलाई फोन गर्दा ह्वाँ ह्वाँ रुनुभएको थियो ।' केही बेरको मौनतापछि सरिता पुनः थप्छिन्, 'साँच्ची म भाग्यमानी छु । त्यो विश्वास, त्यो पुँजी र त्यो माया कहाँ किन्न पाइन्छ ?'

'यही नै अहिलेसम्मको ठूलो सम्पत्ति हो । मैले अरू केही नकमाए पनि नाम कमाएछु', उनको अनुहारमा सन्तुष्टि झल्किन्छ ।

टेलिभिजनमा रंगपत्रकारिताको अनुभवसमेत गरेकी सरितालाई अभिनयपछि सबैभन्दा बढी रुचि पत्रकारितामा छ । अभिनयबाट बचेको केही यसमा दिन उनले केही कार्यक्रम उत्पादनसमेत गर्ने सोचाइमा छन् । उनी भन्छिन्, 'टेलिभिजनले के मोहनी लगायो लगायो, यसलाई त्याग्नै गाह्रो भयो !'

■ **अच्युत कोइराला**


**तस्वीरः तेजबहादुर बस्नेत**

# सिल्भाँलाई सम्झँदै

**फ्रान्सेली अन्वेषक** सिल्भाँ लेभीले सय वर्षअघि काठमाडौं आएर यहाँको जनजीवन, इतिहास र संस्कृतिको बारेमा गहन अध्ययन गरेका थिए। काठमाडौं बस्दा प्रत्येक दिन आफ्नै मातृभाषामा लेखेको डायरीलाई उनले फ्रान्स फर्केर किताबको रूपमा प्रकाशन गरेका थिए। हालसालैमात्र अनुवादक हरिहरराज जोशी र इन्दु जोशीले सिल्भाँको उक्त किताबको अंग्रेजी अनुवाद गरेका छन्, जसको नाम छ- नेपाल, अ नोट बुक अफ सोजर्न।

सिल्भाँले नेपाल घुम्दा अनुभव गरेका कुरालाई आम पाठकसम्म पुऱ्याउन सकियोस् भन्ने उद्देश्यले फ्रान्सेलीबाट अंग्रेजीमा अनुवाद गरिएको अनुवादक हरिहरराज बताउँछन्। उनी भन्छन्, 'एक सय वर्षअघि काठमाडौंको रीतिरिवाज, भाषा, संस्कृति, कलाबारे बुझ्न सिल्भाँको डायरीले मद्दत पुऱ्याउँछ।'

राणा प्रधानमन्त्री देवशमशेरका पालामा नेपाल पसेका सिल्भाँले पुरातात्त्विक वस्तुको अध्ययन गरी नेपालको बारेमा खोज गरेका थिए। सिल्भाँको डायरी किन अनुवाद गर्नु पऱ्यो त ? अनुवादक जोशी दम्पती भन्छन्, 'नेपालबारे लेख्ने विदेशीमध्ये सिल्भाँ बढी आधिकारिक भएकाले उनीप्रति श्रद्धा बढेको हो। त्यसैले अनुवादको लागि उनलाई छानेका हौं।' २०१६ सालमा बम्बै युनिभर्सिटीबाट अंग्रेजीमा एमए सिध्याएका हरिहरराजको इतिहास र संस्कृतिप्रति सुरुदेखिकै रुचि हो श्रीमती जोशी भने इतिहासमा स्नातक हुन्। २०१८ सालमा द राइजिङ नेपाल सुरु भएपछि एकवर्ष जति कार्यकारी सम्पादक भएर पनि काम गरेका हरिहर राजले त्यसपछि केही समय कलेजमा अंग्रेजी प्राध्यापन गरे र बाँकी समय भने स्वतन्त्र अध्ययन अनुसन्धानमै खर्च गर्दै आएका छन्। हरिहरराजले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी भएर इतिहास र संस्कृतिसम्बन्धी आफ्ना अवधारणा राख्दै आएका छन्। बेलायतमा एक दशकअघि भएको इतिहास सम्मेलनमा एकलो नेपालीको रुपमा फेलो अफ रोयल एसियाइटी सोसाइटीतर्फबाट भाग लिएर हड्सन सम्बन्धी कार्यपत्र तयार पारेका थिए उनले। ■





# चुनौतीपूर्ण जिम्मेवारी

**डा. बेञ्जु शर्मालाई** आममानिसले साहित्यकारकै रुपमा चिन्छन्। त्यसो त साढे दुई दशकदेखि इतिहास प्राध्यापन पनि गर्दै आएकी छन् उनी। जनआन्दोलन-२ को बेला स्रष्टाहरूको आन्दोलनमा अग्रपंक्तिमा रहेर निर्वाह गरेको भूमिकाको कदर गर्दै सरकारले नेपाल टेलिभिजनको अध्यक्षमा मनोनीत गरेको छ, बेञ्जुलाई। नेपाल टेलिभिजनको इतिहासमै अध्यक्ष बन्ने उनी पहिलो भाग्यमानी महिला भएकी छन्।

मुलुक लोकतान्त्रिक दिशामा अघि बढिसकेको अवस्थामा नेपाल टेलिभिजनलाई पनि सुधार गर्नुपर्ने खाँचो औंल्याउँछिन् बेञ्जु। उनी भन्छिन्, 'नेपाल टेलिभिजन सुधार होस् भन्ने आम अपेक्षा छ। त्यसका लागि सक्दो काम गर्नेछु।' विगतमा दल र दरबारले आफ्नो शासनकालमा टेलिभिजनलाई भजन मण्डलीको थलो बनाएका थिए। त्यसैले टेलिभिजनप्रति आम जनताको विश्वसनीय छवि नभएको अवस्थामा टेलिभिजनलाई व्यावसायिकरुपमा अघि बढाउनु महत्त्वपूर्ण कुरा हो।

प्रसिद्ध साहित्यकार भीमनिधि तिवारीकी छोरी बेञ्जुको स्थापित क्षेत्र त एउटा व्यवस्थापक र प्रशासकभन्दा पनि साहित्यकार नै हो। नातावाद र कृपावादको भरमा जागिरमा भर्ती भएका अहिलेको जनशक्तिबाट टेलिभिजनलाई स्तरीयरुपमा अघि बढाउन पक्कै सजिलो छैन, हेरौं बेञ्जुले आगामी दिनमा कसरी चुनौती फत्ते गर्लिन्। ■




हरेक शुक्रबार
समयको बार
भृकुटी प्रकाशन प्रा. लि.
BHRIKUTI PUBLICATION (P) LTD.
P.O. Box: 1452, Lazimpart, Kathmandu, Nepal. Tel: 4443888, Fax: 4411912



युवराज घिमिरे

# सरकारको निरीहता माओवादीको शक्ति बनिरहन सक्तैन

**सरकार–माओवादी** वार्ताबाट अपेक्षित समाधान नआउने र आफ्नो राजनीतिक एजेन्डा स्थापित गर्न अब 'तेस्रो जनआन्दोलन' परिचालन गर्नुपर्ने मान्यता माओवादी नेता बाबुराम भट्टराईले अगाडि सारेका छन्। यसको अर्थ हो अन्तरिम संविधान मस्यौदा समितिले आफूले चाहेको जस्तो संविधान नल्याएमा या अन्तरिम सरकारमा जानुअघि हतियार र लडाकु छुट्याउनै पर्ने अडान सरकारले लिएमा सम्भवतः माओवादी वार्ताबाट अलग्गिनेछन्। तर, त्यसपछि के त ? उनीहरूको प्रस्तावित तेस्रो आन्दोलनको शक्ति के ? जनता वा बन्दुक ? यो प्रश्न भोलि सबभन्दा कडारूपमा नागरिक समाजले सोध्नेछ। किनकि बन्दुकसहितको माओवादीको आह्वानमा गरिने आन्दोलन मुख्यतया माओवादीहरूको मात्र हुनेछ, अन्ततोगत्वा। यद्यपि, त्यो बीचमा प्रजातान्त्रिक राजनीतिक शक्तिहरूको समीकरणमा अल्पकालीन रणनीतिक फेरबदल आउनेछ।

माओवादीले वार्ताको असफलता र नागरिक समाजको अगुवाइमा तेस्रो जनआन्दोलनको सम्भावना देख्नुको पछाडि वर्तमान सरकारमा देखापरेका निरीहता, द्विविधा र द्वन्द्वलाई आफ्नो तात्कालिक राजनीतिक लाभमा परिणत गर्ने माओवादी गणनाले मुख्य भूमिका खेलेको छ। तर, त्यो खेलमा अनेक दुर्घटनाहरू हुन सक्छन्। त्यसले दुर्भाग्यवश नागरिक समाजलाई विभाजित गर्न सक्छ। त्यसले पुनः एकपल्ट माओवादी नेतृत्वको विश्वसनीयतालाई प्रश्नको घेरामा ल्याउन सक्छ। र, अत्यधिक बहुसंख्यामा रहेका शान्तिपक्षीय नेपाली जनता तथा अन्तर्राष्ट्रियजगत् फेरि माओवादीको शान्तिप्रतिको प्रतिबद्धताबारे संशकित हुनेछन्।

सरकारको निरीहताका उदाहरणहरू के हुन् ? त्यसले वार्तालाई प्रतिकूलरुपमा प्रभावित गरेको छ र ? यी अहं प्रश्न हुन्। तर, दुइटा उदाहरण नै पर्याप्त हुनेछन्, यसलाई पुष्टि गर्न। काभ्रेमा सांस्कृतिक विचलनको आरोपमा स्थानीय माओवादीद्वारा सताइएका एक जोडी युवा-युवती प्रहरीको शरणमा आइसकेपछि तिनीहरूलाई सुरक्षा र संरक्षण दिनुको साटो माओवादीलाई नै बुझाएर गृहमन्त्री तथा सरकारी वार्ताटोलीका प्रमुख कृष्ण सिटौलाको नेतृत्वमा रहेको 'प्रहरी संगठन'ले आफ्नो चरित्र र अस्तित्वहीनताको प्रमाण पेस गरेको छ। सिटौलाको छलछाम तथा अपारदर्शी कार्यशैलीका कारण स्थापित प्रहरी (जनपद र सशस्त्र) अहिले कानुन व्यवस्था कायम गर्नुभन्दा बढी आफूलाई 'लोकतन्त्रवादी' सावित गर्नमा जुटेका छन्। उता तल्लो तहका प्रहरी, खासगरी जनपदमा नियमित 'प्रमोसन'बाट समेत वञ्चित हुँदा विद्रोहको मुडमा छन्। नातावाद, कृपावाद र सम्भवतः अन्य गैर व्यवसायिक पक्षबाट प्रभावित भएर ठूलो संख्यामा सरुवा गरिएको छ। सरकारको वैधानिक आधिकारिताको अंग मानिने प्रहरी संस्थाको संचालनको यो प्रक्रिया एकातिर र अर्कोतिर माओवादीलाई प्रधानमन्त्री निवासमा त्यहाँको कानुन व्यवस्था हातमा लिने छुट दिएपछि, प्रधानमन्त्रीले आफ्नै गृहमन्त्रीलाई सोध्नुपरेको थियो, 'तिमी सरकारको मन्त्री कि माओवादीको ?' वार्ताटोलीको नेताका रुपमा माओवादीलाई वार्ता सफलताका लागि सरकारका तर्फबाट आश्वस्त गर्नु उनको कर्तव्य हो। तर, प्रधानमन्त्रीको समेत विश्वास गुमाइसकेको अवस्थामा गृहमन्त्रीका रुपमा उनको निरन्तरताले वार्ता प्रक्रिया अगाडि बढ्न सक्तैन। प्रहरी संगठनलाई जमिनदार जसरी चलाउने र राज्यको प्राथमिक दायित्व या कानुन व्यवस्थामा प्रतिकूल असर पार्ने छुट उनलाई हुँदैन। त्यो संसद्प्रतिको जिम्मेवारी र जवाफदेहिताको सिद्धान्त प्रतिकूल आचरण पनि हो उनको।

दुर्भाग्य, उनले कृष्णजंग रायमाझी आयोगको 'मर्यादा र बाध्यता' तथा मौनतालाई पनि आफ्नो निहित स्वार्थका लागि दुरुपयोग गरिरहेका छन्। सशस्त्रको ऐन संशोधन गरी 'आयोगको छानबिन जारी रहेको आधारमा' एआइजी रविराज थापाको निलम्बन अवधि थप गर्नु र आयोगकै छानबिनमा रहेका वर्तमान प्रमुख तथा भ्याली डिआइजीलाई संरक्षण प्रदान गर्नुका पछाडि उनको निजी स्वार्थबाहेक अरू केही देखिँदैन। निजी स्वार्थमा लिप्त व्यक्तिले अनेक सम्झौता गर्नुपर्ने हुन्छ। र, सरकारी वार्ताको नेतृत्व गर्ने व्यक्ति नैतिकरुपमा त्यति कमजोर बन्न मिल्दैन।

यो सँगसँगै मुलुकमा अहिले सिर्जित पेट्रोलियम पदार्थको कृत्रिम अभाव, विकास कार्यहरूले प्राथमिकता नपाउनु आदिले सरकारविरुद्ध आक्रोशलाई संगठित हुने अवसर तथा एक किसिमको वैधानिकता दिनेछन्। तर, हतियारमाथिको निर्भरता जारी रहेसम्म माओवादीले त्यो संगठित आक्रोशको नेतृत्व गर्न सक्तैनन्।

अर्को सहमतिका आधारमा संयुक्त राष्ट्रसंघलाई आमन्त्रित गरिसकेको अवस्थामा र ऊ हतियार सेना व्यवस्थापन, मानवअधिकार अनुगमन र संविधानसभा निर्वाचन पर्यवेक्षणका लागि आउने तयारीमा रहेका बेला वार्ताबाट अलग हुने सम्भावना माओवादीले व्यक्त गर्नुले उसको द्विविधा पनि दर्शाउँछ, शान्ति प्रक्रियाबारे। सरकारका घटकहरूबीच समन्वय र विश्वासको अभावका कारण माओवादीसमक्ष दरिलो किसिमले सरकारले आफूलाई प्रस्तुत गर्न असफल भएको हुनसक्छ। तर, राष्ट्रसंघको उपस्थितिपछि त्यो परिस्थिति नरहन सक्छ। माओवादी र राज्यका तर्फबाट भएका मानवअधिकार उल्लंघन र गैरन्यायिक हत्यासम्बन्धी घटनाहरूको छानबिन पनि राष्ट्रसंघ मातहत पर्ने अवस्थामा वार्तालाई कसरी अगाडि बढाउने ? त्यो भोलि सरकार र माओवादीले मिलेर तय गर्नुपर्ने कुरा हो। दुवै पक्षलाई त्यतातर्फ डोऱ्याउन नैतिक दबाब दिनुपर्ने नागरिक समाजले आफ्नो अग्र सक्रियताको जोसमा निष्पक्ष चरित्र गुमाएमा न नागरिक समाजको अस्तित्व सुनिश्चित हुन्छ, न त वार्ताको सफलता नै।

अन्तरिम संविधानले दीर्घकालीन महत्त्वका राजनीतिक प्रावधान वा निर्णयको व्यवस्था गर्न सक्तैन। नखोसिने लोकतन्त्रतर्फको संक्रमणको खाका कोर्नु उसको दायित्व हो। तर, भोलिको व्यवस्थामा राजा 'सेरोमोनियल' अवतारमै रहे पनि राजनीतिक रुपमा सुनिश्चित गरिनुपर्ने कुरा हो- फौजदारी मामिला र भ्रष्टाचारमा राष्ट्राध्यक्षले समेत उन्मुक्ति पाउनु हुँदैन र महाभियोगबाट उनलाई हटाइने व्यवस्था हुनुपर्छ। गैरसंवैधानिक तथा गैर प्रजातान्त्रिक राजनीतिक महत्त्वाकांक्षा र आर्थिक मामिलामा अत्यन्त लोभका कारण राजा ज्ञानेन्द्र राजसंस्थाबाट अपेक्षित गुण प्रदर्शन गर्न असफल भएका छन्। तर, उक्त संस्थाको अन्तिम थन्को जनताको व्यापक विवेक र मत प्रयोगका आधारमा गरिनुपर्छ।

त्यसअघि सरकार र माओवादी वार्ताबाट या बाह्र बुँदे समझदारी र आठबुँदे सहमतिबाट नभागून् भनी सुनिश्चित गर्ने कसले ? नागरिक समाज तटस्थ र जनमुखी भएमा तथा अन्य निहित स्वार्थबाट प्रभावित नभएमा उसले यो भूमिका लिन सक्छ। तर, पुनःस्थापित प्रतिनिधिसभा विघटन या संविधानसभा निर्वाचनको मिति तोक्न सरकारलाई दबाब दिएर मात्र उसले यो भूमिका इमानदारपूर्वक अगाडि बढाएको भन्न मिल्दैन। ऊ असफल भएमा विभिन्न स्वार्थ बोकेका विदेशी शक्तिहरूको भूमिका बढ्नेछ। त्यसको दोष सरकार र माओवादीजस्तै उसको पनि हुनेछ। नागरिक समाजले अहिले ऊसँग जोडिन आएका विभिन्न एजेन्डा र त्यो एजेन्डालाई प्रभावित गर्ने आर्थिक स्रोत तथा शक्तिलाई 'फिल्टर' पनि गर्नुपर्ने हुन्छ। नागरिक समाज अपारदर्शीरुपमा विभिन्न शक्तिहरूको 'संगम' बन्न सक्तैन। त्यो सुनिश्चित भएमा मात्र उसले एउटा नैतिक आन्दोलन या दबाबकर्ताको भूमिका खेल्न सक्छ।

तर त्यो सँगसँगै सरकार र माओवादी पक्षमा पूर्व सहमति र आचारसंहितालाई पूरा गर्ने इमानदारी त हुनै पर्छ, उनीहरूको नेतृत्व वर्गले आधिकारिक हैसियतबाट वार्ता प्रक्रियालाई अगाडि बढाएको देखिनु पनि पर्छ। यस सन्दर्भमा सबभन्दा पहिले वार्ताबाट नहट्ने प्रतिबद्धता माओवादीबाट आउनु आवश्यक भएको छ किनकि 'तेस्रो आन्दोलन'को घोषणाले संसदीय पक्षलाई थकाउने र विभाजित गर्ने अनि सत्ता हत्याउने अभियानमा माओवादी जुटेको सन्देश गएको छ। ■